१. थुनुवा एवं कैदीको अधिकारका विषयमा कस्तो मान्यता रहेको छ ?

- थुनुवा एवं कैदीले थुनुवा एवं कैदीको हैसियतमा प्राप्त गर्ने अधिकारका अतिरिक्त थुना एवं कैदको अवस्था प्रभावित नहुने गरी अन्य नागरिक एवं व्यक्तिसरह संवैधानिक एवं कानूनी हकको उपयोग गर्न पाउँछन् ।

२. थुनुवा भन्नाले कसलाई बुझाउँछ ?

- थुनुवा भन्नाले अपराधको तहकिकात, जाँचबुझ वा पुर्पक्षका लागि अदालत, प्रहरी वा अन्य अधिकारीको हिरासतमा रहेको व्यक्तिलाई जनाउँदछ ।

३. कैदी भन्नाले कसलाई बुझाउँछ ?

- कैदी भन्नाले न्यायिक वा अर्धन्यायिक निकायले गरेको फैसला अनुसार सजाय पाई कारागारमा रहेको व्यक्तिलाई जनाउँछ ।

४. थुनुवा एवं कैदीको अधिकार भन्नाले के बुझिन्छ?

- थुनुवा वा कैदीको अधिकार भन्नाले थुना वा कैदमा बसेको अवस्थामा उपयोग गर्न पाउने अधिकार भन्ने बुझिन्छ ।

५. अनुसन्धान एवं तहकिकातको सिलसिलामा हिरासतमा रहेका थुनुवाहरूलाई के कस्ता अधिकारहरू प्राप्त हुन्छन् ?

- पक्राउ गर्दा पक्राउ गर्नुपर्ने कारणसहितको पक्राउ पुर्जी पाउने,
- थुनामा राख्दा थुनामा राख्नुपर्ने कारणसहितको थुनुवापुर्जी पाउने,
- पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित हुन पाउने र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएको व्यक्तिले थुनामा बस्नु नपर्ने,
- पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानून व्यवसायीद्वारा पुर्पक्ष गर्ने,
- कानून व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहने,
- कानूनबमोजिम निःशुल्क कानूनी सहायता पाउने,
- आफ्नाविरूद्ध गरिएको कारबाहीको जानकारी पाउने,
- तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरेबापत सजायभागी हुनु नपर्ने,
- कसूर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय भोग्नु नपर्ने,
- एकै कसूरमा एक पटकभन्दा बढी मुद्दा नचलाइने र सजाय नहुने,
- स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइ हुने,
- आफ्नोविरूद्ध साक्षी हुन बाध्य हुनु नपर्ने,
- दोभाषेको सुविधा पाउने,

- स्वास्थ्य परीक्षण गराउन पाउने,
- यातना भोग्नु नपर्ने,
- आफन्तसँग भेटघाट गर्न पाउने,
- कसूर प्रमाणित नभएसम्म दोषी नमानिने,
- मानवोचित व्यवहार पाउने ।

६. पुर्पक्षका लागि थुनामा रहेका थुनुवालाई न्यायिक प्रक्रियामा प्राप्त हुने अधिकारहरू के के हुन् ?

- कसूरदार नठहरिएसम्म दोषी नमानिने,
- थुनुवापुर्जी प्राप्त गर्ने,
- दोभाषेको सुविधा पाउने,
- सुनुवाइमा सहभागी हुन पाउने,
- आफ्नो प्रमाण पेस गर्न पाउने,
- आफूलाई पोल गर्ने सहअभियुक्तलाई पनि जिरह गर्न पाउने,
- आफू विरूद्धका प्रमाणको खण्डन गर्ने,
- कानूनी परामर्श र प्रतिनिधित्व प्राप्त गर्ने,
- मुद्दाको छिटो सुनुवाइ गराई पाउने,
- फैसलाको जानकारी पाउने,
- पुनरावेदन गर्न पाउने ।

७. हिरासतमा एवं कारागारमा रहेका थुनुवाहरूको न्यायसम्बन्धी हक उल्लङ्घन भएको खण्डमा उपचारको कस्तो व्यवस्था रहेको छ ?

- हिरासतमा एवं कारागारमा रहेका थुनुवाहरूले न्याय सम्बन्धी हक उल्लङ्घन भएको वा बन्देज भएको अवस्थामा अदालतबाट उपचार प्राप्त गर्न सक्छन् ।

८. कारागारमा रहेका थुनुवा एवं कैदीलाई कस्ता अधिकार र सुविधाको व्यवस्था गरिएको छ?

- थुनुवा वा कैदी पुर्जी पाउने,
- सामान्य अवस्थाका थुनुवा वा कैदीले कारागारभित्र नेल हतकडी लगाउनु नपर्ने,
- थुनुवा वा कैदीको आश्रित नाबालकको सम्पूर्ण हेरविचार, शिक्षा, दिक्षा र लालन पालन सरकारी खर्चमा गरिने,
- सिधा खर्च र लुगा पाउने,
- इच्छा विरूद्ध काम गर्नु नपर्ने,
- बिरामी भएमा स्वास्थ्य उपचार पाउने,
- जन्मकैदको सजाय पाएको वा त्यस्तो अपराधको अभियोग लागेको गर्भवती

महिलाबाहेक अरू गर्भवती महिलाले ६ महिनाको गर्भ पुगेपछि बालक जन्मेको २ महिनासम्मका लागि हाँजिर जमानीमा छुट्न पाउने र यसरी बाहिर रहेको अवधि निजलाई हुने कैदको अवधिमा कट्टा गरिने,

- ❖ भेटघाट र पत्र व्यवहार गर्ने पाउने,
- ❖ कानूनी सल्लाहकारलाई भेट गर्न पाउने,
- ❖ थुना वा कैदको म्याद पुगेपछि र छोड्न आदेश भएका थुनुवा वा कैदीले सो भएको चौबिस घण्टाभित्र थुना वा कैद मुक्त हुन पाउने,
- ❖ थुनुवा वा कैदीले कुनै अड्डा अदालतमा दिनुपर्ने फिरादपत्र, प्रतिउत्तरपत्र, पुनरावेदनपत्र, दरखास्त जनाउ इत्यादि सो अड्डा वा अदालतमा आफू थुनिए वा कैद परेको कारागार कार्यालयमा दाखिल गर्न पाउने,
- ❖ थुनुवा वा कैदीका विरूद्ध परेको मुद्दामा थुना वा कैद परेको कारणले निज अदालतमा हाजिर हुन नसकेमा पनि निजको तारेख गुज्रेको नमानिने ।

९. कारागारमा रहेका थुनुवा एवं कैदीले के कस्ता लुगा सुविधा प्राप्त गर्छन् ?

- ❖ पुरूषले जाडो समयमा कुर्था एक र सुरूवाल एक तथा गर्मी समयमा कट्टु एक र बुसर्ट एक समेत गरी जम्मा वर्षको दुई पटक,
- ❖ महिलालाई दश हाते धोती र चोलो एकका दरले वर्षको दुई पटक,
- ❖ आश्रित बालक बालिकालाई कमिज १, सुरूवाल १ वा घाँघर १, सुरूवाल १ का दरले वर्षको दुई पटक र सूती कपडाको कोट एक गलबन्दी एक र टोपी एक वर्षको एक पटक,
- ❖ सुत्नलाई पाखी वा काम्लो पाखीको सट्टा सिरक डसना र तन्ना वा च्यादर हरेक २ वर्षमा एकपटक,
- ❖ सुकुल हरेक ३ वर्षमा एकपटक ।

१०. कारागारमा रहेका थुनुवा एवं कैदीले के कस्तो सिधा पाउँछन् ?

- ❖ थुनुवा वा कैदीले प्रतिदिन मोटो चामल ७०० ग्राम र साठी रूपैयाँ तथा चाडपर्वबापत खर्च प्रत्येक वर्ष एकमुष्ठ तीनसय रूपैयाँ,
- ❖ आश्रीत नाबालकले उमेर समूहअनुसार सिधा पाउने,
- ❖ थुनुवा कैदीले पाउने सिधाका अतिरिक्त सुत्केरीले सुत्केरी हुनुभन्दा तीस दिनअघि देखि सुत्केरी भएको मितिले साठी दिनसम्म निम्न सिधा र सामान थप पाउँछः-
  - मसिनो चामल प्रतिदिन सातसय ग्राम,
  - घ्यू प्रतिदिन एकसय ग्राम,
  - खाने तेल प्रतिदिन एकसय मिलिलिटर,
  - ज्वानो प्रतिदिन पचास ग्राम,
  - कोरा कपडा एक सुत्केरी अवधिको लागि दश मिटर,

  - साधारण राडी एक सुत्केरी अवधिको लागि एक थान,
  - एक सुत्केरी अवधिको लागि नगद एकहजार रूपैयाँ ।

११. कारागारमा रहेका थुनुवा एवं कैदीलाई भेटघाट र पत्रव्यवहारसम्बन्धी कस्तो सुविधा प्राप्त हुन्छ?

- ❖ कार्यालयको समयमा जेलरको रेखदेखमा हप्ताको दुई पटक आफ्ना नातेदार र मित्रहरूसँग भेटघाट गर्न पाउने,
- ❖ जेलरले सेंसर गरी पास गरेको प्रत्येक चिठी लिन र एक हप्तामा दुईवटासम्म चिठी जेलरद्वारा सेंसर गरी पठाउन सक्ने,
- ❖ नेपाल सरकारबाट इजाजत प्राप्त वा अनुमति दिइएका अखबार, म्याग्जिन तथा किताबहरू लिन पाउने,
- ❖ जेलर वा निजले तोकेको कर्मचारी वा सुरक्षाकर्मीको रोहवरमा आफ्नो परिवारसँग टेलिफोन वा अन्य सञ्चार सम्पर्क गर्ने सुविधा पाउन सक्ने ।

१२. कारागारमा रहेका कैदी बन्दीको सम्बन्धमा प्रजनन स्वास्थ्यसम्बन्धी के कस्तो सिद्धान्त प्रतिपादन भएको छ?

- ❖ राज्यले अपराध गर्ने व्यक्तिलाई सजाय गर्न सक्दछ, तर प्रजननसम्बन्धी हकमा संविधानले नै प्रतिबन्धात्मक वाक्यांश नराखी **Restrict** गर्नसक्ने व्यवस्था नगरेको हुँदा राज्यलाई नै पनि नागरिकको प्रजननसम्बन्धी हक हनन् गर्ने अधिकार नहुने । पतिपत्नी भन्ने विवाह दर्ता र नागरिकताको प्रमाणपत्रबाट प्रमाणित भएमा पति पत्नी भन्ने प्रमाणित वैध दम्पत्तिलाई पति कैदमा भए पत्नीलाई र पत्नी कैदमा भए पतिलाई पारिवारिक भेटको सुविधा दिनुपर्ने । (ने.का.प. २०६८, अङ्क ६ निर्णय नं.८६३१)

१३. कारागारमा रहेका थुनुवा एवं कैदीलाई शिक्षा, स्वास्थ्य, मनोरन्जन, रोजगार र धर्मको अभ्यास सम्बन्धी कस्तो व्यवस्था गरिएको छ ?

- ❖ कारागारमा थुनिएका केटाकेटीहरू र व्यक्तिको आवश्यकता अनुसार प्राथमिक, मिडिल र प्रौढ स्कुलको व्यवस्था र सो स्कुललाई चाहिने आवश्यकीय सहायताको प्रबन्ध गर्ने,
- ❖ थुनुवा वा कैदीहरूको समय सदुपयोग गर्नका लागि नेपाल सरकारले तोकिदिएको कारागारमा पुस्तकालय र रेडियो श्रवणकेन्द्र समेत राखिने,
- ❖ स्वास्थ्यको हेरिवचार गर्ने, कारागार भित्र कैदी वा थुनुवा रहेका ठाउंमा सरसफाई गर्ने, कारागार सुंहाउदो विभिन्न किसिमको मनोरञ्जन खेलकुदको प्रबन्ध गर्ने,
- ❖ कैदी वा थुनुवाहरू बिरामी भएमा डाक्टरसँग जँचाउने, समयमा नै औषधी उपचार गराउनु पर्ने,

- कडा रोग लागेका कैदी थुनुवालाई समयमा नै जँचाउने, इलाज गराउने पौष्टिक आहारको प्रबन्ध गर्ने र अस्पताल भर्ना गर्न उचित प्रबन्ध मिलाउनु पर्ने,
- कारागारभित्र रहेका कैदीहरूको समयको सदुपयोग गराउन र स्वावलम्बी बनाउनको लागि नेपाल सरकारले घरेलु इलमसम्बन्धी कारखाना खोल्न सक्ने,
- कारखानामा काममा लगाउन सक्ने,
- कानूनको अधीनमा रही आफ्नो कुलाचार, धर्मको अभ्यास गर्न पाउने ।

१४. कैदको सजाय छोट्याउने सम्बन्धमा कस्तो व्यवस्था रहेको छ ?

- जिउ मास्ने बेच्ने, जबरजस्ती करणी, कैदबाट भागे भगाएको, भन्सार चोरी निकासी पैठारी, लागू औषधिको कारोवार, भ्रष्टाचार सम्बन्धी, जासूसीसम्बन्धी, संरक्षित वन्यजन्तु सम्बन्धी र पुरातात्विक वस्तुसम्बन्धी मुद्दामा कैद सजाय पाएको व्यक्तिको कैद सजाय जेष्ठ नागरिकबाहेक अन्य व्यक्तिको हकमा छोट्याउन नमिल्ने सोबाहेक अन्य मुद्दामा सजाय पाएका असल चालन भएका कैदीलाई तोकिएको कैदको सजायमा बढीमा पचास प्रतिशतसम्म कैदको सजाय छोट्याउन सकिने,
- पैंसट्ठी वर्ष उमेर पूरा भई सत्तरी वर्ष ननाघेका जेष्ठ नागरिकलाई पच्चिस प्रतिशतसम्म,
- सत्तरी वर्ष उमेर पूरा भई पचहत्तर वर्ष ननाघेका जेष्ठ नागरिकलाई पचास प्रतिशतसम्म,
- पचहत्तर वर्ष उमेर पूरा भएका जेष्ठ नागरिकलाई पचहत्तर प्रतिशतसम्म,
- कैद सजाय पाएको जेष्ठ नागरिक वा पचहत्तर वर्ष उमेर पूरा गरेको जेष्ठ नागरिकलाई अदालतले कसूरको गाम्भीर्यता हेरी कारागारमा नराखी हेरचाह केन्द्रमा राख्न आदेश दिन सक्ने,
- दुवै आँखा नदेख्ने वा दुवै खुट्टा नचल्ने वा अंगभंग भई ओछ्यान परी निको नहुने अवस्थामा पुगेको भनी सरकारी चिकित्सकले सिफारिस गरेका कैदीको हकमा बाँकी कैदको सजाय छोट्याउन सकिने ।

१५. कैदको सजाय कसरी छोट्याइन्छ ?

- जेलरले असल चाल चलन भएका कैदीलाई तोकिएको कैदको सजाय छोट्याउन आवश्यक देखेमा आफ्नो रायसाथ प्रमुख जिल्ला अधिकारीसमक्ष पेस गर्छ,
- जेलरले पेस गरेको रायमाथि विचार गरी उपयुक्त देखेमा प्रमुख जिल्ला अधिकारीले आफ्नो रायसाथ कारागार व्यवस्थापन विभागमा पठाउँछ,
- कारागार व्यवस्थापन विभागले आफ्नो रायसाथ निर्णयका लागि गृह मन्त्रालयमा पठाउँछ,
- गृह मन्त्रालयले उपयुक्त देखेमा कैदको सजाय छोट्याउने निर्णय गरी निर्णय कार्यान्वयनको लागि सम्बन्धित जेलरलाई लेखी पठाउँछ,

- गृह मन्त्रालयबाट कैदको सजाय छोट्याउने निकासा प्राप्त भएपछि जेलरले कैदको लगत कट्टा गरी कैदीलाई छोडी दिन्छ ।

१६. थुनुवा एवं कैदीको अधिकार प्रचलनका लागि कारागार ऐन र नियमावलीमा कस्तो व्यवस्था गरिएको छ ?

- कारागार ऐन र नियमावलीबमोजिमको अधिकार र सुविधा प्राप्त नभएको व्यहोरा थुनुवा वा कैदीले कारागारको प्रमुख (जेलर), प्रमुख जिल्ला अधिकारी र निरीक्षण गर्ने निकाय एवं अधिकारीसमक्ष राख्न पाउने,
- प्रमुख जिल्ला अधिकारीले कानूनको बर्खिलाप भएको वा कानूनबमोजिम गर्नुपर्ने कुरा नगरेको देखेमा कानूनबमोजिम काम कारवाही गर्ने र गर्न लगाउने,
- उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशले कारागारको निरीक्षण गर्दा कुनै व्यक्तिलाई ठेकिएको कैदभन्दा बढी अवधि कैदमा रहेको वा प्रचलित कानूनले थुन्न पाउनेभन्दा बढी अवधि थुनामा परेको देखेमा त्यस्तो कैदी वा थुनुवालाई तुरून्त छाडीदिन आदेश दिन सक्ने,
- उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशले कारागार निरीक्षण गर्दा कारागार ऐन, २०१९ बमोजिम नभएको वा नगरेको अन्य कुरासमेत देखेमा सो कुराको प्रतिवेदन सर्वोच्च अदालत र नेपाल सरकार गृह मन्त्रालयमा प्रतिवेदन पठाउने ।

१७. कैद भोगिरहेका ज्येष्ठ नागरिकलाई सजाय छुट दिन सकिने सम्बन्धमा ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ ले कस्तो व्यवस्था गरेको छ ?

- पैंसट्ठी वर्ष उमेर पूरा भई सत्तरी वर्ष ननाघेको ज्येष्ठ नागरिकलाई पच्चीस प्रतिशतसम्म,
- सत्तरी वर्ष उमेर पूरा भई पचहत्तर वर्ष ननाघेको ज्येष्ठ नागरिकलाई पचास प्रतिशतसम्म,
- पचहत्तर वर्ष उमेर पूरा भएका ज्येष्ठ नागरिकलाई पचहत्तर प्रतिशतसम्म ।

१८. कैदीलाई कस्तो अवस्थामा कारागारले कारागारबाट बाहिर जान अनुमति दिन सक्छ?

- नजिकको नातेदार बिरामी भएमा सोही दिन फर्केर आउने गरी त्यस्तो बिरामीलाई भेट्न,
- आफैंले सदगत वा काजक्रिया गर्नु पर्ने नातेदारको मृत्यु भएमा तोकिएको दिन फर्कने गरी सदगत वा काज क्रिया गर्न ।

१९. कैदीलाई कस्तो अवस्थामा अस्पताल वा यस्तै अन्य स्थानमा राख्नु पर्ने व्यवस्था छ?

- फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ बमोजिम कैदको सजाय पाएको कुनै कसूरदारको होस ठेगान नरहेमा त्यस्तो कसूरदारलाई कारागारले अस्पताल वा यस्तै अन्य चिकित्सा केन्द्रमा राख्नुपर्छ,
- अस्पताल वा चिकित्सा केन्द्रमा राखिएको अवधिभरलाई निजले कैद भुक्तान गरेको अवधि मानिन्छ ।

२०. कारागार निरीक्षण र जाँच गर्ने निकायहरू कुन कुन हुन्?

- राष्ट्रिय मानव अधिकार आयोग,
- उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीश,
- महान्यायाधिवक्ताको कार्यालय,
- कारागार व्यवस्थापन विभाग,
- सम्बन्धित प्रमुख जिल्ला अधिकारी ।

२१. थुनुवा एवं कैदीले कानूनी सहायताको लागि कहाँ सम्पर्क गर्ने ?

- कानूनी सहायता समिति,
- वैतनिक वकिलको लागि सम्बन्धित अदालत ।

२२. थुनुवा एवं कैदीको अधिकारसँग सम्बन्धित कानूनहरू के के छन् ?

- नेपालको संविधान
- कारागार ऐन, २०१९
- जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३
- मुलुकी अपराध संहिता, २०७४
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४
- कसूर सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४
- कारागार नियमावली, २०२०

सम्पर्क ठेगाना:

सर्वोच्च अदालत
न्यायमा पहुँच आयोग
रामशाहपथ, काठमाडौं नेपाल ।

फोन नं. : ०१-४२००७५५, ०१-४२००७२९
ईमेल : a2jc@supremecourt.gov.np
वेभसाइट : www.supremecourt.gov.np

थुनुवा एवं कैदीको अधिकारसम्बन्धी जानकारी पुस्तिका

सर्वोच्च अदालत
न्यायमा पहुँच आयोग
रामशाहपथ, काठमाडौं
२०७६

१. **कस्ता व्यक्तिलाई अपाङ्गता भएका व्यक्ति भनिन्छ ?**

❖ शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रियसम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता (फङ्सनल इन्पोरिमेन्ट) वा विद्यमान अवरोधको कारण अन्य व्यक्तिसरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति ।

२. **कस्ता व्यक्तिलाई अपाङ्गता भएका असहाय व्यक्ति भनिन्छ ?**

❖ आफ्नो सम्पत्ति नभएका, स्याहार सुसार गर्ने परिवारका सदस्य वा संरक्षक नभएका वा आफैँ रोजगार गरी जीवनयापन गर्न नसक्ने अपाङ्गता भएका व्यक्ति ।

३. **अपाङ्गताको प्रकार कसरी छुट्याइएको छ ?**

❖ शारीरिक अङ्ग वा प्रणालीमा भएको समस्या तथा कठिनाइको आधारमा अपाङ्गता भएका व्यक्तिः
- ⌘ शारीरिक अपाङ्गता
- ⌘ दृष्टिसम्बन्धी अपाङ्गता
  - ● दृष्टिविहीनता
  - ● न्यूनदृष्टियुक्त
  - ● पूर्ण दृष्टिविहीन

❖ सुनाइसम्बन्धी अपाङ्गता
  - ● बहिरा
  - ● सुस्तश्रवण

❖ श्रवण दृष्टिविहीन अपाङ्गता
❖ स्वर र बोलाइसम्बन्धी अपाङ्गता
❖ मानसिक वा मनोसामाजिक अपाङ्गता
❖ बौद्धिक अपाङ्गता
❖ अनुवंशीय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गता
❖ अटिज्मसम्बन्धी अपाङ्गता
❖ बहुअपाङ्गता

४. **अशक्तताको गम्भीरताका आधारमा अपाङ्गताको वर्गीकरण कसरी गरिएको छ?**

❖ पूर्ण अशक्त अपाङ्गता
❖ अति अशक्त अपाङ्गता
❖ मध्यम अपाङ्गता
❖ सामान्य अपाङ्गता

५. **स्थानीय निकायबाट के-कति प्रकारका अपाङ्गताको परिचयपत्र वितरण गरिन्छ ?**

❖ पूर्ण अशक्त अपाङ्गता
❖ अति अशक्त अपाङ्गता
❖ मध्यम अपाङ्गता
❖ सामान्य अपाङ्गता

६. **अपाङ्गता भएका व्यक्तिका के-कस्ता संवैधानिक हकहरु रहेका छन् ?**

❖ सम्मानपूर्वक बाँच्न पाइने हक,
❖ कानूनको दृष्टिमा समान हुने, कानूनको समान संरक्षणबाट वञ्चित नगरिने हक,
❖ सामान्य कानूनको प्रयोगमा शारीरिक अवस्था वा अपाङ्गतालगायतका आधारमा भेदभाव नगरिने हक,
❖ अपाङ्गता भएका व्यक्तिको संरक्षण, सशक्तीकरण तथा विकासका लागि कानूनबमोजिम विशेष व्यवस्था गर्न सकिने हक,
❖ अपाङ्गता भएका व्यक्तिलाई समावेशी, समानुपातिक सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक,
❖ अपाङ्गता भएका व्यक्तिलाई मर्यादित र आत्म-सम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक,
❖ अपाङ्गता भएका व्यक्तिलाई कानूनबमोजिम सामाजिक सुरक्षाको हक,
❖ जनआन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा अपाङ्गता भएका व्यक्तिलाई न्याय एवं उचित सम्मानसहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानूनबमोजिम प्राथमिकताका साथ अवसर पाउने हक ।

७. **अपाङ्गता भएका व्यक्तिको सम्बन्धमा कानूनले के कस्तो अधिकारको व्यवस्था गरेको छ ?**

❖ भेदभाव विरूद्धको अधिकार,
❖ सामुदायिक जीवनको अधिकार,
❖ संरक्षकको अधिकार,
❖ राजनीतिक सहभागिताको अधिकार,
❖ नीति निर्माणमा सहभागिताको अधिकार,
❖ संस्था खोल्ने अधिकार,
❖ सांस्कृतिक जीवनमा सहभागी हुने अधिकार,
❖ सेवा, सुविधा तथा न्यायमा पहुँचको अधिकार,
❖ सामाजिक सुरक्षाको अधिकार,
❖ सूचना तथा जानकारीको अधिकार,
❖ आवात जावतको अधिकार ।

८. अपाङ्गता भएका बालबालिकाको थप अधिकार के-के रहेका छन् ?

- ❖ आफ्नो मान, प्रतिष्ठा सुनिश्चित गर्ने, आत्मनिर्भरता प्रवर्द्धन गर्ने, समाजमा सक्रिय रूपले सहभागी हुने तथा सम्मानजनक तवरले जीवन व्यतीत गर्ने अधिकार,
- ❖ समाजमा घुलमिल हुन तथा आफ्नो व्यक्तिगत विकासको लागि शिक्षा, तालिम, स्वास्थ्य स्याहार सेवा, पुनर्स्थापना सेवा, रोजगारीको तयारी तथा मनोरञ्जनका अवसर प्राप्त गर्ने अधिकार,
- ❖ अन्य बालबालिकासरह समान आधारमा निजलाई प्रभाव पर्ने विषयमा आफ्नो धारणा व्यक्त गर्ने अधिकार र उनीहरूका धारणालाई उमेर र परिपक्वता आधारमा उचित सम्मान पाउने अधिकार,
- ❖ निजको सर्वोत्तम हितका लागि अदालतबाट आदेश भएको अवस्थामा बाहेक अपाङ्गता भएका कारणबाट निजको घरपरिवारबाट अलग नगरिदिने अधिकार,
- ❖ नेपाल सरकारले बौद्धिक अपाङ्गता, मानसिक अपाङ्गता, अटिज्म, मस्तिष्क पक्षघात वा श्रवण दृष्टिविहीन अपाङ्गता भएका बालबालिकाका लागि सिकाइ आवश्यकतालाई सम्बोधन गर्न पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षण सिकाइलगायतका विषयमा उपयुक्त व्यवस्था गर्ने अधिकार,

९. अपाङ्गता भएका व्यक्ति विरुद्ध के-कस्ता कार्यहरू गर्न पाइँदैन ?

- ❖ अपाङ्गताको आधारमा मात्र शिक्षा र तालिम दिने वा सांस्कृतिक कार्यक्रम गर्ने कुनै पनि संस्था वा क्लब वा समुदाय वा समारोहमा प्रवेश गर्नबाट रोक्न ।
- ❖ अरूले पाएसरहको राजनैतिक अधिकार तथा आर्थिक र सार्वजनिक सुरक्षा पाउन, रोजगारी पाउन, व्यवसायमा संलग्न हुन तथा मानवोचित सम्मानपूर्ण जीवनयापन गर्न पाउने समेतका अधिकारबाट वञ्चित गर्न ।
- ❖ साधारणतया सरकारी सेवा वा अरू कुनै सार्वजनिक सेवाको नियुक्ति वा बढुवामा अपाङ्गताको आधारमा भेदभाव गर्न ।

१०. अपाङ्गता भएका व्यक्तिको शिक्षा सम्बन्धमा के-कस्ता व्यवस्थाहरू गरिएका छन् ?

- ❖ नेपाल सरकार वा स्थानीय तहबाट सञ्चालित शैक्षिक संस्थाद्वारा निःशुल्क रूपमा उच्च शिक्षा उपलब्ध गराइने,
- ❖ नेपाल सरकारले तोकिदिएबमोजिमका शैक्षिक संस्थाद्वारा निस्शुल्क रूपमा उच्च शिक्षा उपलब्ध गराउने,
- ❖ शैक्षिक संस्थामा निःशुल्क भर्ना लिने,
- ❖ व्यावसायिक तथा प्राविधिक शिक्षा निस्शुल्क रूपमा हुने,
- ❖ शिक्षण संस्थाले आफ्नो संस्थाको अतिरिक्त क्रियाकलाप, शैक्षिक सामग्रीको वितरण र पहुँचमा समान व्यवहार गर्नुपर्ने,
- ❖ शिक्षा हासिल गर्न सहज बनाउन आवश्यकताबमोजिम ब्रेल वा वैकल्पिक लिपि,

साङ्केतिक भाषा, सूचना प्रविधिको साधन र दौँतरीबाट सिक्ने जस्ता एकभन्दा बढी माध्यमबाट शिक्षा दिने व्यवस्था मिलाउने,

- ❖ दृष्टिविहीन, बहिरा, सुस्तश्रवण, श्रवणदृष्टिविहीनलाई उपयुक्त भाषा तरिका, लिपि, पाठ्यक्रम, पाठ्यपुस्तक लगायतका पहुँचयुक्त सूचना प्रविधिको माध्यमबाट तोकिएबमोजिम शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउनुपर्ने,
- ❖ विपन्नता, भौगोलिक विकटता वा अपाङ्गताको गम्भिरता समेतका आधारमा आवास सुविधासहितको शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने,
- ❖ व्यावसायिक तथा प्राविधिक शिक्षा, प्रौढ शिक्षा, व्यवहारिक शिक्षा र आजीवन सिकाइमा पहुँच प्राप्त गर्न सक्षम बनाइने,
- ❖ अपाङ्गताको वर्गीकरणका आधारमा आवश्यकता अनुसार अपाङ्गता भएका विद्यार्थीको परीक्षा तथा मूल्याङ्कन प्रणाली सम्बन्धमा छुट्टै व्यवस्था गर्ने,
- ❖ अपाङ्गतामैत्री शैक्षिक सामग्रीको व्यवस्था गर्नुपर्ने,
- ❖ शिक्षण संस्थाले अपाङ्गता भएका व्यक्तिको पहुँच सुनिश्चित हुनेगरी मन्त्रालयले निर्धारण गरेको मापदण्डबमोजिम विद्यालय भवन तथा अन्य भौतिक संरचनाको निर्माण गर्नुपर्ने,
- ❖ निजी क्षेत्रबाट सञ्चालित शैक्षिक संस्थाले नेपाल सरकारले निर्धारण गरिदिएबमोजिमको संख्यामा अपाङ्गता भएका विद्यार्थीलाई निस्शुल्क अध्ययनको सुविधा उपलब्ध गराउनु पर्ने,
- ❖ छात्रवृत्ति तथा आर्थिक सहयोग उपलब्ध गराउने,
- ❖ अपाङ्गता भएका विद्यार्थीको गुणस्तरीय शिक्षामा पहुँच अभिवृद्धि गर्न विशेष तालिमको व्यवस्था गर्ने तथा शैक्षिक सामाग्री निःशुल्क उपलब्ध गराउने ।

११. अपाङ्गता भएका व्यक्तिको रोजगार सम्बन्धमा के-केस्ता व्यवस्थाहरू छन् ?

- ❖ नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिको सीप अभिवृद्धि गरी व्यवसायिकता विकास तथा स्वरोजगारीको अवस्था सृजना गर्न व्यावसायिक तालिम उपलब्ध गराउने,
- ❖ नेपाल सरकाले विभिन्न पेसा वा व्यवसाय गर्न चाहने अपाङ्गता भएका व्यक्तिलाई निजमा रहेको सीप, क्षमता तथा पेसा, व्यवसायका लागि निजले तयार गरेको प्रस्तावनाका आधारमा तोकिएबमोजिम सहुलियत दरमा ऋण उपलब्ध गराउने,
- ❖ कुनै प्रतिष्ठानले अपाङ्गता भएका व्यक्ति विरूद्ध रोजगारी तथा सोसँग सम्बन्धित कुनै विषयमा भेदभाव गर्न नपाइने,
- ❖ प्रतिष्ठानले अपाङ्गता भएका कामदार वा कर्मचारीका लागि सहज ढङ्गले काम गर्नसक्ने व्यवस्था मिलाउनुपर्ने,
- ❖ कसैले पनि अपाङ्गता भएका कारणले मात्र कुनै व्यक्तिलाई बढुवाको अवसरबाट वञ्चित गर्न वा बढुवा गर्न इन्कार गर्न नपाउने,

❖ प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि रोजगारी दिने निकाय तथा संस्थाले रोजारीका सिलसिलामा अपाङ्गता भएको कामदार तथा कर्मचारीलाई रोजगारबाट हटाउने वा पदबाट घटुवा गर्न नपाइने,

१२. अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य सम्बन्धमा के-कस्ता व्यवस्थाहरू छन् ?

❖ नेपाल सरकारले तोकिएबमोजिमको आयभन्दा कम वार्षिक आय भएका वा तोकिएको रोगको उपचारको लागि सरकारी अस्पतालमा भर्ना भएका अपाङ्गता भएका व्यक्तिलाई निःशुल्क स्वास्थ्य सेवा तथा स्पिच थेरापी, अकोपेसनल थेरापी लगायतका आवश्यक थेरापी सेवा उपलब्ध गराउने व्यवस्था मिलाउने,

❖ नेपाल सरकारले अपाङ्गता भएका कारणले खानुपर्ने औषधि तथा अनुवंशीय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने फ्याक्टर तोकिएका आधारमा निःशुल्क उपलब्ध गराउने,

❖ नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य उपचारको लागि अस्पतालसम्म पहुँचका लागि रहेका अवरोधहरू हटाउन आवश्यक व्यवस्था गर्ने,

❖ अस्पतालका स्वास्थ्यकर्मीले अस्पतालमा उपलब्ध भएसम्मको गुणस्तरीय स्वास्थ्य उपचार सेवा प्राथमिकताका साथ अपाङ्गता भएका व्यक्तिलाई उपलब्ध गराउनुपर्ने,

❖ सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित पच्चीस शय्याभन्दा बढी शय्या भएका अस्पतालमा कम्तीमा दुई शय्या अपाङ्गता भएका व्यक्तिलाई सुरक्षित राख्नुपर्ने,

❖ नेपाल सरकारले निरोध वा निवारण हुनसक्ने अपाङ्गपनको निरोध तथा निवारण गर्न र अपाङ्गपन तुल्याउने कारक तत्वहरू पत्ता लगाई त्यसको निरोध, निवारण, नियन्त्रण, उन्मूलन र उपचार गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने,

❖ नेपाल सरकारले अपाङ्गताबाट सृजना हुने अङ्ग र आङ्गिक कार्यको विचलन न्यूनीकरणका लागि नजिकको अस्पतालबाट उपचार प्रदान गर्न आवश्यक व्यवस्था गर्ने,

१३. अपाङ्गता भएका व्यक्तिको पुनर्स्थापना सम्बन्धमा के-कस्ता व्यवस्थाहरू छन् ?

❖ नेपाल सरकारले पूर्ण अशक्त, अति अशक्त, सहाराविहीन वा बौद्धिक अपाङ्गता भएका र मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई पुनर्स्थापना गर्ने,

❖ अपाङ्गता भएका व्यक्तिलाई उपयुक्त आवासको व्यवस्था गर्न तथा सशक्तीकरण गरी समाजमा पुनर्स्थापना गर्ने प्रयोजनको लागि नेपाल सरकारले आवश्यकताअनुसार पुनर्स्थापना केन्द्र स्थापना गर्नसक्ने,

❖ कुनै संस्थाले तोकिएबमोजिम स्वीकृति लिई पुनर्स्थापना केन्द्र स्थापना र सञ्चालन गर्नसक्ने,

❖ पुनर्स्थापना केन्द्रलाई नेपाल सरकारले तोकिएबमोजिम आर्थिक तथा अन्य सहयोग प्रदान गर्न सक्ने,

❖ पुनर्स्थापना केन्द्रमा हुनुपर्ने भौतिक तथा अन्य पूर्वाधार, व्यवस्थापन र सञ्चालनसम्बन्धी मापदण्ड तथा अनुगमनसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुने ।

१४. अपाङ्गता भएका व्यक्तिको सामाजिक सुरक्षा सम्बन्धमा नेपाल सरकारले के-कस्ता कार्यक्रम ल्याउन सक्नेछ ?

❖ सुरक्षा तथा स्वास्थ्य सेवासहितको सामुदायिक आवास सुविधा विकास गर्न,

❖ असहाय बालबालिका तथा परिवारबाट त्यागिएका अपाङ्गता भएका व्यक्तिको लागि आवासको व्यवस्था गर्न,

❖ जीवन बिमा, स्वास्थ्य बिमा र दुर्घटना बिमा गराउन,

❖ औषधी तथा आवश्यक सहायक सामग्री उपलब्ध गराउन,

❖ तोकिएको आधारमा बेरोजगारी भत्ता, जीवनयापन भत्ता तथा वृद्ध भत्ता उपलब्ध गराउन,

❖ तोकिएको अवस्थाका अपाङ्गता भएका व्यक्तिका सहयोगीको लागि भत्ता उपलब्ध गराउन,

❖ अपाङ्गता भएका व्यक्तिको विकासका लागि सर्वमान्य ढाँचाको विकास तथा प्रयोगमा सहयोग गर्न ।

१५. अपाङ्गता भएका व्यक्तिले के-कति अशक्त वृत्ति पाउँछन् ?

❖ नेपाल सरकारले पूर्ण अपाङ्ग भएका व्यक्तिहरूलाई मासिक रू. १०००।- र आंशिक अपाङ्गता भएका व्यक्तिहरूलाई मासिक रू.३००।- अशक्त वृत्ति दिने गरेको छ ।

१६. अपाङ्गता भएका व्यक्तिहरुले प्रयोग गर्ने सहायक सामग्रीहरू कहाँ उपलब्ध हुन्छन् ?

❖ समुदायमा आधारित पुनस्थापना केन्द्र, विराटनगर

❖ राष्ट्रिय अपाङ्ग कोष भृकुटीमण्डप, काठमाडौं

❖ ग्रिनपाश्चर अस्पताल तथा पुरस्थापना केन्द्र, हरियोखर्क पोखरा

❖ अपाङ्ग सशक्तीकरण एवं सञ्चार केन्द्र (डेक, नेपाल), कोहलपुर, बाँके

❖ नेपाल राष्ट्रिय समाज कल्याण संघ (NNSWA), कञ्चनपुर

१७. अपाङ्गता भएका व्यक्तिको सांस्कृतिक अधिकार तथा मनोरञ्जन सम्बन्धमा नेपाल सरकार तथा स्थानीय निकायले के कस्तो व्यवस्था गर्नेछन् ?

❖ अपाङ्गता भएका व्यक्तिमा रहेको सीप, कला, प्रतिभा तथा साहित्य प्रतिको रूचिको सम्मान र विकासका लागि आवश्यक छात्रवृत्ति, सुविधा तथा सहयोग उपलब्ध गराउने,

❖ सेवा सुविधा तथा पूर्वाधारलाई अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त बनाउन आवश्यक प्रविधि तथा कलाको विकास गर्ने,

❖ अपाङ्गता भएका व्यक्तिलाई सेवा उपलब्ध गराउने मनोरञ्जन केन्द्र तथा संघसंस्थालाई सहयोग गर्ने,
❖ अपाङ्गता भएका व्यक्तिलाई अतिरिक्त क्रियाकलापमा भाग लिन प्रोत्साहन गर्ने,
❖ तोकिएबमोजिमका अन्य कार्य गर्ने, गराउने ।

१८. अपाङ्गता भएका व्यक्तिको खेलकुद सम्बन्धमा नेपाल सरकारले के-कस्ता व्यवस्थाहरू रहेको छ ?

❖ अपाङ्गता भएका व्यक्तिको खेलकुद प्रतिको प्रतिभा तथा क्षमतालाई उजागार गर्न आवश्यक प्रविधिको विकास तथा प्रयोग गर्ने,
❖ अपाङ्गता भएका व्यक्तिलाई समावेश गरी खेलकुद प्रतियोगिता आयोजना गर्ने,
❖ खेलकुदसँग सम्बन्धित अन्तराष्ट्रिय, राष्ट्रिय, क्षेत्रीय तथा स्थानीय स्तरका संयन्त्रमा अपाङ्गता भएका व्यक्तिलाई प्रभावकारी छुट्याउनमा प्रतिनिधित्व गराउने,
❖ विद्यालयस्तरमा सञ्चालन गरिने खेलकुद तथा अतिरिक्त क्रियाकलापमा अन्य बालबालिकासरह अपाङ्गता भएका बालबालिकालाई सहभागी गराउने तथा उनीहरूलाई अपाङ्गताको प्रकृतिका आधारमा विकास गरिएको खेलकुदमा सहभागी गराउन उपयुक्त प्रशिक्षण, तालिम, प्रतियोगिता र सोका लागि स्रोतको व्यवस्था गर्ने ।

१९. मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिका थप अधिकारहरू के-के छन् ?

❖ नेपाल सरकारले मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई निज, निजको परिवारको कुनै सदस्य वा संरक्षकले छनौट गरेको सामुदायिक अस्पताल वा स्वास्थ्य केन्द्रमा गई उपचार प्राप्त गर्ने अधिकार,
❖ आवश्यक पर्ने औषधि र परामर्श सेवा निःशुल्क प्राप्त गर्ने अधिकार,
❖ घर परिवारबाट उपेक्षित भएका मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई उपचार गरी पुर्नस्थापना गर्ने वा पारिवारिक पुनर्मिलन हुन पाउने अधिकार,

२०. अपाङ्गता भएका व्यक्तिले पाउने अन्य सुविधा तथा सहुलियतहरू के-के छन् ?

❖ अपाङ्गता भएका व्यक्तिलाई कृषि र स्वरोजगारमूलक व्यवसाय वा उद्यमशीलताका लागि अनुदान वा सहुलियत ब्याजदरमा ऋण प्राप्त गर्ने अधिकार,
❖ सवारी साधनको धनी वा सञ्चालकले तोकिएबमोजिमका अपाङ्गता भएका व्यक्तिलाई बस, रेल, हवाइजहाज जस्ता सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा यात्रु भाडामा पचास प्रतिशत छुट प्राप्त गर्ने,
❖ अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने सहायक साधन, उपकरण वा औजार, अपाङ्गमैत्री सवारी साधन तथा अपाङ्गता भएका व्यक्तिको शिक्षा, तालिम वा स्वरोजगारका लागि प्रयोग हुने मालसामान, यन्त्र, पाटपुर्जा तथा कच्चा पदार्थमा

प्रचलित कानूनबमोजिम भन्सार, अन्तस्शुल्क, स्थानीय कर वा अन्य दस्तुर सम्पूर्ण वा आंशिक छुट प्राप्त गर्ने,
❖ अपाङ्गता भएका व्यक्तिलाई रोजगारी दिने उद्देश्य राखी स्थापना भएका प्रतिष्ठानमा जडित यन्त्रलाई अपाङ्गमैत्री बनाउन विशेष रूपमा फेरबदल वा पार्टपुर्जा जडान गर्दा भएको खर्चमा तोकिएबमोजिम कर छुट दिनसक्ने,
❖ अपाङ्गता भएका व्यक्तिलाई निस्शुल्क शिक्षा दिने संस्थागत विद्यालयलाई सो बापतको रकम करमा छुट दिनसक्ने,
❖ तोकिएबमोजिमका अपाङ्गता भएका व्यक्तिका छोरा छोरीलाई तोकिएबमोजिम निःशुल्क शिक्षाको व्यवस्था गर्ने,
❖ अपाङ्गता भएका व्यक्तिलाई मात्र तालिम वा रोजगारी दिने वा रोजगारीको व्यवस्था गरिदिने सामाजिक संस्था, व्यापारिक वा औद्योगिक प्रतिष्ठानलाई बैंक तथा वित्तीय संस्थाबाट सहुलियत ब्याज दरमा ऋण दिलाउने व्यवस्था गर्न सक्ने,
❖ अपाङ्गता भएका व्यक्तिलाई रोजगारी वा तालिम दिने उद्देश्यले स्थापना भएका वा तोकिएको भन्दा बढी संख्यामा अपाङ्गता भएका व्यक्तिलाई रोजगारी दिने प्रतिष्ठानलाई नेपाल सरकारले विशेष सहुलियत दरमा ऋण उपलब्ध गराउन, प्रचलित कानूनबमोजिम कर छुट दिन वा अपाङ्गता भएका व्यक्तिलाई कार्यस्थलमा सुरक्षाका लागि आवश्यक पर्ने उपकरण आयात गर्दा, कच्चा पदार्थ उपलब्ध गराउँदा वा बजार व्यवस्थापन कार्यका लागि छुट तथा सहुलियत प्रदान गर्न सक्ने ।

२१. अपाङ्गता भएका व्यक्तिप्रति सरकारको दायित्व के रहेको छ?

❖ अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, गराउने दायित्व नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुन्छ,
❖ राज्यका तर्फबाट अपाङ्गता भएका व्यक्तिलाई उपलब्ध गराइने सहयोग सहज रूपमा उपलब्ध गराउने दायित्व नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हन्छ,
❖ आफ्नो क्षेत्रमा रहेका अपाङ्गता भएका व्यक्तिलाई स्थानीय तवरबाट उपलब्ध हुनसक्नेसम्मका सेवा, सुविधा तथा अवसर उपलब्ध गराउने दायित्व सम्बन्धित स्थानीय तहको हुन्छ,
❖ अपाङ्गता भएका व्यक्तिले विना भेदभाव अन्य व्यक्तिसरह समान रूपमा मर्यादित र प्रतिष्ठापूर्वक जीवनयापन गर्न पाउने वातावरणको सुनिश्चितताका लागि नेपाल सरकारले तोकिएबमोजिमका उपायहरूको अवलम्बन गर्नुपर्छ ।

२२. अपाङ्गता भएका व्यक्तिप्रति शिक्षण संस्थाको दायित्व के रहेको छ?

❖ अपाङ्गता भएका व्यक्तिलाई शिक्षासम्बन्धी व्यवस्थाको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने दायित्व सम्बन्धित शिक्षण संस्थाको हुन्छ ।

२३. अपाङ्गता भएका व्यक्तिप्रति परिवारका सदस्य तथा संरक्षकको दायित्व के रहेको छ ?

- परिवारका सदस्य वा संरक्षकले अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गताको अवस्थाबमोजिम विशेष ध्यान दिई हेरविचार तथा पालनपोषण गर्ने र शिक्षाको अवसर उपलब्ध गराउनुपर्छ,
- अपाङ्गता भएका कुनै व्यक्तिलाई उपचार नगराएमा थप जोखिममा पर्ने भएमा परिवारका सदस्य वा संरक्षकले निजलाई तत्काल उपचारको लागि नजिकको अस्पताल वा नेपाल सरकारले तोकिदिएको स्वास्थ्य संस्थामा पुऱ्याउनुपर्ने,
- अपाङ्गता भएका व्यक्तिलाई घर परिवारबाट निकाला गर्न वा अवहेलना गर्न नपाइने,
- नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले अपाङ्गता भएका व्यक्तिका परिवारलाई अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व निर्वाह गर्न सहयोग पुग्ने गरी स्वयं हेरचाह र स्याहारसुसारसम्बन्धी तालिम तथा अन्य आवश्यक सेवा सहायता उपलब्ध गराउनु पर्छ ।

२४. अपाङ्गता भएका व्यक्तिप्रति चिकित्सकको दायित्व के रहेको छ ?

- चिकित्सकले आफूसमक्ष उपचारका लागि आएको कुनै व्यक्तिमा अपाङ्गता हुने जोखिम छ भन्ने लागेमा त्यसको जानकारी सम्बन्धित व्यक्तिलाई गराइ सोतर्फ समेत उचित ध्यान दिई उपचार गर्नुपर्छ,
- चिकित्सकले अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिई अपाङ्गतामैत्री वातावरणमा उपचार गर्नुपर्नेछ र कुनै कारणवश आफूले उपचार गराउन नसक्ने भएमा उपचार हुनसक्ने ठाउँमा सिफारिस गर्नुपर्छ ।

२५. अपाङ्गता भएका व्यक्तिको हक हनन हुन गएमा के गर्नुपर्छ ?

- अपाङ्गता भएका व्यक्तिको अधिकारको उल्लङ्घन गरेमा वा अपाङ्गता भएका व्यक्तिप्रतिको दायित्व पूरा नगरेमा अपाङ्गता भएका व्यक्ति स्वयंले वा निजको परिवारका कुनै सदस्य वा संरक्षकले सो अधिकारको प्रचलन वा दायित्व पूरा गराउनको लागि सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिन सकिन्छ ।
- निवेदन प्राप्त भएमा प्रमुख जिल्ला अधिकारीले सात दिनभित्र सम्बन्धित व्यक्ति वा निकाय बुझी सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नुपर्छ,
- जाँचबुझ गर्दा कुनै व्यक्तिले अपाङ्गता भएका व्यक्तिको अधिकार उल्लङ्घन गरेको पाइएमा वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा गरेको नदेखिएमा प्रमुख जिल्ला अधिकारीले अपाङ्गता भएका व्यक्तिको अधिकार प्रचलन गराउन वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा गर्न सम्बन्धित व्यक्तिलाई आदेश दिनुपर्छ,
- जाँचबुझ गर्दा कुनै निकाय वा संस्थाले अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रचलन वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा नगराएको देखिएमा प्रमुख जिल्ला अधिकारीले अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रचलन वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा गराउनका लागि सम्बन्धित निकाय वा संस्थामा लेखी पठाउनुपर्छ,

- लेखी आएमा सम्बन्धित निकाय वा संस्थाले अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रचलन वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा गराउने व्यवस्था मिलाउनुपर्छ,
- अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रचलन वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा गराउँदा प्रमुख जिल्ला अधिकारीले अपाङ्गता भएका व्यक्तिको परिवारका सदस्य वा संरक्षकलाई आवश्यक सुझाव दिन, सचेत गराउन वा आदेश दिन सक्दछन्,
- प्रमुख जिल्ला अधिकारीले दिएको आदेशउपर चित्त नबुझ्नेले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सकिन्छ ।

२६. कस्तो अधिकार प्रचलन गराउन जिल्ला अदालतमा निवेदन दिन सकिन्छ ?

- अपाङ्गता भएका व्यक्ति, निजका परिवारका सदस्य वा संरक्षकले अपाङ्गता भएका व्यक्तिको अधिकार प्रचलन वा निज प्रतिका दायित्व पूरा गराउन जिल्ला प्रशासन कार्यालयमा निवेदन दिन सकिने भए तापनि अपाङ्गता भएका व्यक्ति रहे बसेको जिल्लाको जिल्ला अदालतसमक्ष सोझै निवेदन दिन पनि सकिन्छ ।
- निवेदन पर्न आएमा जिल्ला अदालतले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रचलन गर्ने वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा गराउने सम्बन्धमा सम्बन्धित व्यक्ति वा निकायका नाउँमा उपयुक्त आदेश जारी गर्न सक्दछ ।
- प्राप्त भएको निवेदन जाँचबुझ गर्दा परिवारको कुनै सदस्य वा संरक्षकले अपाङ्गता भएका व्यक्तिको अधिकारको उल्लङ्घन गरेको वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा गरेको नदेखिएमा अदालतले त्यस्तो परिवारको सदस्य वा संरक्षकलाई अपाङ्गता भएका व्यक्तिको अधिकार र निज प्रतिको दायित्वको विषयमा आवश्यक जानकारी गराइ अपाङ्गता भएका व्यक्तिको अधिकारको उल्लङ्घन नगर्न वा निज प्रतिको दायित्व पूरा गर्ने प्रतिबद्धता प्रकट गर्न लगाउनु पर्दछ ।
- आदेश जारी गर्दा जिल्ला अदालतले अपाङ्गता भएका व्यक्तिको अधिकार उल्लङ्घन गर्ने वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा नगर्ने व्यक्ति, संस्था वा निकायका प्रमुखलाई सचेत गराउन वा सजाय गर्न र निजबाट मनासिब क्षतिपूर्ति भराउने आदेश गर्न सक्दछ ।

२७. के-कस्ता कार्यहरू अपाङ्ग विरुद्धको कसुर अपराध मानिन्छन् ?

- अपाङ्गता भएका व्यक्तिलाई घृणा, हेला, उपहास वा तिरस्कार गर्ने, जानीजानी निजको आत्म सम्मानमा चोट पुऱ्याउने कुनै कार्य गर्ने,
- अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने सहायक सामग्रीको प्रयोगमा अवरोध वा हस्तक्षेप गर्ने वा त्यस्तो सामग्री खोस्ने वा बिगार्ने,
- अपाङ्गता भएका व्यक्तिलाई भिक्षा माग्न लगाउने ।

२८. अपाङ्गतासम्बन्धी कसूर / अपराध गरेमा के कस्तो सजाय हुन्छ ?

- कसैले झुट्टा विवरण दिई परिचयपत्र लिएमा त्यस्तो व्यक्तिलाई एक महिनादेखि तीन महिनासम्म कैद वा तीन हजार रूपैयाँदेखि दश हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुन्छ ।
- कसैले घृणा, हेला वा तिरस्कार गरेमा त्यस्तो व्यक्तिलाई तीन महिनादेखि नौ महिनासम्म कैद वा तीसहजार रूपैयाँदेखि नब्बेहजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ ।
- उक्त कसूर गर्न दुरूत्साहन गर्ने, उद्योग गर्ने वा मतियार भई सहयोग गर्नेलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुन्छ ।
- भिक्षा माग्न वा माग्न लगाउनेलाई प्रचलित कानूनबमोजिम हुने सजायमा पचास प्रतिशत थप सजाय हुन्छ ।
- पटके कसूरदारलाई सजायमा पच्चीस प्रतिशत थप सजायसमेत हुन्छ ।
- कुनै व्यक्तिले अपाङ्गता भएका व्यक्तिको अधिकार उल्लङ्घन गरेमा वा निज प्रतिको दायित्व पूरा नगरेमा त्यस्तो व्यक्तिलाई पचास हजार रूपैयाँसम्म जरिवाना हुन्छ।
- माथि लेखिएदेखि बाहेक अपाङ्गता भएको व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ विपरीत काम गर्ने व्यक्ति वा कुनै संस्था वा निकायका प्रमुखलाई पचास हजार रूपैयाँसम्म जरिवाना हुन्छ ।

२९. अपाङ्गता भएका व्यक्तिहरूले निःशुल्क कानूनी सहायता कसरी प्राप्त गर्न सक्दछन् ?

- सम्बन्धित जिल्ला कानूनी सहायता समितिबाट निःशुल्क कानूनी सहायता प्राप्त गर्न सक्दछन् ।
- सम्बन्धित जिल्ला अदालतमा सम्पर्क गरी वैतनिक कानून व्यवसायीबाट निःशुल्क कानूनी सहायता प्राप्त गर्न सक्दछन् ।

३०. अपाङ्गता भएका व्यक्तिका हक, हित संरक्षणसँग सम्बन्धित कानूनहरू के के रहेका छन्?

- नेपालको संविधान
- अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४
- सामाजिक सुरक्षा ऐन, २०७५

सम्पर्क ठेगाना:

सर्वोच्च अदालत
न्यायमा पहुँच आयोग
रामशाहपथ, काठमाडौं नेपाल ।

फोन नं. : ०१-४२००७५५, ०१-४२००७२५
ईमेल : a2jc@supremecourt.gov.np
वेभसाइट : www.supremecourt.gov.np



१. असमर्थ पक्ष तथा आर्थिक रूपले विपन्न नागरिक भन्नाले कसलाई बुझाउँछ ?

- अशक्त, नाबालक, आर्थिक रूपमा विपन्न वा थुनुवा रहेका व्यक्तिहरू ।
- लैगिंक हिंसा वा सशस्त्र द्वन्द्वबाट पीडित भएका व्यक्तिहरू ।

२. विपन्न नागरिकका अधिकारका सम्बन्धमा संविधानमा के कस्तो व्यवस्था गरिएको छ ?

- विपन्न नागरिक अन्य नागरिकसरह कानूनको दृष्टिमा समान हुनेछन् ।
- आर्थिक रूपले विपन्न भएको आधारमा कानूनको समान संरक्षणबाट बन्चित गरिने छैन अर्थात् भेदभाव गरिने छैन ।
- आर्थिक अवस्थाको कारण वा आधारमा समानताको हकबाट बन्चित गरिने छैन वा भेदभाव गरिने छैन ।
- आर्थिक रूपले विपन्न नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानूनबमोजिम विशेष व्यवस्था गर्न सकिनेछ ।
- आर्थिक रूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिता हुनेछ ।
- स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ।
- असमर्थ पक्षलाई कानूनबमोजिम निःशुल्क कानूनी सहायताको हक हुनेछ ।
- विपन्न नागरिकलाई माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।
- विपन्न नागरिकलाई कानूनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।
- विपन्न नागरिकलाई शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने सामाजिक न्यायको हक हुनेछ ।
- विपन्न नागरिकलाई कानूनबमोजिम सामाजिक सुरक्षाको हक हुनेछ ।

३. विपन्न वा असमर्थ नागरिकको हकमा अदालती शुल्क (कोर्टफी) सम्बन्धी के कस्ता व्यवस्था रहेका छन् ?

- फिराद, प्रतिवादी, पुनरावेदन, मुद्दा दोहोर्यानई पाउँ भन्ने निवेदन वा पुनरावलोकनको निवेदन दर्ता गर्दा निम्न अनुसारको अदालती शुल्क पछि तिर्ने गरी सुविधा लिन पाइन्छ ।
  - अदालती शुल्क तिर्नुपर्ने व्यक्तिको आर्थिक अवस्था अत्यन्त कमजोर भई लाग्ने अदालती शुल्क सबै वा केही अदालती शुल्क बुझाउन असमर्थ छ भन्ने मुद्दा हेर्ने अधिकारी वा न्यायाधीश विश्वस्त हुने आधार भएमा,
  - अदालती शुल्क तिर्नुपर्ने व्यक्तिको मुद्दा परेको सम्पत्तिबाहेक अन्य सम्पत्ति केही नभई अदालती शुल्क दाखिला गर्न असमर्थ छ भनी सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट सिफारिस भई आएमा ।

४. कानूनी सहायता भनेको के हो ?

- कानूनी सहायता भनेको असमर्थ व्यक्तिलाई राज्यको तर्फबाट दिइने सहायता,
- गैरसरकारी संस्थाको तर्फबाट दिइने कानूनी राय सल्लाह,
- त्यस्तो व्यक्तिको तर्फबाट अड्डा अदालतहरूमा गरिने बहस पैरवी,

- लेखापढी तथा कानूनी कारबाहीका सम्बन्धमा उपलब्ध हुने अन्य सेवासमेतलाई जनाउँदछ।

५. कानूनी सहायता कसले उपलब्ध गराउँछ ?

- नेपाल सरकारले कानूनी सहायता समितिमार्फत,
- केन्द्रमा कानून मन्त्रीको अध्यक्षतामा र उच्च अदालत रहेको जिल्लामा उच्च सरकारी वकिल कार्यालयका सहन्यायाधिवक्ता र सो नभएको जिल्लाहरूमा जिल्ला न्यायाधिवक्ताको अध्यक्षतामा रहेको समितिले,
- सोही समितिले व्यवस्था गरेका कानून व्यवसायीहरूमार्फत,
- प्रत्येक जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालतमा असमर्थ पक्षको तर्फबाट बहस, पैरवी तथा कानूनी प्रतिनिधित्व गर्न वैतनिक कानून व्यवसायीमार्फत,
- महिला आयोगमार्फत महिलालाई ।

६. वैतनिक कानून व्यवसायी भनेको के हो ?

- असहाय विपन्न व्यक्तिलाई कानूनी सहायता प्रदान गर्नको लागि अदालतबाटै नियुक्ति गरिएको कानून व्यवसायी

७. अदालतमा रहेको वैतनिक कानून व्यवसायीबाट के कस्ता सेवाहरू प्राप्त गर्न सकिन्छ ?

- बहस पैरवी गर्ने,
- लिखत तयार गरिदिने,
- निवेदनको ढाँचा भरिदिने,
- परामर्श सेवा दिने,
- कारागार भ्रमण गर्ने ।
- वैतनिक कानून व्यवसायीको सेवाको लागि सम्बन्धित जिल्ला अदालत, उच्च अदालत तथा सर्वोच्च अदालतको सूचना तथा सहयोग कक्ष वा सोधपुछ कक्षमा सम्पर्क गर्नु पर्दछ।

८. कानूनी सहायता प्राप्त गर्न के गर्नु पर्छ ?

- अदालतमा कार्यरत वैतनिक कानून व्यवसायीमार्फत निःशुल्क कानूनी सहायता लिन चाहने पक्षले आफू असहाय भई कानून व्यवसायी नियुक्ति गर्न नसक्ने बेहोराको जानकारी अदालतलाई गराइएको हुनुपर्छ । त्यस्तो जानकारीको आधारमा अदालतले गरेको निर्णयबमोजिम अदालतमार्फत कानूनी सहायता उपलब्ध गराइन्छ ।
- जिल्ला कानूनी सहायता समितिमार्फत कानूनी सहायता प्राप्त गर्न चाहने व्यक्तिले कानूनी सहायता प्राप्त गर्न खोजेको विषय, पारिवारिक स्थिति तथा आर्थिक स्थितिको विवरणसहितका प्रमाण संलग्न गरी जिल्लाको कानूनी सहायता समितिमा दरखास्त दिनु पर्ने,
- उक्त दरखास्तसाथ स्थानीय तहको सिफारिससमेत संलग्न गर्नुपर्ने,
- अदालतबाट वैतनिक कानून व्यवसायी मार्फत दिने सेवाको शर्त अरू भन्दा फरक छ/हुनुपर्छ।
- दरखास्त फाराम भर्न नजान्ने वा समितिमा दरखास्त फाराम भर्न नसक्ने व्यक्तिको हकमा निजले पत्याएको अरू व्यक्तिले समेत समितिमा दरखास्त दिनु पर्ने ।

९. कानूनी सहायता समितिबाट कस्तो व्यक्तिलाई कानूनी सहायता उपलब्ध गराइन्छ ?

- वार्षिक ४० (चालीस) हजारभन्दा कम आय भएको व्यक्ति,
- लैंगिक हिंसा वा सशस्त्र द्वन्द्वबाट पीडित भएको व्यक्ति,
- कारागारमा रहेका व्यक्तिले आफ्नो तर्फबाट कानून व्यवसायी नियुक्ति गर्न असमर्थ भएको जानकारी गराएमा ।
- अदालतमा आई आफ्नो तर्फबाट कानून व्यवसायी नियुक्ति गर्न नसक्ने भन्ने जानकारी गराएमा ।

१०. कानूनी सहायता बापत लागेको खर्च सोधभर्ना गर्नु पर्छ वा पर्दैन ?

- कुनै व्यक्तिले कानूनी सहायता प्राप्त गरेको कारणबाट कुनै सम्पत्ति वा आर्थिक लाभ प्राप्त गरेमा त्यस्तो व्यक्तिले सम्बन्धित समितिले गरेको खर्च सोधभर्ना गर्नु पर्नेछ,
- यसरी सोधभर्ना गराउँदा निजले प्राप्त गरेको कूल सम्पत्ति वा आर्थिक लाभको १० (दश) प्रतिशतको दरले हुन आउने रकम भन्दा बढी रकम सोधभर्ना गराइने छैन,
- कानूनी सहायता बापतको खर्च सोधभर्ना लिँदा सो व्यक्तिलाई मर्का पर्ने देखिएमा सम्बन्धित समितिले आफूले गरेको खर्च आंशिक वा पूर्ण रूपमा नलिने गरी छुट दिन सक्दछ,
- अदालतबाट प्रदान गरिएको वैतनिक कानून व्यवसायीको सेवा निःशुल्क हुन्छ ।

११. गैर-सरकारी स्तरबाट उपलब्ध हुने कानूनी सहायता क-कसले उपलब्ध गराउँछ ?

- महिला कानून र विकास मञ्च,
- माइती नेपाल,
- कानूनी सहायता तथा सहयोग केन्द्र (ल्याक)
- आई एल एफ नेपाल ।
- नेपाल बार एसोसिएसनलगायत सर्वोच्च अदालत बार एसोसिएसन, उच्च अदालत बार इकाई र जिल्ला अदालत बार इकाइसमेतबाट स्वेच्छिक रूपमा निःशुल्क कानूनी सहायता उपलब्ध गराइन्छ ।

१२ कानूनी सहायता सम्बन्धमा के कस्ता कानूनहरू रहेका छन् ?

- नेपालको संविधान
- कानूनी सहायतासम्बन्धी ऐन, २०५४
- कानूनी सहायतासम्बन्धी नियमावली, २०५५
- सर्वोच्च अदालत नियमावली, २०७४
- उच्च अदालत नियमावली, २०७३
- जिल्ला अदालत नियमावली, २०७५
- वैतनिक अधिवक्ताको नियुक्ति तथा सेवाका शर्तसम्बन्धी निर्देशिका, २०७२

सम्पर्क ठेगाना:

सर्वोच्च अदालत
न्यायमा पहुँच आयोग
रामशाहपथ, काठमाडौं नेपाल ।

फोन नं. : ०१-४२००७५५, ०१-४२००७२९
ईमेल : a2jc@supremecourt.gov.np
वेभसाइट : www.supremecourt.gov.np

असमर्थ पक्ष तथा आर्थिक रूपले विपन्न नागरिकको अधिकारसम्बन्धी जानकारी पुस्तिका

सर्वोच्च अदालत
न्यायमा पहुँच आयोग
रामशाहपथ, काठमाडौं
२०७६

१. आदिवासी / जनजाति भन्नाले कसलाई बुझाउँछ ?

- आदिवासी / जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परा रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको जाति वा समुदाय सम्झनु पर्दछ ।

२. कसलाई आदिवासी / जनजाति भनी पहिचान गरिएको छ ?

- आदिवासी / जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को दफा २ (क) सँग सम्बन्धित अनुसूची बमोजिम निम्न जातजातिलाई समावेश गरिएको छ ।

किसान	कुमाल	कुशवाडिया	कुशुण्डा	गनगाई
गुरूङ	चेपाङ	छन्त्याल	छैरोतन	जिरेल
झाँगड	डोल्पो	ताङवे	ताजपुरिया	तामाङ
तीन गाउँले थकाली	तोप्केगोला	थकाली	थामी	थारू
थुदाम	दनुवार	दराई	दुरा	धानुक (राजवंशी)
धिमाल	नेवार	पहारी	फ्री	वनकारिया
बरामो	बाह्र गाउले	बोटे	भुजेल	भोटे
मगर	माझी	मार्फाली थकाली	मुगाली	मेचे (वोडो)
याक्खा	राई	राउटे	राजवंशी (कोच)	राझी
लार्के	लिम्बु	लेप्चा	ल्होपा	ल्होमी (शिङसावा)
वालुङ	व्यासी	शेर्पा	सतार (सन्थाल)	सियार
सुनवार	सुरेल	हायु	ह्याल्मो	

३. नेपालको संविधानमा आदिवासी/जनजातिका के कस्ता अधिकारको व्यवस्था रहेको छ ?

- अन्य नागरिक सरह कानूनको दृष्टिमा समान हुने,
- कानूनको समान संरक्षणबाट वञ्चित नगरिने वा अन्य कुनै पनि अधारमा भेदभाव नगरिने,
- संरक्षण सशक्तिकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने,
- समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको निकायमा सहभागिताको हक,
- आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्न पाउने हक,

- शोषण विरूद्धको हक,
- स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक,
- आधारभूत शिक्षामा पहुँचको हक,
- राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यामिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक,
- रोजगारी र सो छनौट गर्ने हक,
- राज्यबाट आधारभूत स्वास्थ सेवा निःशुल्क प्राप्त गर्ने हक,
- स्वास्थ्य सेवामा समान पहुँचको हक,
- स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक,
- खाद्यसम्बन्धी हक,
- खाद्य वस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक,
- कानूनबमोजिम खाद्य सम्प्रभुताको हक,
- उपयुक्त आवासको हक,
- कानूनबमोजिम बाहेक स्वामित्वमा रहेको बासस्थानबाट हटाइने वा अतिक्रमण नगरिने,
- लैङ्गिक भेदभाव विना समान वंशीय हक,
- सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक,
- आफ्नो पहिचानसहित नामकरण र जन्म दर्ताको हक,
- परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक,
- प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक,
- कलकारखाना खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन नपाइने,
- बालविवाह गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न नपाइने,
- सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार उपेक्षा वा शारीरिक मानसिक यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने,
- घर विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक मानसिक वा अन्य कुनै किसिमको यातना दिन नपाइने,
- असहाय अनाथ अपाङ्गता भएका द्वन्द्वपीडित विस्थापित एवं जोखिममा रहेका आदिवासी जनजाति बालबालिकालाई राज्यबाट विशेष सरक्षण र सुविधा पाउने हक,
- सामाजिक न्यायको हक अन्तर्गत सामाजिक रूपले पछि परेका आदिवासी जनजातिलाई समावेशी सिद्धान्तको आधारमा राज्यको निकायमा सहभागिताको हक,

- गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने र गुणस्तरहिन वस्तु वा सेवाबाट पुगेको क्षतिको कानूनबमोजिम क्षतिपूर्तिको हक,
- देश निकाला विरूद्धको हक,
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानूनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसको लागी विद्यालय र शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक,
- सामाजिक सांस्कृतिक दृष्टिले पिछडिएको महिला, दलित, आदिवासी जनजाति लगायतका नागरिकहरूको संरक्षण सशक्तीकरण वा विकासका लागि कानूनबमोजिम विशेष व्यवस्था गर्न सकिने,
- राजनैतिक दलको विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिविम्बित गर्ने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको हुनु पर्ने,
- आर्थिक सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजातिसमेतलाई सामाजिक न्यायको हक अन्तर्गत समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक,
- संघीय निजामति सेवा लगायत सबै संघीय सरकारी सेवामा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्दा संघीय कानूनबमोजिम खुल्ला र समानुपातिक समावेशी सिद्धान्तका आधारमा हुने,
- समावेशी सिद्धान्तको आधारमा नेपाली राजदूत वा कुनै खास प्रयोजनको लागि विशेष प्रतिनिधि नियुक्त गर्न सक्ने,
- संवैधानिक अंग वा निकायका पदमा नियुक्ति गर्दा समावेशी सिद्धान्तबमोजिम गरिने,
- नेपालमा एक आदिवासी जनजाति आयोग रहने संवैधानिक व्यवस्था रहेको ।

४. प्रचलित कानूनमा आदिवासी/जनजातिको के कस्ता अधिकारहरूको व्यवस्था गरिएको पाइन्छ ?

- नेपाल सरकारलाई प्राप्त छात्रवृत्तिमध्ये विपन्न, महिला, अपाङ्ग जनजातिलाई तोकिएबमोजिम सुरक्षित गरिने,
- संस्थागत विद्यालयले कूल विद्यार्थी संख्याको कम्तिमा १० (दस) प्रतिशतमा नघटाई गरिब, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्ने,
- सामुदायिक विद्यालयले गरिबीको रेखामुनि रहेका दलित, जनजाति र महिलालगायतका अन्य विद्यार्थीहरूलाई निःशुल्क शिक्षाको व्यवस्था गर्नु पर्ने,

- निजामती सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ४५ (पैतालिस) प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी आदिवासी जनजातिलाई २७ (सत्ताइस) प्रतिशत छुट्याइने,
- प्रत्येक समुदायलाई मातृभाषामा शिक्षा प्राप्त गर्ने अधिकार हुने,
- रोजगार दिने सम्बन्धमा कुनै विशेष व्यवस्था गरेकोमा बाहेक कुनै व्यक्तिको उत्पत्ति, धर्म, वर्ण, जातजाति, लिङ्ग, भाषा, क्षेत्र, वैचारिक आस्था वा त्यस्ता कुनै आधारमा भेदभाव नगरिने,
- बढुवाको लागि उमेदवार हुन चाहिने न्यूनतम सेवा अवधि बढुवा हुने पदको श्रेणीभन्दा एक श्रेणीमुनिको पदमा राजपत्र अनङ्कित पदको लागि ३ वर्ष र राजपत्रांकित पदको लागि ५ वर्ष सेवा अवधि तोकिएकोमा महिला, आदिवासी जनजाति निजामती कर्मचारीले सो तोकिएको सेवा अवधिमा एक वर्ष सेवा अवधि कम भए पनि बढुवाको उमेदवार हुन पाउने,
- बढुवा हुने पदको भन्दा एक श्रेणीमुनिको पदको लागि तोकिएको शैक्षिक योग्यता भए हुने ।

५) आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको स्थापना किन गरिएको हो ?

- आदिवासी / जनजातिको सामाजिक, आर्थिक तथा सांस्कृतिक विकास र उत्थान गर्न तथा राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गराउनका लागि आदिवासी/ जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको स्थापना र सञ्चालन गरिएको छ ।

६) आदिवासी / जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको मूल उद्देश्य के के रहेका छन् ?

- आदिवासी / जनजातिको विकास र उत्थानसँग सम्बन्धित कार्यक्रम तर्जुमा र कार्यान्वयन गरी सर्वाङ्गीण विकास गर्ने र समतामूलक समाजको निर्माणमा मद्दत पुऱ्याउने ।
- आदिवासी / जनजातिको भाषा, लिपि, सँस्कृति, साहित्य, कला, इतिहास, परम्परागत सीप, प्रविधि र विशिष्ट जानकारीको संरक्षण तथा प्रवर्द्धन गरी व्यावसायिक प्रयोगमा ल्याउन सहायता गर्ने ।
- मुलुकको समष्टिगत विकासको मूल प्रवाहमा आदिवासी / जनजातिलाई सहभागी गराउने ।

७) आदिवासी / जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको के कस्ता काम, कर्तव्य र अधिकार रहेका छन् ?

- आदिवासी / जनजातिको भाषा, लिपि, साहित्य, इतिहास, कला, सँस्कृति, परम्परागत सीप तथा प्रविधिको प्रवर्द्धन र संरक्षणको लागि आवश्यक कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने, गराउने,

- आदिवासी / जनजातिको भाषा, लिपि, साहित्य, इतिहास, कला, परम्परा, संस्कृतिको अध्ययन, अनुसन्धान र विकास गर्ने,
- आदिवासी र जनजातिको भाषा, संस्कृति, इतिहास परम्परालाई परिचय गराउने अभिलेखालय तथा सङ्ग्राहलय स्थापना गर्ने,
- आदिवासी /जनजातिले परम्परागत रूपमा अभ्यास गर्दै आएको प्रविधि, सीप तथा विशिष्ट जानकारीलाई सम्बन्धित आदिवासी / जनजातिको बौद्धिक सम्पत्तिको रूपमा संरक्षण गर्ने गराउने,
- आदिवासी र जनजातिको इतिहास, साहित्य, भाषाको शब्दकोष तयार गर्ने र प्रकासन गर्ने गराउने,
- कम्तीमा प्राथमिक तहसम्म आदिवासी र जनजातिको मातृभाषामा पढाउने गरी विद्यालय स्थापना गर्ने,
- आदिवासी / जनजातिमध्येका विपन्न र पिछडिएका समूहको आर्थिक तथा सामाजिक स्तर वृद्धि गर्न विशेष कार्यक्रमहरू सञ्चालन गर्ने गराउने,
- आदिवासी / जनजातिसम्बन्धी परामर्श सेवा दिने,
- मातृ भाषामा सूचना समाचार कार्यक्रम प्रसारण गर्ने व्यवस्था मिलाउने,
- आदिवासी / जनजातिबिच रहेको सामाजिक, आर्थिक र सांस्कृतिक विभेद, भिन्नतालाई ध्यानमा राख्दै सम्पन्न र विपन्न आदिवासी / जनजातिको अनुसूची तयार गर्ने ।

(८) आदिवासी / जनजाति आयोगको स्थापना किन गरिएको हो ?

- आदिवासी / जनजाति समुदायको गौरवमय इतिहास र संस्कृतिको पहिचान, हक हितको संरक्षण र संवर्द्धन तथा आदिवासी जनजाति समुदायको सशक्तीकरण गर्नको लागि आदिवासी जनजाति आयोग ऐन, २०७४ ले आयोगको स्थापना, पदाधिकारी र आयोगको काम कर्तव्य र अधिकारको व्यवस्था गरेको छ ।

(९) आदिवासी / जनजाति आयोगको के कस्ता काम, कर्तव्य र अधिकार रहेका छन् ?

- आदिवासी जनजाति समुदायको समग्र स्थितिको अध्ययन गरी नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,
- आदिवासी जनजाति समुदायको हक हितको संरक्षण, संवर्द्धन तथा सशक्तीकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकारसमक्ष सिफारिस गर्ने,

- आदिवासी जनजाति समुदायको हक हितको संरक्षण, संवर्द्धन र सशक्तीकरणका सम्बन्धमा भएका व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन भए नभएको विषयमा अध्ययन अनुसन्धान गरी प्रभावकारी कार्यान्वयन गर्न चाल्नु पर्ने कदमका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,
- आदिवासी जनजाति समुदायको हक हितको संरक्षण र संवर्द्धन तथा सशक्तीकरणका सम्बन्धमा भइरहेका कानूनी, नीतिगत तथा संस्थागत व्यवस्थामा गर्नुपर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,
- आदिवासी जनजाति समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने,
- आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने गराउने,
- आदिवासी जनजाति समुदायभित्र आर्थिक वा सामाजिक रूपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तीकरणको लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न नेपाल सरकारसमक्ष सिफारिस गर्ने,
- आदिवासी जनजाति समुदायभित्रका विभिन्न भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी सो को संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,
- आदिवासी जनजाति समुदायको हक हितको संरक्षण र संवर्द्धन तथा सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,
- आदिवासी जनजाति समुदायमा विद्यमान कुरीति, अन्धविश्वास तथा शोषणको अन्त्य गर्न र समुदायको सशक्तीकरणको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,
- आदिवासी जनजाति समुदायमा रहेका परम्परागत सीप, प्रविधि र विशिष्ट ज्ञानको संरक्षण र प्रवर्द्धतन गरी व्यावसायिक प्रयोगमा ल्याउन सहयोग गर्ने,
- आदिवासी जनजाति समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यन्वयन भए नभएको अनुगमन गरी आवश्यक निर्देशन दिने,
- आदिवासी जनजाति समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरूद्ध उजुरी सङ्कलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,

- आदिवासी जनजाति समुदायको संस्कृति संरक्षण र संवर्धनका लागि सङ्ग्रहालय स्थापना र परिचालनका लागि नीति तथा कार्यक्रम तर्जुमा गर्ने र कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,
- आदिवासी जनजातिको उद्‌गम स्थलको खोज अनुसन्धान गरी ति स्थलहरूको संरक्षण र संवर्द्धन गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,
- आदिवासी जनजाति समुदायको हक हितको संरक्षण, संवर्द्धन र सशक्तीकरणका लागि नेपाल सरकार र अन्य सङ्घ, संस्थाहरूले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमहरूको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने,

(१०) आदिवासी / जनजातिको अधिकार हनन् भएमा के गर्नुपर्दछ ?

- आदिवासी जनजातिको हक अधिकार उल्लङ्घन भएको अवस्थामा सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतमा रिट निवेदन दिने ।
- प्रचलित कानूनमा उल्लिखित अन्य अधिकारहरूको उल्लङ्घन भएको अवस्थामा जिल्ला अदालतमा फिराद दर्ता गर्न सकिन्छ ।

(११) आदिवासी/जनजातिले निःशुल्क कानूनी सहायता कसरी प्राप्त गर्न सक्छन् ?

- सम्बन्धित जिल्ला कानूनी सहायता समिति र सम्बन्धित अदालतका वैतनिक कानून व्यवसायीबाट निःशुल्क कानूनी सहायता प्राप्तः गर्न सकिन्छ ।

(१२) आदिवासी जनजातिको हक अधिकारको सम्बन्धमा सम्वन्धमा के कस्ता कानुनहरु रहेका छन ?

- नेपालको संविधान
- आदिवासी जनजाति आयोग ऐन, २०७४
- आदिवासी / जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८
- निजामती सेवा ऐन, २०४९
- निजामती सेवा नियमावली, २०५०
- शिक्षा नियमावली, २०५९

सम्पर्क ठेगाना:

सर्वोच्च अदालत
न्यायमा पहुँच आयोग
रामशाहपथ, काठमाडौं नेपाल ।

फोन नं. : ०१-४२००७५५, ०१-४२००७२९
ईमेल : a2jc@supremecourt.gov.np
वेभसाइट : www.supremecourt.gov.np

आदिवासी / जनजातिको अधिकार एवं उपचारसम्बन्धी जानकारी पुस्तिका

सर्वोच्च अदालत
न्यायमा पहुँच आयोग
रामशाहपथ, काठमाडौं
२०७६

१. छुवाछुत तथा भेदभाव भन्नाले के बुझिन्छ ?

- छुवाछुत तथा भेदभाव भन्नाले कसैले कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रितिरिवाज, उत्पत्ति, जात, जाति, वंश, समुदाय, पेसा वा व्यवसाय वा शारीरिक अवस्थाका आधारमा कुनै काम गरे वा गराएमा छुवाछुत तथा भेदभाव गरेको मानिन्छ ।

२. छुवाछुत तथा भेदभाव विरुद्धको हकअन्तर्गत के कस्ता हक संविधानले व्यक्तिलाई प्रदान गरेको छ ?

- कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेसा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै पनि प्रकारको छुवाछुत वा भेदभाव नगरिने,
- कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कनै खास जात वा जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान नगरिने,
- उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछुतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछुत वा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न नपाइने,
- जातीय आधारमा छुवाछुत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न नपाइने,
- संविधानको प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछुत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानूनबमोजिम दण्डनीय हुन्छन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिले कानूनबमोजिम क्षतिपूर्ति पाउँछन् ।

३. छुवाछुत तथा भेदभाव विरुद्धको अधिकारअन्तर्गत कानूनले के कस्ता अधिकारहरू प्रदान गरेको छ?

- अदालत वा अन्य न्यायिक निकायबाट समान व्यवहार पाउने अधिकार,
- कुनै सरकारी निकायबाट उपलब्ध गराइने सेवा तथा सुविधामा समान संरक्षणको अधिकार,
- सार्वजनिक सेवामा समान पहुँचको अधिकार,
- नेपालभित्र र बाहिर आवतजावत र बसोबास गर्न पाउने अधिकार,
- सांस्कृतिक क्रियाकलापमा समान सहभागिताको अधिकार,
- विवाह गर्ने तथा बरबधु छान्ने अधिकार,
- शान्तिपूर्वक भेला हुन तथा संगठन गर्न पाउने अधिकार,
- रोजगारी छनौट गर्न तथा काम गर्न पाउने अधिकार,
- समान काम गरे बापत समान तलब पाउने अधिकार,
- सार्वजनिक स्थानमा समान पहुँचको अधिकार,
- छुवाछुत तथा भेदभाव विरूद्ध शीघ्र न्यायिक उपचार र उचित क्षतिपूर्ति पाउने अधिकार ।

४. कस्ता कार्यहरूलाई छुवाछुत तथा भेदभावसम्बन्धी अपराध मानिन्छ ?

- छुवाछुत गरी सार्वजनिक वा निजी स्थानमा प्रवेश गर्न, उपस्थित हुन वा भाग लिन निषेध गर्ने वा कुनै किसिमले रोक, नियन्त्रण वा प्रतिबन्ध लगाउने,
- व्यक्तिगत वा सामूहिक रूपमा सार्वजनिक स्थान वा समारोहबाट निष्काशन गर्ने,
- सामाजिक बहिष्कार वा कुनै प्रकारको भेदभाव गर्ने, वा त्यस्तो कार्यमा प्रतिबन्ध लगाउने वा अन्य कुनै किसिमको असहिष्णु व्यवहार प्रर्दशन गर्ने,
- सार्वजनिक सेवाको प्रयोग गर्न वा उपभोग गर्नबाट वन्चित गर्ने,
- सार्वजनिक समारोह आयोजना गर्ने वा सार्वजनिक रूपमा आयोजना हुने कुनै कार्य गर्नबाट वन्चित गर्ने,
- छुवाछुत वा भेदभाव हुने कार्य गर्न कसैलाई भड्काउने, उक्साउने वा त्यस्तो कार्य गर्न दुरूत्साहन हुने कुनै कार्य गर्न वा त्यस्तो कुनै क्रियाकलापमा जानी जानी सहभागी हुने,

- कुनै पनि पेसा वा व्यवसाय गर्न प्रतिबन्ध वा रोक लगाउने वा कुनै पनि व्यक्तिलाई कुनै पेसा वा व्यवसाय गर्न बाध्य गर्ने,
- कुनै धार्मिक कार्य गर्नबाट वञ्चित गर्ने,
- कुनै वस्तु, सेवा वा सुविधा उत्पादन, बिक्री वा वितरण गर्नबाट रोक्ने वा रोक्न लगाउने,
- कुनै वस्तु, सेवा वा सुविधा उत्पादन, बिक्री वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाउने वा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वा वितरण गर्ने वा गराउने,
- कुनै सार्वजनिक प्रकृतिको धार्मिक स्थलमा प्रवेश गर्न रोक वा सार्वजनिक प्रयोगमा रहेको पानी पँधेरा प्रयोग गर्न बन्चित गर्न वा अन्य कुनै नीजि वा सार्वजनिक उपयोग वा सुबिधाको कुराको प्रयोग गर्नबाट बन्चित गराउने,
- जात जातिका आधारमा परिवारका कुनै सदस्यलाई बहिस्कार गर्ने, घरभित्र प्रवेश गर्न नदिने वा घर वा गाउँबाट निकाल्ने वा निस्कन बाध्य तुल्याउने कार्य गर्ने वा गराउने,
- उमेर पुगेका वर वधुबाट मन्जुर भएको अन्तरजातीय विवाह गर्नबाट रोक लगाउने तथा त्यस्तो विवाहबाट जन्मिएका सन्तानको न्वारन नगराउन वा भइसकेको विवाह विच्छेद गराउन कुनै किसिमले कर गर्न वा गर्न लगाउने,
- कुनै पनि व्यक्तिलाई कुनै प्रकारको श्रममा लगाउन इन्कार गर्ने वा श्रमबाट निष्काशन गर्ने वा पारिश्रमिकमा भेदभाव गर्ने वा गराउने,
- कसैले लैङ्गिक, आर्थिक, सामाजिक, साँस्कृतिक, प्रथा, परम्परा, वैवाहिक स्थिति वा जबरजस्ती करणीबाट पीडित भएको, कुनै रोग लागेको वा यस्तै अन्य कुनै आधारमा कसैलाई भेदभाव गर्ने,
- श्रव्य दृश्य सामाग्री, लेख रचना, चित्र, आकार, कार्टुन, पोष्टर, पुस्तक वा साहित्यको प्रसारण, प्रकाशन वा प्रदर्शन गरेर वा विद्युतीय माध्यमबाट वा अन्य कुनै तरिकाले कुनै व्यक्ति वा समुदायलाई त्यस्तो व्यक्ति वा समुदायको उत्पत्ति, जात वा जातिको आधारमा उच्च वा नीच दर्शाउने,

- जात, जाति वा छुवाछुतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठहऱ्याउन वा छुवाछुत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न, वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्ने वा गराउने,
- माथि उल्लेख भएका कार्यहरू गर्न मद्दत गर्ने, दुरूत्साहन गर्ने, उक्साउने वा उद्योग गर्ने,
- अधिकार प्रयोग गर्ने अधिकारीले सामान्य कानूनको प्रयोग गर्दा उत्पत्ति, धर्म, वर्ण, जात जाति, लिंग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था आर्थिक अवस्था, भाषा, क्षेत्र आदिका आधारमा भेदभावपूर्ण व्यवहार गर्ने,
- कसैले कसैको सामाजिक रीति स्थितिमा खलल पर्ने वा खलल हुने गरी झुक्याई वा जबर्जस्ती गरी कुनै काम गर्ने वा गराउने,
- कसैले कसैलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रितिरिवाज, जात, जाति, समुदाय, पेसा, व्यवसाय, शारीरिक अवस्था वा सामाजिक सम्प्रदायको उत्पतिको आधारमा छुवाछुत वा अन्य कुनै किसिमको भेदभाव गर्ने,
- प्रथा, परम्परा, धर्म, संस्कृति, रितिरिवाज, जात, जाति, समुदाय, पेसा, व्यवसाय वा सामाजिक सम्प्रदायको उत्पतिको आधारमा छुवाछुत वा अन्य कुनै किसिमको भेदभाव गरी सार्वजनिक स्थलमा उपस्थित हुन वा कुनै सार्वजनिक प्रकृतिका धार्मिक स्थलमा प्रवेश गर्न रोक्ने,
- सार्वजनिक प्रयोगमा रहेको पानी, पँधेरो जस्ता सार्वजनिक उपयोग वा सुविधाका कुराको प्रयोग गर्नबाट बञ्चित गर्ने,
- कसैले कसैलाई देहायको अपमानजनक वा अमानवीय व्यवहार गर्ने वा गराउनेः
  - ✔ बोक्सा बोक्सीको आरोप लगाउने,
  - ✔ बोक्सा बोक्सीको आरोप लगाई बसोबास गरेको ठाउँबाट निकाला गर्ने,
  - ✔ सामाजिक बहिष्कार गर्ने, वा
  - ✔ अन्य जुनसुकै काम गरी क्रुर, अमानवीय वा अपमानजन्य व्यवहार गर्ने।
- महिलाको रजस्वला वा सुत्केरीको अवस्थामा छाउपडीमा राख्न वा त्यस्तै

अन्य कुनै किसिमका भेदभाव, छुवाछुत वा अमानवीय व्यवहार गर्ने वा गराउने ।

५. छुवाछुत तथा भेदभावको कसूरमा कहाँ उजुरी गर्ने ?

- छुवाछुत तथा भेदभावको कसूर गरेको वा गर्न लागेको थाहा पाउने जोसुकै व्यक्तिले नजिकको प्रहरी कार्यालयमा उजुरी गर्न सक्नेछ ।
- यस्तो कसूर नेपालबाहिर गरेमा कसूरदार बसोबास रहेको वा निज रहेको जिल्लाको नजिकको प्रहरी कार्यालयमा उजुर गर्न सक्नेछ ।

६. नजिकको प्रहरी कार्यालयले उजुरी दर्ता नगरेमा कस्तो कारबाही प्रक्रिया अपनाउने ?

- प्रहरी कार्यालयले उजुरी दर्ता नगरेमा वा उजुरीउपर कारबाही नगरेमा सो कुराको उजुरी राष्ट्रिय दलित आयोग वा स्थानीय तहमा समेत गर्न सकिन्छ । यसरी प्राप्त उजुरीलाई राष्ट्रिय दलित आयोग वा स्थानीय तहले सम्बन्धित प्रहरी कार्यालयमा लेखी पठाउनु पर्दछ ।
- राष्ट्रिय दलित आयोग र स्थानीय तहबाट लेखी आएमा सम्बन्धित प्रहरी कार्यालयले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी त्यस्तो उजुरीउपर कारवाही अगाडि बढाउनु पर्दछ ।
- छुवाछुत तथा भेदभाव भएको मितिले तीन महिनाभित्र सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्नु पर्दछ ।
- कसूरको अनुसन्धान तहकिकातको काममा बाधाविरोध गर्नेलाई अदालतले कसूरदारलाई हुने सजायको आधा सजाय गर्न सक्नेछ ।

७. छुवाछुत तथा भेदभावको मुद्दा कसरी दर्ता हुन्छ ?

- जातीय भेदभाव तथा छुवाछुतको मुद्दा सरकारवादी हुन्छ ।
- यस्तो मुद्दा नेपाल सरकार वादी भई दर्ता हुन्छ ।
- पीडित स्वयंले पक्ष भई मुद्दा दर्ता गर्नु पर्दैन ।

८. छुवाछुत तथा भेदभावसम्बन्धी मुद्दामा कस्तो कार्यविधि अपनाइन्छ ?

- मुद्दाको कारवाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्दछ ।
- कानुनबमोजिम प्रतिवादीको बयान भएको वा प्रतिवादी उपस्थित हुने म्याद भुक्तान भएको नब्बे दिनभित्र मुद्दाको किनारा गर्नु पर्दछ ।

९. छुवाछुत तथा भेदभावसम्बन्धी मुद्दामा निःशुल्क कानूनी सहायता कसरी प्राप्त गर्न सकिन्छ ?

- सरकार वादी हुने मुद्दामा पीडितको तर्फबाट सरकारी वकीलले बसह पैरवी गर्दछन् ।
- सरकार वादी भई चल्ने बाहेक अरू मुद्दामा कानूनी सहायता समिति वा जिल्ला अदालतबाट कानूनी सहायता पाउँछन् ।

१०. छुवाछुत तथा भेदभावको कसूर गरेमा कस्तो सजाय हुने व्यवस्था छ ?

- भेदभावपूर्ण व्यवहार गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ ।
- भेदभाव गरी वस्तु वा सेवा खरिद बिक्री वा वितरणको कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ ।
- सामाजिक रीति स्थितिमा खलल पार्ने कसूर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ ।
- जातिपातिको आधारमा छुवाछुत वा अन्य भेदभावपूर्ण व्यवहार गर्ने, कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ र राष्ट्रसेवकले कसूर गरेमा थप तीन महिनासम्म कैद सजाय हुन्छ ।
- अपमानजनक वा अमानवीय व्यवहारको कसूर गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद र पचास हजार रूपैयाँसम्म जरिवाना हुन्छ ।

- महिलाको रजस्वला वा सुत्केरीको अवस्थामा छाउपडीमा राख्न वा त्यस्तै अन्य कुनै किसिमका भेदभाव, छुवाछुत वा अमानवीय व्यवहार गर्ने वा गराउने व्यक्तिलाई तीन महिनासम्म कैद वा तीन हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ ।
- सार्वजनिक पद धारण गरेको व्यक्तिले जातीय भेदभाव तथा छुवाछुतको कसूर गरेमा निजलाई पचास प्रतिशत थप सजाय हुन्छ ।
- छुवाछुत वा भेदभाव गर्न मद्दत गर्ने, दुरूत्साहन गर्ने, उक्साउने वा उद्योग गर्ने व्यक्तिलाई कसूरदारलाई हुने सजायको आधा सजाय हुन्छ ।
- सजाय पाएको व्यक्तिले पुनः कसूर गरेमा पटक्कै पिच्छे दोब्बर सजाय हुन्छ ।

११. छुवाछुत तथा भेदभावको कसूरबाट पीडितलाई के कस्तो क्षतिपूर्ति उपलब्ध हुन्छ ?

- अदालतले कसूरदारबाट पीडितलाई दुई लाख रूपैयासम्म क्षतिपूर्ति भराईदिन सक्दछ ।
- कसूरदारले पीडितलाई कुनै शारीरिक हानी नोक्सानी पुऱ्याएको रहेछ भने अदालतले सोको प्रकृतिको आधारमा उपचार खर्च वा थप हानि नोक्सानीको मनासिब रकम कसूरदारबाट पीडितलाई भराई दिन सक्दछ ।
- कसूरदारबाट क्षतिपूर्तिको रकम तत्काल आउन नसकिने भएमा त्यस्तो रकम पीडित राहत कोषबाट भराइदिनु पर्दछ ।

१२. छुवाछुत तथा भेदभाव विरुद्धको हक अधिकारसँग सम्बन्धित कानूनहरू कुन कुन हुन् ?

- नेपालको संविधान
- जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन, २०६८
- मुलुकी अपराध संहिता, २०७४
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४

सम्पर्क ठेगाना:

सर्वोच्च अदालत
न्यायमा पहुँच आयोग
रामशाहपथ, काठमाडौं नेपाल ।

फोन नं. : ०१-४२००७५५, ०१-४२००७२९
ईमेल : a2jc@supremecourt.gov.np
वेभसाइट : www.supremecourt.gov.np

छुवाछुत तथा भेदभाव विरुद्धको अधिकार एवं उपचारसम्बन्धी जानकारी पुस्तिका

सर्वोच्च अदालत
न्यायमा पहुँच आयोग
रामशाहपथ, काठमाडौं
२०७६

१. कस्तो व्यक्तिलाई जेष्ठ नागरिक भनिन्छ ?

- ६० (साठी) वर्ष उमेर पूरा भएका नागरिकलाई जेष्ठ नागरिक भनिन्छ ।

२. जेष्ठ नागरिकलाई कसरी वर्गीकरण गरिएको छ ?

- भत्ता वा सुविधा उपलब्ध गराउने प्रयोजनका लागि देहायका आधारमा जेष्ठ नागरिक, असहाय जेष्ठ नागरिक र अशक्त जेष्ठ नागरिक भनी वर्गीकरण गरिएको छ ।
  - साठी वर्ष उमेर पूरा गरेको जेष्ठ नागरिक,
  - सत्तरी वर्ष उमेर पूरा गरेको वरिष्ठ जेष्ठ नागरिक,
  - असहाय जेष्ठ नागरिक,
  - अशक्त जेष्ठ नागरिक,
  - एकल जेष्ठ नागरिक (विदुर, विधवा)

३. असहाय जेष्ठ नागरिक भन्नाले कसलाई बुझाउँछ ?

- जीवनयापन गर्ने कुनै आधार, आयस्रोत वा सम्पत्ति नभएको, पालनपोषण तथा हेरचाह गर्ने परिवारको कुनै सदस्य नभएको र भएपनि निजले पालनपोषण नगरी अपहेलित वा उपेक्षित जीवनयापन गर्नु परेको जेष्ठ नागरिकलाई असहाय जेष्ठ नागरिक भन्ने बुझाउँछ ।

४. अशक्त जेष्ठ नागरिक कस्तो व्यक्तिलाई भनिन्छ ?

- शारीरिक वा मानसिक रूपले असक्षम रहेको जेष्ठ नागरिकलाई अशक्त जेष्ठ नागरिक भनिन्छ ।

५. हेरचाह केन्द्र भन्नाले के बुझिन्छ ?

- जेष्ठ नागरिकलाई शुल्क लिई वा नलिई पालन पोषण वा हेरचाह गर्नको लागि स्थापना भएको घर, आश्रय वा यस्तै प्रकारको संरचनालाई हेरचाह केन्द्र भनिन्छ ।

६. दिवा सेवा केन्द्र भन्नाले के बुझिन्छ ?

- दिवा सेवा केन्द्र भन्नाले जेष्ठ नागरिकलाई शुल्क लिई वा नलिई दिउँसोको समयमा हेरचाह गर्नको लागि स्थापना तथा सञ्चालन भएको घर, आश्रय वा यस्तै प्रकारको ठाउँ भन्ने बुझाउँछ ।

७. जेष्ठ नागरिक क्लब भन्नाले केलाई जनाउँछ ?

- कम्तीमा पाँचजना जेष्ठ नागरिक सदस्य हुने गरी प्रचलित कानूनबमोजिम स्थापना

भएको क्लबलाई जेष्ठ नागरिक क्लब भनिन्छ । त्यस्तो क्लब सञ्चालनका लागि स्थानीय निकायबाट सञ्चालन रकम पनि प्राप्त गर्न सकिन्छ ।

८. जेष्ठ नागरिकको परिचयपत्र कहाँबाट पाइन्छ ?

- जेष्ठ नागरिक परिचय पत्र जेष्ठ नागरिकको बसोबास रहेको गाउँपालिका वा नगरपालिकाले उपलब्ध गराउँदछ ।

९. संविधानले जेष्ठ नागरिकको के कस्ता हक अधिकार सुनिश्चित गरेको छ ?

- जेष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षा प्राप्त गर्ने हक हुन्छ ।
- जेष्ठ नागरिक अरूसरह कानूनको दृष्टिमा समान हुन्छन् ।
- कानूनको समान संरक्षणबाट जेष्ठ नागरिकलाई बञ्चित गर्न मिल्दैन ।
- जेष्ठ नागरिकलाई सामान्य कानूनको प्रयोगमा कुनै पनि आधारमा भेदभाव गरिने छैन ।
- जेष्ठ नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानूनबमोजिम विशेष व्यवस्था गर्न सकिन्छ ।

१०. जेष्ठ नागरिकलाई कानूनले के कस्ता अधिकार प्रदान गरेको छ ?

- परिवारबाट बसोबास, हेरचाह, पालन पोषण, औषधी उपचार पाउने अधिकार छ ।
- समाजबाट समुचित सम्मान पाउने अधिकार छ ।
- राज्यका विभिन्न सार्वजनिक, सरकारी सेवाका निकायबाट पाउने सेवामा छुट तथा प्राथमिकता र विशेष संरक्षण पाउने अधिकार छ ।
- जेष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता पाउने अधिकार छ ।
- दलित र एकल महिला जेष्ठ नागरिकले साठी वर्ष उमेर पूरा गरेपछि र अन्य जेष्ठ नागरिकले सत्तरी वर्ष उमेर पूरा गरेपछि सामाजिक सुरक्षा भत्ता पाउँछन्।
- खास क्षेत्र वा तोकिएको क्षेत्रमा बसोबास गर्ने जेष्ठ नागरिकले तोकिएको उमेर नपुगे पनि जेष्ठ नागरिक भत्ता पाउँछन् ।

११. जेष्ठ नागरिकको पालन पोषण तथा हेरचाह सम्बन्धमा को, कसको, कस्तो दायित्व हुन्छ ?

- जेष्ठ नागरिकलाई आफ्नो हैसियत तथा इज्जतअनुसार पालन पोषण तथा हेरचाह गर्नु परिवारका प्रत्येक सदस्यको कर्तव्य हुन्छ ।
- जेष्ठ नागरिकले आफ्नो अंश लिई परिवारबाट अलग बसेको वा बस्न चाहेको अवस्थामा बाहेक निजले रोजेको परिवारको सदस्यले साथमा राखी पालन पोषण गर्नु पर्दछ ।

- जेष्ठ नागरिकको इच्छा विरूद्ध परिवारबाट अलग राख्न वा अलग बस्न बाध्य गराउन मिल्दैन ।
- जेष्ठ नागरिकको वा निजलाई पालन पोषण गर्ने परिवारको सदस्यको आर्थिक अवस्था कमजोर भएमा परिवारको अन्य सदस्यले पालन पोषण तथा हेरचाहको व्यवस्था गर्नु पर्नेछ ।
- परिवारको कुनै सदस्य, नातेदार वा हकवालाले जेष्ठ नागरिकको चल अचल सम्पत्ति प्रयोग वा उपयोग गरेको अवस्था रहेछ भने निजले नै पालन पोषण वा हेरचाह गर्नु पर्दछ ।

१२. जेष्ठ नागरिकको पालन पोषण वा हेरचाह नगरेमा कहाँ उजुरी दिन सकिन्छ ?

- हेरचाह गर्नु पर्ने व्यक्तिले पालन पोषण वा हेरचाह नगरेको अवस्थामा जेष्ठ नागरिकले सम्बन्धित गाउँपालिका वा नगरपालिकाको वडा अध्यक्षसमक्ष उजुरी दिन सक्ने छन् ।
- जेष्ठ नागरिकले दिएको उजुरी वा निवेदनको टुंगो तीस दिनभित्र लगाउनु पर्नेछ ।

१३. जेष्ठ नागरिकले उजुरी दिएमा स्थानीय निकायले के कस्तो उपचार प्रदान गर्दछन् ?

- जेष्ठ नागरिकले उजुरी दिएपछि वडा अध्यक्षले उजुरीउपर जाँचबुझ गरी पालन पोषण तथा हेरचाह गर्नुपर्ने सदस्य, नातेदार वा हकवालालाई मेलमिलाप गराउँछन् ।
- मेलमिलाप हुन नसकेमा पालनपोषण गर्न लिखित आदेश दिन सक्छन् ।
- त्यस्तो आदेशको पालना नगरेमा आदेश पालना नगर्ने व्यक्तिका सम्बन्धमा स्थानीय निकायले गर्नु पर्ने कुनै पनि सिफारिस नगर्न वा त्यस्ता व्यक्तिका जुनसुकै काम रोक्न सक्नेछ ।
- वडा अध्यक्षले दिएको आदेशमा चित्त नबुझ्ने पक्षले सो आदेश प्राप्त गरेको मितिले सात दिनभित्र सम्बन्धित गाउँपालिकाको अध्यक्ष, नगरपालिकाको प्रमुखसमक्ष निवेदन दिन सक्ने छन् ।

१४. जेष्ठ नागरिकले कस्तो सम्पत्ति आफूखुसी गर्न पाउँछन् ?

- प्रचलित कानूनबमोजिम अंशवन्डा गरिरहनु नपर्ने र आफ्नो अंश भागको चल अचल र सोबाट बढे बढाएको सम्पत्ति जेष्ठ नागरिकले आफूखुसी गर्न पाउँछन् ।

१५. जेष्ठ नागरिकलाई के कस्तो छुट र सुविधा दिने व्यवस्था रहेको छ?

- नेपाल सरकारले तोकेको किसिमको सार्वजनिक सवारी साधनमा सम्बन्धित सवारीधनी वा सञ्चालकले जेष्ठ नागरिकको लागि कम्तीमा दुईवटा सीट सुरक्षित राख्नु पर्ने र निजलाई यात्रु भाडादरमा कम्तीमा पचास प्रतिशत छुट दिनुपर्ने ।
- स्वास्थ्य सेवा प्रदान गर्ने प्रत्येक संस्थाले जेष्ठ नागरिकलाई प्राथमिकता दिई स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने ।
- नेपाल सरकारले तोकेको स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाले नेपाल सरकारले तोकेको संख्यामा जेष्ठ नागरिकले त्यस्तो संस्थामा उपचार गराउँदा लाग्ने शुल्कमा कम्तीमा पचास प्रतिशत छुट दिनु पर्ने ।
- खानेपानी, बिजुली, टेलिफोनलगायत सार्वजनिक सेवा प्रदान गर्ने अन्य संस्थाले सेवा प्रदान गर्दा जेष्ठ नागरिकलाई प्राथमिकता दिनु पर्ने।
- नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी जेष्ठ नागरिकलाई समय समयमा अन्य छुट र सुविधा दिन सक्ने ।

१६. जेष्ठ नागरिकलाई भिक्षा माग्न लगाउन वा सन्यासी बनाउन नहुने सम्बन्धी कानूनी व्यवस्था के छ ?

- कसैले पनि जेष्ठ नागरिकलाई भिक्षा माग्न लगाउन हुँदैन ।
- जेष्ठ नागरिकलाई निजको इच्छाविपरित सन्यासी, भिक्षु वा फकिर बनाउनु हुँदैन।
- जेष्ठ नागरिकलाई निजको इच्छाविपरित सन्यासी, भिक्षु वा फकिर बनाएकोमा बदर गराउन सकिन्छ ।

१७. जेष्ठ नागरिक विरुद्ध गरिएका कसूरमा के कस्तो दण्ड सजाय हुन्छ ?

- हेरचाह केन्द्र वा दिवा सेवा केन्द्रका प्रमुख, सञ्चालक, कर्मचारी वा अन्य कुनै व्यक्तिले जेष्ठ नागरिकको सम्पत्ति लिने बदनियतले कुनै काम गरेमा निजलाई एक वर्षदेखि पाँच वर्षसम्म कैद वा बिगोबमोजिम जरिवाना वा दुवै सजाय हुन्छ।
- जेष्ठ नागरिकलाई भिक्षा माग्न लगाएमा तीन महिनासम्म कैद वा पच्चिस हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ ।
- जेष्ठ नागरिकलाई निजको इच्छाविपरित सन्यासी, भिक्षु वा फकिर बनाएमा त्यस्तो व्यक्तिलाई एक वर्षसम्म कैद वा पचास हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ ।
- प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले अशक्त जेष्ठ नागरिक वा पचहत्तर वर्ष उमेर पूरा गरेको जेष्ठ नागरिक विरूद्ध प्रचलित कानूनबमोजिम कसूर मानिने कुनै कार्य गरेमा निजलाई प्रचलित कानूनमा व्यवस्था भएको सजायमा पच्चिस प्रतिशत थप सजाय हुन्छ ।

१८. जेष्ठ नागरिक संलग्न मुद्दामा के कस्तो प्राथमिकता दिइन्छ र कसरी प्रतिनिधित्व हुन्छ ?

- जेष्ठ नागरिक मात्र पक्ष वा विपक्ष भएको मुद्दालाई अदालतले प्राथमिकता दिई कारबाही र किनारा गर्नुपर्ने ।
- कुनै असहाय वा अशक्त जेष्ठ नागरिक मात्र पक्ष वा विपक्ष भएको मुद्दाको सुनुवाइ गर्दा अदालतले निजको प्रतिरक्षा गर्ने कानून व्यवसायी राखेर मात्र गर्नुपर्ने ।
- कुनै जेष्ठ नागरिकले आफ्नो आर्थिक अवस्था कमजोर भएकोले मुद्दाको प्रतिरक्षा गर्न कानून व्यवसायी नियुक्त गर्न नसक्ने भनी अदालतसमक्ष निवेदन दिएमा सम्बन्धित अदालतले निजको लागि वैतनिक कानून व्यवसायीको सेवा उपलब्ध गराइदिनु पर्ने ।
- जेष्ठ नागरिकसँग सम्बन्धित जुनसुकै कामको प्राथमिकता दिई सम्पादन गरिदिनु पर्नेछ ।

१९. जेष्ठ नागरिकलाई लागेको कैद छुटको सम्बन्धमा के कस्तो व्यवस्था रहेको छ ?

- पैंसट्ठी वर्ष उमेर पूरा भई सत्तरी वर्ष ननाघेका जेष्ठ नागरिकलाई पच्चिस प्रतिशतसम्म,
- सत्तरी वर्ष उमेर पूरा भई पचहत्तर वर्ष ननाघेका जेष्ठ नागरिकलाई पचास प्रतिशतसम्म,
- पचहत्तर वर्ष उमेर पूरा भएका जेष्ठ नागरिकलाई पचहत्तर प्रतिशतसम्म,
- कैद सजाय पाएको जेष्ठ नागरिक वा पचहत्तर वर्ष उमेर पूरा गरेको जेष्ठ नागरिकलाई अदालतले कसूरको गाम्भीर्यता हेरी कारागारमा नराखी हेरचाह केन्द्रमा राख्न आदेश दिन सक्ने,

२०. जेष्ठ नागरिक विरुद्धको कसूर अपराधका सम्बन्धमा मुद्दा हेर्ने निकाय कुन हो ?

- जेष्ठ नागरिक विरूद्धको कसूर–अपराधसम्बन्धी मुद्दाको शुरू कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुन्छ ।
- जेष्ठ नागरिक विरूद्धको कसूर–अपराधबारेको उजुरी–सूचना नजिकको प्रहरी कार्यालयमा दिनुपर्छ ।

२१. पीडित जेष्ठ नागरिक स्वयंले मुद्दा दायर गर्नुपर्छ वा पर्दैन ?

- जेष्ठ नागरिकसम्बन्धी कसूरको मुद्दा नेपाल सरकार वादी भई चल्ने व्यवस्था भएकोले उजुरी दिएपछि नेपाल सरकारले नै अनुसन्धान गरी जिल्ला अदालतमा मुद्दा दायर गर्दछ ।
- पीडित पक्ष आफैँले मुद्दा दायर गर्नु पर्दैन नजिकको प्रहरी कार्यालयमा सूचना दिए पुग्छ ।

२२. जेष्ठ नागरिकले निःशुल्क कानूनी सहायता प्राप्त गर्न सक्छन् कि सक्दैनन् ?

- सम्बन्धित जिल्ला कानूनी सहायता समितिमा वा सम्बन्धित अदालतमा सम्पर्क गरी वैतनिक कानून व्यवसायीबाट निःशुल्क कानूनी सहायता प्राप्त गर्न सकिन्छ ।

२३. के कस्ता जेष्ठ नागरिकलाई हेरचाह केन्द्रमा राखिन्छ ?

- सरकारले वा कुनै व्यक्ति वा संस्थाले जेष्ठ नागरिकका लागि हेरचाह केन्द्र तथा दिवा सेवा केन्द्रको स्थापना र सञ्चालन गर्न सक्दछन ।
- यस्तो सेवा केन्द्रमा जेष्ठ नागरिक, अशक्त जेष्ठ नागरिक, असहाय जेष्ठ नागरिकलाई राख्न सकिन्छ ।
- अदालतबाट कैद सजाय पाउने ठहरी अदालतले आदेश दिएको जेष्ठ नागरिक वा ७५ वर्ष उमेर पूरा भएका जेष्ठ नागरिकलाई हेरचाह केन्द्रमा राखिनेछ ।

२४. जेष्ठ नागरिकका हक अधिकारका सम्बन्धमा अदालतले के कस्तो आदेश जारी गरेको छ ?

- जेष्ठ नागरिकको हकमा अदालत सदैव सकारात्मक रहेको छ ।
- नरध्वज गुरूङले दिएको ०७४-WH-००२९ नं. को रिट निवेदनमा सर्वोच्च अदालतबाट मिति २०७४।८।२९ मा निवेदकलाई जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२ तथा कारागार नियमावली, २०२० को नियम २९ (२क) समेतका प्रचलित नेपाल कानूनबमोजिम के कति सुविधा दिने हो भन्ने सम्बन्धमा अविलम्ब निर्णय गरी कानूनबमोजिम निजले पाउने कैद छुट सुविधा दिनु, दिलाउनु भनी परमादेश जारी भएको छ ।
- पेम्बा गुरूङले दिएको ०७५-WO-००५० नं. को रिट निवेदनमा सर्वोच्च अदालतबाट मिति २०७५।१०।१० मा निम्नअनुसार निर्देशानात्मक आदेश जारी भएको छ ।
  - जेष्ठ नागरिकलाई सजायमा हुने छुट तोक्ने अधिकारी किटान गर्नू,
  - सजायमा हुने छुटको प्रतिशत निर्धारण गर्ने आधार तोक्न नियम वा कार्यविधि बनाई लागू गर्नू,
  - जिल्ला अदालतहरूले कारागारको निरीक्षण गरी थुनामा रहेका जेष्ठ नागरिकलाई ऐनले दिएको सजाय छुटको व्यवस्था लागू गर्नू ।

२५. जेष्ठ नागरिकको हक, हित र सरोकारसँग सम्बन्धित मुख्य निकायहरू कुन कुन हुन् र के के काम गर्दछन् ?

- महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयः–
  - नीति, योजना तथा कार्यक्रम बनाउने
- समाज कल्याण मन्त्रीको अध्यक्षतामा रहने केन्द्रीय जेष्ठ नागरिक कल्याण समितिः–
  - जेष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षाका लागि नीति, योजना र कार्यक्रम तयार गरी नेपाल सरकारसमक्ष पेस गर्ने,

- ❖ नेपाल सरकारबाट स्वीकृत नीति, योजना तथा कार्यक्रम कार्यान्वयन र अनुगमन गर्ने,
- ❖ जिल्ला जेष्ठ नागरिक कल्याण समितिसँग समन्वय गर्ने आदि कार्य गर्दछ।

- जिल्ला समन्वय समितिको सभापतिको अध्यक्षतामा रहने जिल्ला जेष्ठ नागरिक कल्याण समितिः-
  - ❖ जिल्लाभित्रका जेष्ठ नागरिकको लगत संकलन गरी अभिलेख राख्ने,
  - ❖ जिल्लाभित्र आवश्यक पर्ने योजना तथा कार्यक्रम तयार गरी केन्द्रीय समितिमा पठाउने,
  - ❖ जेष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षाका लागि स्वीकृत जिल्ला स्तरीय योजना तथा कार्यक्रमको कार्यान्वयन र अनुगमन गर्ने जस्ता कार्य गर्दछ ।
- स्थानीय तहका सम्बन्धित वडा कार्यालय, न्यायिक समितिः-
  - ❖ जेष्ठ नागरिकलाई पालन पोषण वा हेरचाह नगरेको भन्ने उजुरी परेमा छलफल, मेलमिलाप गराउने तथा आवश्यक कारबाही गर्ने कार्य गर्दछ ।
- सम्बन्धित जिल्ला अदालतः-
  - ❖ जेष्ठ नागरिक पक्ष भएका मुद्दामा निजको प्रतिरक्षा गर्न कानून व्यवसायी राखिदिने,
  - ❖ आर्थिक अवस्था कमजोर भएका जेष्ठ नागरिकका लागि वैतनिक कानून व्यवसायीबाट सेवा उपलब्ध गराई दिने,
  - ❖ जेष्ठ नागरिक पक्ष भएका मुद्दा मामिलामा प्राथमिकता दिई कारवाही र किनारा गर्ने,

२६. जेष्ठ नागरिकका हक अधिकारसँग सम्बन्धित कानूनहरू कुन कुन हुन् ?

- ❖ नेपालको संविधान
- ❖ जेष्ठ नागरिक ऐन, २०६३
- ❖ मुलुकी देवानी संहिता, २०७४
- ❖ मुलुकी अपराध संहिता, २०७४
- ❖ फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४
- ❖ कारागार ऐन, २०१९
- ❖ जेष्ठ नागरिकसम्बन्धी नियमावली, २०६५
- ❖ सामाजिक सुरक्षा ऐन, २०७५ ।

सम्पर्क ठेगानाः

सर्वोच्च अदालत
न्यायमा पहुँच आयोग
रामशाहपथ, काठमाडौं नेपाल ।

फोन नं. : ०१-४२००७५५, ०१-४२००७२९
ईमेल : a2jc@supremecourt.gov.np
वेभसाइट : www.supremecourt.gov.np

जेष्ठ नागरिकको अधिकार एवं न्यायिक उपचारसम्बन्धी जानकारी पुस्तिका

सर्वोच्च अदालत
न्यायमा पहुँच आयोग
रामशाहपथ, काठमाडौं
२०७६

देवानी कार्यविधिसम्बन्धी जानकारी पुस्तिका

१ अदालतको क्षेत्राधिकार भन्नाले केलाई बुझाउँछ ?

कुनै पनि मुद्दाको सुनुवाई गरी निर्णय गर्न कानून बमोजिम अदालतलाई प्रदान गरिएको अधिकारलाई अधिकारक्षेत्र भनिन्छ। अधिकारक्षेत्र मिचेर गरेको आदेश वा फैसला बदर हुने भएकोले कुनै मुद्दा दायर गर्नुअघि वादी वा निवेदकले सम्बन्धित अदालत वा निकायलाई आफ्नो मुद्दा हेर्ने अधिकारक्षेत्र भए नभएको कुरा यकिन गरेर मात्र मुद्दा दायर गर्नुपर्छ।

२ वादी प्रतिवादी बसोवास गरेको जिल्लाबाहेक अन्यत्र गरेको लेनदेन कारोवारमा फिराद दिनु परेमा कहाँ दिनुपर्छ?

जुन जिल्लामा कारोबार गरेको हो, सोही जिल्लाको जिल्ला अदालत वा वादी वा प्रतिवादी रहेको जिल्ला अदालतमध्ये जुनसुकै अदालतमा मुद्दा दायर गर्न सकिन्छ।प्रतिवादीहरू दुई जनाभन्दा बढी भए सबैभन्दा बढी प्रतिवादी बसेको जिल्लाको जिल्ला अदालतमा र एकभन्दा बढी जिल्लामा समान सङ्ख्याका प्रतिवादी भए कुनै एक जिल्ला अदालतमा मुद्दा दायर गर्न सकिन्छ। **(दे.का.स.[1], दफा १९(२))**

३ कुनै व्यक्तिले एकै विषयमा भिन्न भिन्न अदालतमा छुट्टाछुट्टै फिराद दिएमा कुन फिराद कायम रहन्छ ?

एकै विषयमा फरक फरक अदालतमा भिन्ना भिन्नै फिरादपत्र दर्ता गरेको भएमा मुद्दाका दुबै पक्षको सहमति अनुसार कुनै एउटा अदालतको मात्र फिरादपत्र कायम रहन्छ। कुन फिरादपत्र कायम रहने भन्नेमा पक्षहरूबीच सहमति हुन नसकेमा पहिले दर्ता भएको फिराद कायम राखी इन्साफ गरिन्छ। **(दे.का.स.,दफा २६)**

[1] मुलुकी देवानी कार्यबिधि संहिता, २०७४

४ निषेधाज्ञाको निवेदन कस्तो अवस्थामा दिन पाइन्छ ?

कुनै व्यक्ति वा निकायले कुनै व्यक्तिको कानून प्रदत्त हकमा आघात पुर्याएमा वा आघात पुर्याउने आशङ्का भएमा त्यस्तो हकको प्रचलनको लागि निषेधाज्ञाको आदेश जारी गर्ने अधिकार सम्बन्धित जिल्ला र उच्च अदालतलाई हुन्छ। **(न्या.प्र.ऐ.[2],दफा ७(३)(आ))**

५ निषेधाज्ञाको निवेदनपत्रमा के के कुरा खुलाउनु पर्छ ?

निषेधाज्ञाको निवेदनमा निम्न कुराहरू खुलाउनुपर्छः **(जि.अ.नि., ३१)**

(क) अदालतको अधिकार क्षेत्र सम्बन्धी कुरा,

(ख) के कुन नागरिक अधिकारमा आघात हुने सम्भावना छ सो कुरा,

(ग) निवेदकले मागेको उपचार,

(घ) सो उपचार पाउन सक्ने कानुनी आधारहरू,

(ङ) यही विषयमा अन्य अदालतमा कुनै कानूनी कारवाही चलाए नचलाएको कुरा ।

६ बन्दीप्रत्यक्षीकरणको निवेदन के कुन अवस्थामा कहाँ दिनु पर्छ?

कसैले कुनै व्यक्तिलाई गैरकानूनी रूपले थुनामा राखेमा, त्यस्तो **व्यक्तिको हक प्रचलनको लागि** आफुलाई पायक पर्ने जिल्ला,उच्च र सर्वोच्च जुनसुकै अदालतमा बन्दी स्वयम्ले निवेदन दिन नसक्ने अवस्था भएमा सो को कारण खुलाई निजको नातेदार वा सो सम्बन्धमा जानकार राख्ने सरोकारवाला व्यक्तिले बन्दीको हकमा निवेदन दिन सक्नेछ ।

७ बन्दीप्रत्यक्षीकरणको निवेदन दायर गर्नु परेमा कुन कुन कुरा खुलाउनु पर्छ ?

बन्दीप्रत्यक्षीकरणको निवेदनमा निम्न कुराहरू खुलाउनुपर्छः

(क) बन्दीलाई कसले वा कहिलेदेखि र कुन परिबन्दबाट बन्दी बनाएको हो ?

(ख) बन्दीलाई अन्न, पानी बन्द गरिएको छ, छैन ?

(ग) बन्दीलाई थुनामा राखिएको स्थान कुन हो ?

(घ) थुनाको सम्बन्धमा पहिले वा अन्य कुनै अदालतमा निवेदन दिएको छ छैन ? भए त्यसको परिणाम के भएको छ? (जि.अ.नि.[3], २४)

---

[2] न्याय प्रशासन ऐन, २०७३.

[3] जिल्ला अदालत नियमावली,२०७५.

८ अदालतमा दर्ता गर्नुपर्ने जुनसुकै प्रकारका निवेदनपत्रमा कुन कुन कुरा खुलाएको हुनुपर्छ ?

अदालतमा दर्ता गर्नु पर्ने जुनसुकै प्रकारका निवेदनपत्रमा निम्न कुराहरू खुलाउनुपर्छः

(क) निवेदकको पूरा नाम, थर र ठेगाना,

(ख) निवेदनमा माग गरेको बिषय,

(ग) सम्बद्ध कानूनको नाम र दफा,

(घ) मुद्दासँग सम्बन्धित निवेदन भए मुद्दा परेको साल, मुद्दाको नम्बर र मुद्दा रहेको अदालत।

(ङ) पहिले निवेदन दिएकै विषयमा फेरि निवेदन दिएको भए पहिलो निवेदनमा भएको आदेश बारे उल्लेख गर्नुपर्छ। **(जि.अ.नि., १०६)**

९ मुद्दामा कानून व्यवसायी राख्न नसक्ने पक्षले के गर्ने?

मुद्दामा कानून व्यवसायी राख्न असमर्थ पक्षले सम्बन्धित अदालतमा गई वैतनिक कानून व्यवसायीको सहायता लिई आफ्नो मुद्धाको फिराद, प्रतिउत्तर, निवेदन आदि लिखतहरू लेख्न लेखाउन र अदालतमा दर्ता गराउन सकिन्छ। यसका साथै सम्बन्धित अदालतको बार एशोशिएशनमा समेत निःशुल्क कानूनी सहायताको प्रबन्ध रहेको हुँदा त्यहाँ सम्पर्क गरी कानूनी सहायता लिन पनि सकिन्छ।

१० वैतनिक वकीलको लागि कहाँ सम्पर्क गर्ने ?

कानून व्यवसायी राख्न नसक्ने व्यक्तिहरूलाई निःशुल्क रूपमा कानूनी सहायता उपलब्ध गराउन तीनै तहका अदालतमा वैतनिक कानून व्यवसायीको व्यवस्था रहेको हुँदा सम्बन्धित अदालतमा गई स्रेस्तेदार वा रजिष्ट्रारसमक्ष वैतनिक वकील राखिपाऊँ भनी अनुरोध गर्नुपर्छ। **(जि.अ.नि.,१०१)**

११ अदालतमा दर्ता हुने सबै लिखतहरू कानून व्यवसायीबाट लेखाउनु नै पर्छ?

अदालतमा दर्ता हुने सबै लिखत वा निवेदनहरू कानून व्यवसायीबाट लेखाइरहनु पर्दैन। केही निवेदनहरूको ढाँचा अदालतको तर्फबाट पहिले नै तयार गरी कम्प्युटरमा राखिएको हुन्छ। पक्षले माग गरेमा त्यस्ता निवेदनहरू अदालतको कर्मचारीले नै भरेर निशुल्क रुपमा पक्षलाई उपलब्ध गराउने व्यवस्था छ। जस्तैः फैसला वा अन्य कागजातको नक्कल पाऊँ भन्ने,

वारिस राखिपाऊँ भन्ने वा वारिस बदली गरिपाऊँ भन्ने, तारिख थामी पाऊँ भन्ने, जग्गा रोक्का वा फुकुवा गरिपाऊँ भन्ने आदि विभिन्न फुटकर निवेदनहरू पक्षले माग गरेमा अदालतकै तर्फबाट उपलब्ध गराइन्छ।

१२ अदालतमा पेश हुने लिखतमा सहिछाप गर्दा के कस्तो रीत पुगेको हुनुपर्छ ?

(क) अदालतमा पेस हुने लिखतमालेख्न जान्ने व्यक्तिले नउड्ने पक्का मसिको प्रयोग गरी आफ्नो पूरा नाम, थर, ठेगाना लेखी हस्ताक्षर गरेको हुनुपर्छ र लेख्न नजान्नेले प्रष्टसँग देखिनेगरी ल्याप्चे सहीछाप गर्नु पर्छ।

(ख) दुबै हातको बुढी औंलाको ल्याप्चे सहीछाप र हस्ताक्षर गरेको हुनुपर्ने भनी तोकिएका लिखतमा सोही बमोजिम सहीछाप गरेको हुनुपर्छ। **(दे.का.सं,दफा २९ र ३०)**

१३ कस्ता व्यक्तिको तर्फबाट कागज गर्दा संरक्षकको रोहबरमा गराउनु पर्छ

दृष्टिविहीन वा बोल्न नसक्ने, नाबालक वा होस ठेगानमा नरहेका आवादीव्यक्तिकोतर्फबाट कुनै लिखत गराउँदा त्यस्ता व्यक्ति र निजको संरक्षक वा माथवरको समेत सहीछाप गराउनु पर्छ। साथै लेख्न पढ्न नसक्ने व्यक्तिले समेत चाहेमा आफूले रोजेको व्यक्ति रोहबरमा राखी लिखतमा सहिछाप गराउन सकिन्छ। **(दे.का.सं.,दफा ३५)**

१४ नाबालक, दृष्टिविहीन जस्ता अशक्त व्यक्तिको तर्फबाट फिराद दिने हक कसमा रहन्छ ?

कानून बमोजिम उमेर नपुगेको नाबालिग, उमेर पुगेको भएपनि बृद्धावस्थाको कारणले अशक्त भएको, दृष्टिविहीन, बोल्न नसक्ने, होस ठेगानमा नरहेको वा वेपत्ता भएको व्यक्ति वा निज आफैंले नसकेको अवस्थामा त्यस्तो व्यक्तिको तर्फबाट फिरादपत्र, प्रतिउत्तरपत्र, पुनरावेदनपत्र वा निवेदनपत्र दिनु परेमा संरक्षक वा माथवरले दिनसक्ने कानूनी व्यवस्था रहेकोछ। **(दे.का.सं.दफा २६७)**

१५ संरक्षक वा माथवरले फिरादपत्र दर्ता गर्ने अनुमति माग गर्दा कुन कुन कागजात पेश गर्नुपर्छ?

नाबालिग,अशक्त वा बेपत्ता भएको व्यक्तिको तर्फबाट अदालतमा फिरादपत्र, प्रतिउत्तरपत्र, पुनरावेदनपत्र वा निवेदन दर्ता गर्न अनुमतिको लागि निवेदन दिँदा अशक्त व्यक्तिको हकमा त्यस्तो पुष्टि हुने चिकित्सकको प्रमाणपत्र र नाबालक वा बेपत्ता भएको व्यक्तिको हकमा स्थानीय तहको सिफारिश समेत साथै पेश गर्नुपर्छ। **(दे.का.स, दफा २६७), (जि.अ.नि. १०)**

१६ फिराद दायर गर्नु अघि के के कुरामा विचार गर्नुपर्छ?

(क) फिरादपत्र दिने हकदैया,हदम्याद र सोसँग सम्बद्ध कानून,

(ख) अदालतको अधिकारक्षेत्र,

(ग)सार्वजनिक हित वा सरोकार निहित रहेको विवादमा मुद्दा दर्ता गर्ने अनुमति भएको,

(घ) संरक्षक, माथवर वा हकवालाको हकमा सो पुष्टि हुने प्रमाण,

(ङ)मुद्दा दर्ता गर्नका लागि कानून बमोजिम अनुमति लिनुपर्नेमा अनुमति लिएको,

(च) फिराद दावीसँग सम्बद्ध कानून,

(छ) फिरादपत्रमा उल्लेख गरिएका प्रमाणको विवरण,

(ज) लाग्ने अदालती शुल्क र फिराद दस्तुर संलग्न गरेको,

(झ) ऐनबमोजिमको रीत ढाँचा मिलेको,

(ञ) आवश्यक सङ्ख्यामा फिरादपत्र र प्रमाणको प्रतिलिपी संलग्न गरेको,

(ट)वादी वा निजको कानून व्यवसायी आफैंले प्रतिवादीको नामको म्याद तामेल गर्ने भएमा सो बेहोरा खुलाएको,

(ठ)अंश मुद्दामा सम्पत्तिको फाँटवारी खुलाएको,

(ड)यसै विषयमा अन्यत्र फिराद दिए नदिएको कुरा **(दे. का.स, दफा ९८), (दे.का .नि. नि.९)**

१७ अरु ब्यक्तिहरूबीच चलेको मुद्दाको फैसलाबाट आफ्नो हक प्रभावित हुने अबस्था आएमा के गर्ने?

अन्य व्यक्तिहरूबीच चलेको कुनै मुद्दाको परिणामबाट मुद्दामा संलग्न नभएको अर्को कुनै ब्यक्तिको हकहित समेत प्रभावित भएको रहेछ भने आफूलाई प्रभावित गर्ने फैसला, निर्णय वा मिलापत्र बदर गराई पाउँ भनी उजुरी दिन पाइन्छ। यसरी उजुरी दिनु परेमा त्यस्तो फैसला भएको कुरा थाहा पाएको मितिले पैंतीस दिनभित्र सो फैसला वा निर्णय गर्ने अड्डामा नै फिरादपत्र दिनुपर्छ। **(दे.का.सं.दफा ९२)**

१८ प्रतिवादीका नामको म्याद वादी आफैंले तामेल गर्न मिल्छ वा मिल्दैन ?

प्रतिवादीका नामको म्याद वादी आफैंले वा निजको कानून व्यवसायी मार्फत् बुझाउन कानूनतः बाधा छैन। वादी आफैंले म्याद बुझाउने हो सो कुरा फिरादपत्रमा उल्लेख गरेको हुनुपर्छ। प्रतिवादीले पनि यसरी बुझाउन ल्याएको म्याद बुझिलिनु पर्छ। **(दे.का.सं.दफा १००)**

१९ म्याद तामेलीमा असहयोग गर्ने व्यक्तिलाई के सजाय हुन्छ ?

अदालतबाट जारी भएको म्याद तामेल गर्न तामेलदारलाई असहयोग गर्ने व्यक्तिलाई पाँच हजार रुपैयाँसम्म जरिवाना हुनसक्छ। **(दे.का.सं.दफा १०९)**

२० घर ठेगाना पत्ता नलागेका व्यक्तिको नामको म्याद कसरी तामेल गर्न सकिन्छ?

अदालतले म्याद सूचना तामेल गर्नु पर्ने व्यक्तिको घर ठेगाना पत्ता नलागेमा त्यस्तो व्यक्तिको गाउँ,शहर र टोल लेखिएको भए सोही ठेगानामा र गाउँ,शहर र टोल पनि पत्ता नलागेको भए सोही व्यहोरा जनाई अदालतको सूचना पाटीमा टाँस गरी राष्ट्रियस्तरका दैनिक पत्रिकामा सूचना प्रकाशन गरी म्याद तामेल गर्न सकिन्छ। **(दे.का.सं.दफा १०९)**

२१ पत्रिकामा म्याद प्रकाशित गर्दा लाग्ने खर्च कसले बेहोर्नु पर्छ ?

प्रतिवादीका नामको म्याद पत्रिकामा प्रकाशित गर्दा लाग्ने खर्च सम्बन्धित मुद्धाको वादीले बेहोर्नु पर्छ।

२२ बेरीतसँग म्याद तामेल भई एकतर्फी फैसला भएकोमा के कानूनी उपचार प्राप्त गर्न सकिन्छ? (दे.का.सं.दफा ११८)

बेरीतसँग म्याद तामेल गरेको कारण प्रतिवादीले मुद्दामा प्रतिरक्षा गर्न नपाई निजको विरुद्धमा एकतर्फी फैसला भएमा त्यस्तो फैसला भएको ६ महिनाभित्रमा थाहा पाएको मितिले पैंतीस दिनभित्र प्रतिउत्तरपत्र सरहको पुनरावेदन त्यस्तो फैसला उपर पुनरावेदन सुन्ने अदालतमा दिन सकिन्छ। पुनरावेदन सुन्ने अदालतले सुनुवाई गर्दा प्रतिवादीलाई रीतपूर्वक म्याद तामेल नगरेको भन्ने ठहर भएमा त्यस्तो मुद्दामा तल्लो अदालतबाट भएको एकतर्फी फैसला बदर गरी कानून बमोजिम मुद्दाको पुनः कारबाही किनारा गर्न तल्लो अदालतलाई आदेश दिनु पर्छ।

२३ सामान्य अवस्थामा म्याद वा तारिख गुज्रिएमा कति पटक थाम्न सकिन्छ?(दे.का.सं.दफा २२३)

आफ्नो काबु बाहिरको परिस्थिति उत्पन्न भई तोकिएको म्याद वा तारिख गुज्रेकोमा म्यादको हकमा पन्ध्र दिनसम्म एकपटक र तारिखको हकमा बढीमा दुईपटक गरी एक्काईस दिनसम्म थमाउन सकिन्छ। कुनै मुद्दा पुनः इन्साफ गर्न मातहत अदालतमा पठाएकोमा वा मुलतबीबाट जगाई कारबाही गर्दा अघि थामे थमाएको म्याद वा तारिखको पटक गणना हुँदैन।

२४ विशेष अवस्था उत्पन्न भई हदम्याद, म्याद वा तारिख गुज्रिएमा कति अवधि थमाउन पाईन्छ?

क्र सं	हदम्याद, म्याद वा तारेख गुज्रिनुको कारण	थाम्न पाउने अवधि
१	किरिया वा किरिया सरहको शोकवरण गरी बस्नु परेको अवस्थामा	व्यक्तिको मृत्यु भएको पन्ध्र दिन पुगेको मितिले बाटोको म्याद बाहेक सात दिन,
२	महिला सुत्केरी भएको अवस्थामा	सुत्केरी भएको मितिले बाटोको म्याद बाहेक साठी दिन,
३	बाटो बन्द भई वा अन्य कुनै कारणले सार्वजनिक यातायातको साधन नचलेको अवस्थामा	बाटो खुलेको वा सार्वजनिक यातायातको साधन चलेको मितिले बाटोको म्याद बाहेक पन्ध्र दिन,
४	भूकम्प वा ज्वालामुखी जस्ता विपद् परेको अवस्थामा	त्यस्तो भएको मितिले बाटोको म्याद बाहेक दश दिन,
५	अपहरण वा शरीर बन्धक बनाएको अवस्थामा	मुक्त भएको मितिले बाटोको म्याद बाहेक पन्ध्र दिन,
६	अस्पतालमा भर्ना भई उपचार गर्नु परेको अवस्थामा	त्यसरी भर्ना भएको मितिले बाटोको म्याद बाहेक पन्ध्र दिन,

(दे.का.सं दफा ५८,२२५)

२५ गुज्रेको म्याद वा तारिख थाम्ने प्रयोजनको लागि बाटाको म्यादको गणना कसरी गरिन्छ? (दे.का.सं.दफा २२७)

यातायातको नियमित सेवा चलेको ठाउँमा रेल वा बसबाट आउँदा वास्तविक लागेको दिनको दरले र यातायातको नियमित सेवा नभएको ठाउँको लागि पन्ध्र किलोमिटर बराबर एक दिनको दरले बाटाको म्यादको हिसाब गर्नुपर्छ। यसरी बाटाको म्याद हिसाब गर्दा पन्ध्र किलोमिटर देखि घटी दुरीलाई एक दिनको म्याद कायम गरिन्छ। जम्मा पन्ध्र किलोमिटर भन्दा घटी दुरीको बाटोलाई बाटाको म्याद पाईँदैन।

२६ फिरादपत्र दर्ता गर्न हदम्याद पुग्ने अन्तिम दिन सार्वजनिक विदा परेमा के हुन्छ?

हदम्याद पुग्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यस्तो विदापछि लगत्तै अदालत खुलेको पहिलो दिन फिरादपत्र दर्ता गर्न जानुपर्छ। उक्त अवधिभित्र दर्ता भएको फिरादपत्र हदम्यादभित्र नै दर्ता भएको मानिन्छ। **(दे.का.सं.दफा ५०)**

२७ नाबालिक वा होस ठेगानमा नरहेको व्यक्तिको हकमा फिराद दायर गर्ने हदम्याद कहिलेबाट प्रारम्भ हुन्छ?

(क) फिराद दायर गर्नु पर्ने व्यक्ति नाबालक भए निजको हकमा निज बालिग भएको दिनदेखि र हदम्याद शुरु नहुँदै कुनै व्यक्तिको होस ठेगानमा नरहेमा निजको हकम होस ठेगानमा आएको दिनदेखि हदम्याद प्रारम्भ हुन्छ।

(ख) हदम्याद प्रारम्भ भएपछि कुनै व्यक्तिको होस ठेगानमा नरहेमा होस ठेगानमा रहेको अवस्थामा व्यतित हदम्यादको अवधि कट्टागरी होस ठेगानमा आएपछि बाँकी हुन आउने हदम्यादको अवधिभित्र फिराद दिनु पर्छ। यसरी बाँकी रहन आउने अवधि पन्ध्र दिनभन्दा कम हुने भएमा पन्ध्र दिन हदम्याद बाँकी रहेको मानिन्छ। **(दे.का.सं., दफा ५२)**

२८ मुद्दा दायर गर्ने प्रयोजनको लागि हदम्यादको अवधि गणना कसरी गरिन्छ?(दे.का.सं.,दफा६२)

कुनै मुद्दा दायर गर्ने हदम्यादको अवधि यति दिन हुन्छ भनि दिन तोकिएको भए जति दिन तोकिएको छ त्यति नै दिन गणना गर्नु पर्छ। हदम्यादको अवधि महिनामा तोकिएको भए सक्रान्तिको हिसाबले हुन आउने महिनाको गणना गर्नुपर्छ र हदम्यादको अवधि वर्षमा तोकिएको भए बाह्र महिनाको अवधिलाई एक वर्ष मानी जति वर्ष तोकिएको हो त्यति नै वर्षको हिसाबले गणना गर्नुपर्छ।

२९ प्रतिदावी लिएको प्रतिउत्तरपत्रमा कुन कुन कुरा खुलाएको हुनुपर्छ ?

(क) प्रतिदावी लिएको विषय,

(ख) प्रतिदावी लिएको विषयको बिगो खुल्ने भए सो कुरा,

(ग) प्रतिदावीसँग सम्बन्धित कानून,

(घ) प्रतिदावीलाई पुष्टि गर्ने प्रमाण। **(दे.का.नि., २०)**

३० अन्य व्यक्तिहरूबीच चलेको मुद्दाबाट आफ्नो हक प्रभावित हुने भए त्यस्तो मुद्दामा आफूलाई सामेल गरी पाउँ भनी माग गर्न मिल्छ मिल्दैन?

अदालतमा विचाराधीन मुद्दामा आफ्नो सरोकार रहेको र त्यस्तो मुद्दा फैसला हुँदा आफ्नो हक, हित प्रभावित हुने भए सोको आधार र कारण खुलाई कुनै व्यक्तिले आफूलाई प्रतिवादी कायम गरी पाऊँ भनी निवेदन दिन सकिन्छ। यसरी परेको निवेदन व्यहोरा मनासिब देखिएमा अदालतले प्रतिवादी कायम गरिदिन्छ।

३१ अदालती शुल्क भनेको के हो?

देवानी मुद्दामा फिरादपत्र, पुनरावेदनपत्र दिँदा वा अदालतमा कुनै प्रतिदावी लिँदा पक्षले अदालतमा बुझाउनु पर्ने रकमलाई "**अदालती शुल्क**" भनिन्छ। देवानी मुद्दामा अदालती शुल्क अनिवार्य हुन्छ। यो शुल्क दाखिल नगरी अदालतमा दिएको मुद्दा उपर कुनै कारबाही हुन सक्दैन। त्यस्तो मुद्दा खारेज हुन्छ।

३२ तत्काल अदालती शुल्क वुझाउन नसकिने अबस्थामा मुद्दा दर्ता हुन सक्छ सक्दैन?

कुनै पक्षको आर्थिक अवस्था अत्यन्त कमजोर भई अदालती शुल्क बुझाउन असमर्थ रहेको भन्ने सम्बन्धित स्थानीय तहबाट सिफारिस भई आएमा वा त्यस्तो व्यक्तिको सोही व्यहोराको निवेदन परेमा अदालतले जाँचबुझ गरी विश्वसनीय देखिएमा अदालती शुल्क पछि लिने गरी मुद्दा दर्ता हुन सक्छ ।

फिरादपत्र दर्ता गर्दा बुझाउनु पर्ने अदालती शुल्कको दर कति छ?

क्र.सं.	मूल्य वा बिगोको अङ्क	अदालती शुल्कको दर
१	पहिलो रू २५,०००। सम्मको	रू ५००।-
२	रू५०,०००।- सम्म भए दोश्रो रू. २५,०००।- सम्मको	५ % ले रू १२५०
३	रू.१,००,०००।- सम्मभए तेश्रो रू.५०,०००।- सम्मको	३.५% ले रू १७५०।
४	रू. ५,००,०००।- सम्म भए चौथो रू.४,००,०००।- सम्मको	२% ले रू ८०००।
५	रू. २५,००,०००।- सम्म भए पाँचौ रू.२०,००,०००।- सम्मको	१.५% ले रू ३०,०००।
६	रू. २५,००,०००।- भन्दामाथि जतिसुकै भएपनि	१%

(दे.का.सं., दफा ६९)

३३ मुद्दामा पुनरावेदन गरेवापत कति अदालती शुल्क बुझाउनु पर्छ?

(क) जुनसुकै तहमा पुनरावेदन दिनुपेरमा पनि जुन हदसम्म चित्त नबुझी पुनरावेदन गर्ने हो सोही हदसम्म फिरादपत्र दर्ता गर्दा लाग्ने अदालती शुल्कको थप पन्ध्र प्रतिशतको दरले अदालती शुल्क बुझाउनु पर्छ।

(ख) बिगो नखुलेको अंश मुद्दामा पुनरावेदन दिँदा फिरादपत्र दर्ता गर्दा लागे सरहको अदालती शुल्क लाग्छ

(ग) पुनरावेदन गर्ने पक्षले अर्को पक्षलाई फैसला बमोजिम भराई दिनु पर्ने ठहरेको अदालती शुल्क समेत पुनरावेदन गर्दा दाखिला गर्नु पर्छ।

(घ) मुद्दा पुनरावलोकन गरी वा मुद्दा दोहोऱ्याई हेर्ने गरी आदेश भएमा आफूलाई चित्त नबुझेको हदसम्मको कुरामा फिरादपत्र दर्ता गर्दा लाग्ने अदालती शुल्कको थप दश प्रतिशतका दरले अदालती शुल्क बुझाउनु पर्छ।

३४ अदालतमा दर्ता गर्न ल्याएको लिखत दरपीठ भएमा बदर गराउन सकिन्छ सकिँदैन?

अदालतमा दर्ता गर्न ल्याएको लिखत सम्बन्धित अधिकृतले दरपीठ गरेमा चित्त नबुझ्ने पक्षले त्यस्तो अदालतको न्यायाधीश समक्ष र न्यायाधीश स्वयंले दरपीठ गरेको भए पुनरावेदन सुन्ने अदालत समक्ष निवेदन दिई बदर गराउन सकिन्छ। **(दे.का.सं.दफा १३०)**

३५ विचाराधीन मुद्दाका पक्षले तारिखमा बस्नु अनिवार्य छ छैन ?

अदालतबाट तोकिएको तारेख वादीले गुजारेमा मुद्दा डिसमिस हुने हुँदा तारेख छोड्न हुँदैन। तर वादी र प्रतिवादी दुबै पक्षको प्रमाण बुझी सकेपछि मात्र कुनै पक्षले चाहेमा अदालतको अनुमति लिएर तारिखमा नबस्ने सुबिधा लिन पाईन्छ। पुनरावेदन तहको मुद्दामा अदालतले अन्यथा आदेश दिएमा बाहेक पक्षलाई तारिखमा बस्न अनिवार्य हुँदैन।

३६ अदालतले तारिख तोकेको दिन सार्वजनिक बिदा परेमा कहिले उपस्थित हुनुपर्छ? (दे.का.सं. दफा १३९)

तारिख तोकेको दिन सार्वजनिक विदा परी अदालत नखुलेमा सार्वजनिक विदा समाप्त भई अदालत खुलेको पहिलो दिन उपस्थित हुनुपर्छ।

३७ मुद्दामा वारिस नियुक्त हुने व्यक्तिको योग्यता कस्तो हुनुपर्छ? (दे.का.सं.,दफा १४५)

(क) कानून बमोजिम करार गर्न योग्य भएको,

(ख) फैसला बमोजिम सरकारी बिगो, अदालती शुल्क,दस्तुर वा कुनै दण्ड वा जरिबाना तिर्न बाँकी नरहेको,

(ग) कीर्ते, जालसाजी वा भ्रष्टाचार वा नैतिक पतन देखिने कसूरमा सजाय नपाएको । तर एकासगोलको व्यक्तिलाई वारिस नियुक्ति गर्न भने माथि उल्लिखित व्यवस्थाले कुनै बाधा पुऱ्याउदैन।

३८ मुद्दामा लिखित प्रमाण पेस गर्ने सम्बन्धमा कस्तो कानूनी व्यवस्था रहेको छ? (दे.का.सं.,दफा १६१)

वादी दावी र प्रतिउत्तर जिकिरसँग सम्बन्धित लिखित प्रमाणको सक्कल र त्यसको प्रतिलिपि फिरादपत्र वा प्रतिउत्तरसाथै पेश गर्नु पर्छ।कुनै लिखित प्रमाणको सक्कल प्रति तत्काल अदालतमा पेश गर्न नसक्ने अवस्थामा कारण सहित त्यसको प्रतिलिपि पेश गर्न सकिन्छ। आफुले पेस गर्नु पर्ने प्रमाण कुनै व्यक्ति वा संस्थाको जिम्मामा रहेको भए फिरादपत्र वा प्रतिउत्तरपत्रमा सोही कुरा उल्लेखन गरिदिए हुन्छ।

३९ अन्तर्कालिन आदेशउपर चित्त नबुझ्ने पक्षले त्यस्तो आदेश कसरी बदर गराउन सकिन्छ ?

मुद्दाको कारबाहीको सिलसिलामा कुनै एक पक्षको निवेदनको आधारमा अन्तर्कालीन आदेश जारी गरिएको भए अर्को पक्षले त्यस्तो आदेश बदर गराउँन सोही अदालतमा निवेदन दिनुपर्छ। दुबै पक्षको सुनुवाई गरी अन्तर्कालीन आदेश जारी भएको अवस्थामा चित्त नबुझ्ने पक्षले त्यस्तो आदेश भएको मितिले पन्ध्र दिनभित्र उक्त आदेश बदर वा रद्द गरिपाउँ भनी त्यस्ता अदालतको पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सकिन्छ। **(दे.का.सं.दफा १५६/१५७)**

४० बकपत्रका लागि अदालतमा साक्षी उपस्थित गराउने जिम्मेवारी कसमा रहन्छ ?

मुद्दाका पक्षले प्रमाणको रूपमा उल्लेख गरेका साक्षी बकपत्रका लागि अदालतद्वारा तोकिएको तारिखका दिन आफैं उपस्थित गराउनु पर्छ। यसरी बकपत्रको लागि साक्षी उपस्थित गराउँदा साक्षीको पहिचान खुल्ने कागजातसमेत पेश गर्नुपर्छ। **(दे.का.सं. दफा १७९)**

४१ आफूले राखेका साक्षी परिक्षणका लागि अदालतमा उपस्थित हुन नसक्ने अवस्था आएमा के गर्ने ?

मुद्दाको कुनै पक्षका साक्षी शारीरिक अस्वस्थताका कारणले अदालतमा उपस्थित हुन नसक्ने भएमा त्यस्ता साक्षीलाई निज रहे बसेको ठाउँमा नै गई बुझिपाउँ भनी अदालतमा निवेदन दिनुपर्छ। यसरी परेको निवेदन व्यहोरा मनासिब देखिएमा साक्षी रहे बसेको ठाउँमा नै न्यायाधीश आफैं गई वा कर्मचारी खटाई साक्षी बुझ्न सकिन्छ। यसरी साक्षी बुझ्न जाँदा लाग्ने खर्च निवेदन दिने व्यक्तिले व्यहोर्नु पर्छ। **(दे.का.सं.दफा १८१)**

४२ कस्ता प्रकारका साक्षीको परिक्षण श्रव्यदृश्य संवाद (भिडियो कन्फरेन्स) को माध्यमबाट गर्न सकिन्छ?

अति बृद्ध अवस्था, शारीरिक अशक्तता, अस्वस्थता वा नेपाल बाहिर रहे बसेको कारण कुनै साक्षी अदालतमा उपस्थित हुन नसक्ने अवस्था आएमा त्यस्तो साक्षीको श्रव्यदृश्य सम्वादको माध्यमबाट परीक्षण गर्न सकिन्छ। अदालतले माथि उल्लिखित अवस्थाका साक्षीको परीक्षण श्रव्यदृश्य संवादको माध्यमबाट गर्ने आदेश दिएमा सम्बन्धित पक्षले अदालतबाट तोकिएको दिन र ठाउँमा त्यस्ता साक्षीलाई परीक्षणका लागि उपस्थित गराउनु पर्छ। यसरी सूचना प्रविधिको प्रयोग गरी गरिएको साक्षी परीक्षणको काम कानून बमोजिम भएको मानिन्छ। **(दे.का.सं.दफा १८२)**

४३ कस्ता मुद्दामा मिलापत्र वा मेलमिलाप हुन सक्तैन ?

कानूनबमोजिम मेलमिलाप हुनसक्ने मुद्दा मेलमिलापका लागि पठाउने व्यवस्था रहेको छ। नेपाल सरकार वादी भई चलेको र सार्वजनिक, सरकारी वा सामुदायिक सम्पत्ति सम्बन्धी मुद्दा पक्षहरू बीच मिलापत्र हुन वा मेलमिलापको माध्यमबाट समाधान हुन सक्तैन। तर सार्वजनिक, सरकारी वा सामुदायिक सम्पत्ति कायम हुने गरी मिलापत्र गर्न बाधा पर्दैन। **(दे.का.सं.दफा १९५, जि .अ. नि. ५२)**

४४ पुनरावेदन दिँदा कुन कुन कुराहरूमा विचार पुऱ्याउनु पर्छ ?

(क) फैसला वा अन्तिम आदेश गर्ने अदालतको नाम,

(ख) पुनरावेदक वादी वा प्रतिवादी भएको बेहोरा,

(ग) मुद्दाको नाम,

(घ) फैसला वा अन्तिम आदेश भएको मिति, प्रमाणीकरण मिति र थाहा पाएको मिति,
(ङ) मुद्दामा दावी गरेको बिगो र कायम भएको बिगो,
(च) फैसला वा अन्तिम आदेशमा चित्त नबुझेको विषय, त्यसको आधार र कारण,
(छ) पुनरावेदन जिकिर र सोको कानूनी आधार,
(ज) अन्य पक्ष वा प्रत्यर्थीको पुनरावेदन परे वा नपरेको जानकारी भए सो बेहोरा,
(झ) लाग्ने अदालती शुल्क र पुनरावेदन दस्तुर बुझाएको भए सोको प्रमाण,
(ञ) पुनरावेदनको म्याद सम्बन्धी विषय,
(ट) अधिकारक्षेत्र सम्बन्धी विषय। **(दे.का.नि. नियम ७१)**

४५ अदालतको फैसलाउपर कस्तो अवस्थामा पुनरावेदन लाग्न सक्दैन ?

(क) कानून बमोजिम तामेल भएको म्याद भित्र प्रतिउत्तरपत्र नदिई वा प्रतिवाद नगरी म्याद गुजारेको भएमा,
(ख) मुद्दामा मेलमिलाप वा मिलापत्र गरेको भएमा,
(ग) दावी फिर्ता लिएको भएमा,
(घ) फिराद डिसमिस भएकोमा,

तर बेरीतपूर्वक फिराद डिसमिस भएकोमा पुनरावेदन गर्न सकिनेछ। **(दे.का.सं.दफा २०६)**

४६ कुन अवस्थामा फैसला कार्यान्वयन स्थगित हुन्छ ?

(क) पुनरावेदन लाग्नेमा पुनरावेदन गर्न सक्ने म्याद भुक्तान नभएसम्म,
(ख) पुनरावेदन परेको भए पुनरावेदनको रोहबाट मुद्दाको अन्तिम किनारा नभएसम्म,
(ग) मुद्दा दोहोऱ्याउने आदेश भएकोमा त्यसको किनारा नभएसम्म,
(घ) मुद्दा पुनरावलोकनको आदेश भएकोमा त्यसको अन्तिम किनारा नभएसम्म।

तर पुनरावलोकन वा मुद्दा दोहोऱ्याई पाउँ भन्ने निवेदन परेको कारणले मात्र त्यस्तो मुद्दामा भएको फैसला कार्यान्वयन स्थगित गरिरहनु पर्दैन। **(दे.का.सं. दफा २३१)**

४७ मुद्दा फैसला भएपश्चात् तरेखमा बस्नु पर्छ पर्दैन ?

शुरु अदालत वा पुनरावेदन सुन्ने अदालतबाट मुद्दा फैसला भएपछि पनि मुद्दाका पक्षहरू फैसला कार्यान्वयन गर्ने प्रयोजनको निमित्त शुरु अदालतमा तारिखमा बसिरहनु पर्छ। **(दे.का.सं.दफा २३५)**

४८ एकपटक चलन चलाई दिएको सम्पत्ति चलन नछाडी खिचोला गरेमा पुनः फिराद दिनुपर्छ पर्दैन ?

फैसला अनुसार अदालतबाट एकपटक चलन चलाई दिई सकेपछि कसैले त्यस्तो सम्पत्ति चलन नछाडी खिचोला गरेमा अदालतले खिचोला गरेको पटकै पिच्छे पच्चीस हजार रुपैयाँसम्म जरिबाना वा तीन महिनासम्म कैद गरी पहिले चलन चलाई दिएको सम्पत्ति फैसला बमोजिम पुनः चलन चलाई दिनुपर्छ। एक पटक फैसला भइसकेपछि त्यही प्रयोजनको लागि छुट्टै फिराद दिनु पर्दैन । पुनः चलन चलाई दिए बापत अदलातमा कुनै थप दस्तुर समेत बुझाउनु पर्दैन। **(दे.का.सं.दफा २३८ (१६))**

४९ वादीले अंश पाउने ठहरी भएको फैसला कार्यान्वयन नहुँदै अंशियार थप घट भएमा पुनः फिराद दिनु पर्छ?

अदालतमा मुद्दा विचाराधीन रहेको वा त्यस्तो मुद्दामा फैसला भई कार्यान्वयन नहुँदैको अवस्थामा अंश बण्डा गर्नुपर्ने सम्पत्ति कसैले हस्तान्तरण गरेमा वा नयाँ अंशियार थपिन आएमा वा अंशियार घटेमा त्यसको प्रयोजनको लागि पुनः फिरादपत्र दिनु पर्दैन। त्यस्तो अवस्थामा स्पष्ट बेहोरा खुलाई अदालतमा निवेदन दिएमा अदालतले सत्यता जाँचबुझ गरी अंश बण्डा छुट्ट्याई दिनुपर्छ।

१. न्यायमा पहुँच भनेको के हो ?

उपयुक्त निकायमार्फत न्याय खोज्न र प्राप्त गर्न सकिने अवस्था नै न्यायमा पहुँच हो । न्यायमा पहुँचको लागि आफ्नो हक अधिकारको बारेमा जानकारी हुने र आफूलाई अन्याय हुँदा न्यायको खोजी गर्न सक्ने क्षमता व्यक्तिमा हुन आवश्यक छ । त्यसैगरी न्याय प्रदान गर्ने निकायको सक्षमता, प्रभावकारितालगायत न्यायको खोजी र प्राप्ति गर्ने सन्दर्भमा उपयुक्त वातावरणको सुनिश्चितता र प्रयोग नै न्यायमा पहुँच हो ।

२. न्यायमा पहुँच आयोग भनेको के हो ?

न्यायमा पहुँचलाई सहज बनाउने उद्देश्यले सर्वोच्च अदालतमा न्यायमा पहुँच आयोग रहेको छ। न्यायको खोजी गर्न नसक्ने खास गरी महिला, विपन्न, असहाय, असक्षम वर्गका व्यक्तिहरूको न्यायसम्मको पहुँचलाई सहज बनाउनको लागि अवरोधक तत्वहरूको पहिचान गर्ने, आवश्यक सहयोग प्रणालीको स्थापना गर्न सहजीकरण गर्ने र सम्बन्धित सरोकारवालाहरूबीच समन्वय गर्ने कार्य यस आयोगले गर्दछ। सर्वोच्च अदालत नियमावलीको कानूनी प्रावधानबमोजिम सम्माननीय प्रधान न्यायाधीशको अध्यक्षतामा न्यायमा पहुँच आयोगको स्थापना भई क्रियाशील रहेको छ। आयोगमा न्याय सम्पादनमा सरोकार राख्ने कार्यालय, निकायका पदाधिकारीहरूका साथै लक्षित वर्गका व्यक्तिहरू समेतको प्रतिनिधित्व रहेको छ । यस आयोगले लक्षित बर्गको न्यायमा पहुँच अभिवृद्धि गर्ने सन्दर्भमा आवश्यक नीति एवं संरचना निर्माण गर्नको लागिसमेत समन्वयात्मक भूमिका खेल्दछ । न्यायमा पहुँच आयोगको सचिवालय सर्वोच्च अदालत परिसरमा रहेको छ ।

३. न्यायमा पहुँच आयोग गठनको आवश्यकता किन परेको हो ?

लक्षित वर्गको न्यायमा पहुँचलाई सहज बनाउने उद्देश्यले न्यायमा पहुँच आयोग स्थापना भएको हो । न्यायको खोजी र प्राप्ति गर्ने सबैको समान अधिकार रहने भए पनि आर्थिक, सामाजिक, सांस्कृतिकलगायतका विभिन्नप कारणबाट न्यायमा सबैको पहुँच सुनिश्चित हुन सकिरहेको छैन । न्यायको पहुँचमा रहेका व्यवधानहरूको सहिरूपमा पहिचान नगरेसम्म त्यसलाई प्रभावकारी ढंगबाट सम्बोधन गर्न सकिँदैन । न्यायमा पहुँचको दायरा अत्यन्त फराकिलो रहेको र यसका आयामहरूलाई सम्बोधन गर्न राज्यका विभिन्न निकायहरूको भूमिका र जिम्मेवारी रहने भए तापनि त्यसको केन्द्रविन्दुमा न्यायपालिका रहन्छ। आम नागरिकले न्यायमा सहज पहुँचको वास्तविक अनुभूति गर्ने वा त्यसलाई व्यवहारमा रूपान्तरण गर्ने माध्यमका रूपमा न्यायपालिका रहने भएकाले न्यायपालिकाले आफ्नो दायराभित्र रही बहिस्करण

र विभेदको कारणले न्यायको पहुँचबाट बञ्चिहत भएका वा कठिनाइमा रहेका वर्ग र व्यक्तिको न्यायमा पहुँच अभिवृद्धि गर्ने दायित्व महसुस गरी आयोगको स्थापना गरिएको हो ।

४. न्यायमा पहुँच आयोगको उद्देश्य, क्षेत्र र कार्यादेश के हो ?

- महिला, विपन्नो, असहाय र असक्षम वर्गका व्यक्तिहरूलाई समाजको समान सदस्यको रूपमा तिनीहरूलाई प्राप्त हक अधिकारबारे सचेतना कार्यक्रम सञ्चालन गर्ने ।
- कानूनी हक अधिकारहरूको उपभोग गर्ने र न्यायिक उपचार संयन्त्रहरूको प्रयोग गर्ने क्षमता अभिवृद्धिका लागि रणनीतिगत योजना तय गरी कार्यान्वयन गर्ने ।
- न्यायमा पहुँच सुनिश्चिततताका लागि प्रभावकारी सहयोग प्रणाली (Support System) को विकास गर्ने ।
- न्यायको पहुँचमा रहेका अवरोधक तत्वहरू पहिचान गरी सोको न्यूनिकरणको लागि आवश्यक उपायहरू अवलम्बन गर्ने, गराउने ।
- महिला, विपन्न, असहाय र असक्षम वर्गका व्यक्तिहरूको कानूनी आवश्यकताहरूको पहिचान गरी न्यायमा पहुँच अभिवृद्धिका लागि चाल्नुपर्ने नीतिगत परिवर्तनका सम्बन्धमा सुझाव दिने ।
- न्यायमा पहुँच अभिवृद्धि गर्ने सिलसिलामा कार्यरत विभिन्न संघ संस्थाहरूसँग समन्वय गर्ने ।

५. न्यायमा पहुँच आयोगको के कस्तो वार्षिक कार्यक्रम एवं कार्ययोजना रहेको छ ?

न्यायमा पहुँच आयोगले आफूलाई प्राप्तक कार्यादेशअनुरूपको कार्य सञ्चालन गर्ने सन्दर्भमा त्यसलाई व्यवस्थित र प्रभाकारी बनाउन वार्षिक कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ। आयोगका कार्यक्रमहरू खासगरी दुई प्रकारका रहेका छन् । पहिलो सेवाग्राहीहरूलाई सक्षम बनाउने खालका सेवाग्राही (Demand side) मा केन्द्रित कार्यक्रमहरू र दोस्रो सेवा प्रदायक निकायलाई सक्षम बनाउने खालका सेवाप्रदायक (supply side) मा केन्द्रित कार्यक्रमहरू रहने गरेका छन् ।

६. न्यायमा पहुँच आयोगका सेवाग्राही (Demand Side) मा केन्द्रित कार्यक्रमहरू कस्ता रहेका छन् ?

- विपन्न, असहाय र असक्षम वर्गको पहिचान,

- ❖ महिला, विपन्न, असहाय र असक्षम व्यक्तिहरूलाई प्राप्त हक अधिकार बारे सन्दर्भ सामग्री र प्रशिक्षकको तयारी,
- ❖ महिला, विपन्न, असहाय र असक्षम व्यक्तिहरूका हक अधिकारबारे प्रचार प्रसार,
- ❖ महिला, विपन्न, असहाय र असक्षम वर्गका व्यक्तिहरूको सशक्तीकरणका लागि कानूनी आधारको विकास ।

७. न्यायमा पहुँच आयोगका सेवा प्रदायक निकाय (Supply Side) मा केन्द्रित कार्यक्रमहरू के कस्ता रहेका छन् ?

- ❖ रणनीतिक योजना तयारी र कार्यान्वयन,
- ❖ न्यायमा पहुँच आयोगसम्बन्धी कानूनी व्यवस्था परिमार्जन,
- ❖ न्यायमा पहुँच आयोगसम्बन्धी संरचनागत व्यवस्थापन,
- ❖ अदालतमा नेपाली भाषा राम्रोसँग नजान्ने पक्ष वा साक्षीको लागि अनुवादकको सेवा,
- ❖ वैतनिक कानून व्यवसायीको सेवालाई विस्तारित र प्रभावकारी बनाउने,
- ❖ निःशुल्क कानूनी सहायताको सेवा विकास,
- ❖ कानून व्यवसायीहरूले निःशुल्क (Pro bono) कानूनी सेवा उपलब्ध गराउने प्रणालीको विकास,
- ❖ अदालतमा आफैं प्रतिनिधित्व गर्ने मुद्दाका पक्षहरूका लागि विशेष सेवा,
- ❖ सम्बद्ध निकायहरूको पहिचान,
- ❖ कानून र कार्यविधिहरूको सहजीकरण,
- ❖ विभिन्न अवस्थाका व्यक्तिहरूको लागि उपयुक्त भौतिक संरचनाको व्यबस्था,
- ❖ न्यायमा पहुँचका सम्बन्धमा रहेका अवरोधक तत्वहरूको बारेमा अध्ययन,
- ❖ सरकारी निकायहरूसँग समन्वय,
- ❖ कानून र न्यायको क्षेत्रमा कार्यरत गैरसरकारी संघसंस्थासँग समन्वय ।
- ❖ सेवाग्राहीमैत्री व्यवहार गर्ने,
- ❖ सेवाग्राही सन्तुष्टिबारेमा सर्वेक्षण गर्ने, आदि ।

८. अदालतमा रहेको सूचना तथा सोधपुछ कक्षको काम के हो ?

अदालतमा आउने सेवाग्राहीहरूलाई अदालतबाट दिइने सेवा सुविधाका बारेमा जानकारी दिन र आवश्यक सहजीकरण गर्न अदालतमा सूचना तथा सोधपुछ कक्ष राखिएको हुन्छ। अदालतमा कहाँबाट के कस्तो सेवा कसरी सेवा प्रवाह हुन्छ भन्नेबारेमा जानकारी प्राप्त गर्न सकिन्छ। सेवाग्राहीको कार्यसँग सम्बन्धित

शाखा वा फाँट कहाँ रहेको छ? भन्नेलगायत अदालतको काम कारबाही एवं प्रक्रियाको बारेमा उक्त कक्षबाट जानकारी प्राप्त गर्न सकिन्छ। सूचना तथा सोधपुछ कक्षमा सम्पर्क गरेमा त्यहाँका कर्मचारीले सेवाग्राहीलाई आवश्यक सूचना एवं जानकारी प्रदान गर्ने वा सहजीकरण गर्ने गर्दछन् ।

९. अदालतमा एक घण्टाभित्र प्रदान गरिने सेवा के के हुन ?

- ❖ कुनै कागजको नक्कल दिने,
- ❖ पेसी वा तारिख तोक्ने,
- ❖ गुज्रेको तारिख थाम्ने थमाउने,
- ❖ वारेसनामा, सकारनामासम्बन्धी कार्यहरू,
- ❖ मिलापत्र, पुनरावलोकन फिर्ता, तामेली आदिको निवेदन दर्ता गर्ने,
- ❖ लिखित जवाफ वा अन्य प्रमाण कागजात पेस गर्ने,
- ❖ जुनसुकै फुटकर निवेदन दर्ता वा दरपीठ गर्ने,
- ❖ मुद्दाको कारबाहीसम्बन्धी जानकारी सूचना दिने ।

१०. निःशुल्क कानूनी सेवा कसलाई कसरी प्रदान गरिन्छ ?

कानून व्यवसायीको सेवा लिन नसकेका महिला, विपन्न, असहाय एवं असक्षम र कैदी / थुनुवा व्यक्तिलाई अदालतबाट वैतनिक कानून व्यवसायीमार्फत निःशुल्क कानूनी सेवा उपलब्ध गराइन्छ। अदालतमा वैतनिक कानून व्यवसायीले त्यस्ता व्यक्तिको लागि आवश्यक लिखत तयार गरिदिने, अदालतमा वहस पैरवी गरिदिने तथा कानूनी राय सल्लाह समेत दिने काम गर्दछन् । सोबापत वैतनिक कानून व्यवसायीलाई अदालतले नै पारिश्रमिक दिएको हुन्छ, सेवाग्राहीले कुनै पारिश्रमिक दिनु पर्दैन । हरेक अदालतमा वैतनिक कानून व्यवसायीको कक्ष रहेको हुन्छ। सो कक्षमा रहने वैतनिक कानून व्यवसायीसँग सम्पर्क गरी वा सम्बन्धित अदालतबाट वैतनिक कानून व्यवसायीको बारेमा जानकरी लिई सेवा प्राप्त गर्न सकिन्छ ।

११. निःशुल्क कानूनी सेवादिने वैतनिक कानून व्यवसायीको खोजी मोबाइल फोनको माध्यमबाट कसरी गर्न सकिन्छ ?

आफ्नो जिल्लाको निःशुल्क कानूनी सेवा उपलब्ध गराउने वैतनिक कानून व्यवसायीको मोवाइल नम्बर खोजी गर्नका लागि मोवाइलको म्यासेज बक्समा LA टाइप गरी स्पेस दिने, त्यसपछि सम्बन्धित जिल्लाको नामको अंग्रेजीको पहिलो अक्षर र सो जिल्लाको लागि नेपाल टेलिकमले तोकेको STD कोड नं. टाइप गरेर ३०३०३ मा पठाउनु पर्छ। म्यासेजको उत्तरमा सम्बन्धित जिल्ला अदालतको

वैतनिक कानून व्यवसायी र स्रेस्तेदारको मोवाइल नं. उपलब्ध हुन्छ। जस्तै पाल्पा जिल्लाको लागि वैतनिक कानून व्यवसायीको सेवा आवश्यक भए LA P075 टाइप गरेर ३०३०३ मा मेसेज पठाउनु पर्छ । मेसेजको उत्तरमा पाल्पा जिल्ला अदालतको वैतनिक कानून व्यवसायी र स्रेस्तेदारको मोवाइल नं. उपलब्ध हुन्छ ।

१२. असक्षम पक्षलाई अदालतले के कस्तो सेवा प्रदान गर्न सक्छ ?

अदालतमा पेस गर्नुपर्ने सानातिना निवेदनहरूको ढाँचा बनाई उक्त ढाँचाहरू सर्वोच्च अदालतको वेभसाइटमा राखिएको छ। अदालतमा सेवा लिन आउने सेवाग्राहीहरूमध्ये असक्षम सेवाग्राहीहरूलाई निःशुल्क रूपमा उपलब्ध गराई भर्ने व्यवस्था मिलाइएको छ। यस्ता निवेदनमा धेरै कुरा भर्न नपर्ने गरी सजिलो बनाइएको छ। अदालतले नियुक्त गरेका वैतनिक कानून व्यवसायीले नै यस्तो निवेदन तयार गर्न सहयोग गर्छन् । त्यस्ता सामान्य प्रकृतिका निवेदनका ढाँचाहरू अदालतको सोधपुछ कक्ष, वैतनिक कानून व्यवसायीको कक्ष वा सम्बन्धित फाँटबाट प्राप्तक गर्न र भर्न लगाउन सकिन्छ । वैतनिक कानून व्यवसायीमार्फत निःशुल्क कानूनी सेवा लिखत तयारी, बहस पैरवी, कानूनी परामर्श उपलब्ध गराइन्छ ।

१३. न्याय खोजी गर्ने तरिकाबारे जानकारी दिन कुनै निःशुल्क टोलफ्रि नम्बरको व्यवस्था छ ?

अदालतसम्बन्धी कुनै जानकारी चाहिएमा वा कुनै अन्यायमा परेको कारण त्यसको कानूनी उपचार पाउन के गर्नुपर्छ भन्ने जानकारी लिन चाहने वा कुनै उजुरी वा गुनासो गर्न चाहेमा अदालतको ११८८ नम्बरमा फोन गरी सेवा लिन सकिन्छ। यसमा फोन गर्दा पैसा लाग्दैन। साथै गुनासोकर्ताको पहिचान गोप्य रहन्छ ।

१४. अदालतमा प्राप्त हुने सेवाबारे गुनासो भए कहाँ उजूरी गर्ने ?

अदालतबाट प्रदान हुने विभिन्न सेवाहरू र कामकारबाहीका बारेमा सेवाग्राहीका गुनासाहरू भए सुन्न र ती गुनासाहरू सम्बोधन गर्नका लागि हरेक अदालतमा एक जना गुनासो सुन्ने अधिकारी तोकिएको हुन्छ। सेवाग्राहीले आफ्ना गुनासा वा पीर मर्काहरू जनुसुकै बेला ती अधिकारीसमक्ष गएर सुनाउन सक्छन् । साथै गोप्य रूपमा लिखित उजुरी दिन मिल्ने गरी सबै अदालतहरूमा उजुरी पेटिका राखिएको छ। यसरी प्राप्त उजुरी तथा गुनासाहरूलाई अदालतले तुरून्त सम्बोधन गर्छ। गुनासोकर्ताको पहिचान गोप्य रहन्छ ।

१५. अदालतको सेवा प्रवाह सन्तोषजनक नभएमा कहाँ कसरी उजुरी गर्न सकिन्छ ?

कुनै पनि अदालतमा वा न्यायिक निकायहरूमा भएको काम कारबाहीका बारेमा कुनै पनि कर्मचारी वा न्यायाधीश विरूद्ध उजुरी दिन, गुनासो राख्न वा सुझाव दिन परेमा पैसा नलाग्ने नम्बर १६६००१३३३५५ मा फोन गरेर टिपाउन वा लिखित रूपमा पनि उजुरी वा गुनासो राख्न सकिन्छ । साथै cjs@supremecourt.gov.np मा इमेल पनि गर्न सकिन्छ । त्यस्तै हरेक जिल्ला र उच्च अदालतमा समेत गुनासो सुन्ने संयन्त्र रहेको हुन्छ। जिल्ला अदालतमा जिल्ला न्यायाधीश वा स्रेस्तेदार र उच्च अदालतमा मुख्य न्यायाधीश वा रजिस्ट्रारसमक्ष गुनासो / उजुरी गर्न सकिन्छ । उजुरीकर्ताको पहिचान गोप्य रहन्छ ।

१६. पहिलो पटक अदालत आउने सेवाग्राहीका लागि के कस्तो परामर्श सेवा उपलब्ध छ ?

अदालतमा पहिलो पटक आएका सेवाग्राहीलाई मुद्दाको प्रकृतिको आधारमा त्यसको कारबाहीको लागि लाग्न सक्ने समय, दस्तुर र प्रक्रियासमेतका विषयमा अदालतका कर्मचारीले जानकारी दिन्छन् । यसले गर्दा सेवाग्राहीहरूले अदालतका कामकारबाहीबारेमा अन्योलमा रहनु पर्दैन । त्यस्तो परामर्श सोधपुछ कक्ष वा सम्बन्धित शाखा / फाँटका कर्मचारीबाट समेत लिन सकिन्छ ।

१७. सेवाग्राहीले न्यायाधीशसँग भेटघाट गर्न सक्छन् कि सक्दैनन् ?

सबै अदालतहरूमा महिनाको एक पटक मुद्दाका पक्षहरूले त्यस अदालतका न्यायाधीशसँग सामूहिक रूपमा भेटेर आफ्ना समस्याहरू सुनाउन पाउँछन् । खासगरी अदालतबाट दिइएको सेवाको स्तर, सुधार गर्नुपर्ने विषयहरू, कुनै कर्मचारीबाट अनुचित व्यवहार भएको भए ती कुराहरू समेत न्यायाधीशसँगको भेटघाटमा राख्न पाइन्छ। सेवाग्राहीको सुझावको आधारमा अदालतमा गर्नुपर्ने प्रशासनिक वा व्यवस्थापकीय सुधारहरू गरिन्छ ।

१८. सरकारी कामकाजको भाषा नबुझ्नेका लागि दोभाषेको सेवा कसरी उपलब्ध हुन्छ ?

अदालतको इजलासमा हुने बयान बकपत्र जस्ता प्रक्रियामा प्रयोग हुने भाषा नबुझ्ने पक्ष वा असमर्थ पक्षको साक्षीलाई उनीहरूले बुझ्ने भाषामा सेवा दिनका लागि सबै अदालतमा निःशुल्क दोभाषेको सेवा उपलब्ध गराइएको छ। यसका

लागि सर्वोच्च अदालतले निर्देशिका बनाई सबै अदालतहरूमा पठाउनुका साथै दोभाषेको पारिश्रमिकको लागि बजेटको पनि व्यवस्था गरेको छ। भाषाको कठिनाई रहेका पक्ष वा साक्षीहरूले अदालतबाट उपलब्ध दोभाषे व्यक्तिको सेवा प्राप्त गर्न चाहेमा अदालतमा जानकारी गराई सेवा प्राप्त गर्न सकिन्छ ।

१९. अदालतबाट प्रदान गरिने SMS सेवा भनेको के हो ?

सर्वोच्च अदालत वा उच्च अदालतमा चलेको मुद्दाको कुनै पक्षले आफ्नो मुद्दाको कारबाही कुन अवस्थामा छ भन्नेबारेमा वा पेसी वा तारेख कहिले छ भन्ने बारेमा जान्न चाहेमा ३०३०३ मा मोवाइलबाट मेसेज पठाएर जानकारी पाउन सक्ने व्यवस्था मिलाइएको छ। अदालतबाट नै त्यस्तो जानकारी पठाइदिन मुद्दाका पक्षले अनुरोध गरेमा अदालतले पनि नियमितरूपमा त्यस्तो जानकारी मेसेजबाट दिने गर्छ । यसका लागि मुद्दामा पक्षहरूले आफ्नो मोवाइल नम्बर अदालतलाई उपलब्ध गराउनु पर्ने हुन्छ ।

२०. आफूलाई पायक पर्ने अदालतबाट कसरी तारिख लिन सकिन्छ ?

सर्वोच्च अदालत वा अन्य अदालतमा चलिरहेको मुद्धामा पक्षले तारिख लिन त्यहाँसम्म जान नचाहेमा वा नसकेमा उसले आफूलाई पायक पर्ने अदालतबाट पनि तारिख लिन पाउने गरी अदालतमा व्यवस्था मिलाइएको छ। त्यसका लागि मुद्दा चलेको अदालतमा सो विषयको जानकारी गराई आफूले कुन अदालतबाट त्यसप्रकार तारेख लिन चाहेको हो सोसमेत उल्लेख गर्नु पर्छ ।

२१. वेबसाइटबाट मुद्दाको अवस्थाबारेमा जानकारी कसरी पाउन सकिन्छ ?

सर्वोच्च अदालतको वेबसाइटमा मुद्दाको दैनिक तथा साप्ताहिक पेसी प्रकाशित हुन्छ । आफ्नो मुद्दा कुन इजलासमा कति क्रमसंख्यामा परेको छ भन्ने कुरा सेवाग्राहीहरूले इन्टरनेटबाट नै थाहा पाउन सक्छन् । वेबसाइटबाट आफ्नो मुद्दा साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढेको र मुद्दाको क्रमसमेत थाहा पाउन सकिन्छ। यो वेबसाइटको प्रयोग गरेर अदालतमा चलेको मुद्दामा पक्षले मुद्दाको कारबाही कुन अवस्थामा छ भनेर पनि जान्न सक्छन् । सर्वोच्च अदालतको वेबसाइट www.supremecourt.gov.np मा प्रवेश गरेर यस्तो जानकारी लिन सकिन्छ । वेबसाइटमा रहेका विभिन्न आइकनमा प्रवेश गरी आवश्यक विवरण प्राप्त गर्न सकिन्छ ।

२२. मुद्दाको पक्षहरूबीच कसरी मेलमिलाप गर्न सकिन्छ ?

अदालतमा कारबाही अवस्थामा रहेका र अन्तिम फैसला हुँदासम्मको कुनै पनि अवस्थामा मुद्दामा पक्षहरू सहमत भएमा मिलापत्र गर्न सकिन्छ । खासगरी व्यक्तिवादी मुद्दाहरू आपसमा छलफल गरेर मेलमिलाप गर्न पक्षहरूलाई अदालतले प्रोत्साहन गर्दछ । यसरी मेलमिलाप गराउन हरेक अदालतमा मेलमिलापसम्बन्धी तालिम लिएका मेलमिलापकर्ताहरू हुन्छन् । मुद्दाका पक्षहरूले मेलमिलापकर्ता छान्न पाउँछन् । मुद्दाका पक्षहरूले आफूले छानेका मेलमिलापकर्ताहरूसमक्ष आपसमा छलफल र सहमतिबाट आफ्नो मुद्दाको फैसला आफैँ गर्न सक्छन् । जिल्ला अदालतमा वादी प्रतिवादी दुवै पक्ष आइसकेको मुद्दामा मेलमिलाप हुन सक्ने नसक्ने बारेमा समेत पक्षहरूबीच छलफल गराइन्छ । मुद्दा मेलमिलाप गर्न पठाइएकोमा मेलमिलाप हुन नसकेमा पुनः इजलासमा पेस गरी निर्णय गर्न सकिन्छ। मेलमिलापले विवादलाई सधैँको लागि अन्त्य गर्छ ।

२३. अदालतका कामकारबाहीबारे कस्तो निगरानीको प्रबन्ध गरिएको छ ?

सर्वोच्च अदालतको अनुगमन महाशाखाले देशभरिका अदालतहरूमा के कसरी काम भएको छ, सेवाग्राहीलाई झन्झट हुने कुनै काम भएको छ कि ? कहीँ अनियमितता भएको छ कि ? भन्ने जस्ता विषयको विभिन्न माध्यमबाट नियमित अनुगमन निगरानी गरिरहेको हुन्छ। कहीँ कुनै कमजोरी देखिएमा तुरून्त सम्बोधन गर्ने गरिएको छ ।

२४. अदालतले दिने सेवा, लाग्ने समय र दस्तुरबारे कसरी जानकारी पाउन सकिन्छ ?

अदालतको कामकारबाहीको क्रममा निवेदन गर्ने स्थान, अधिकारी, लाग्ने समय र दस्तुरहरू तथा काम समयमा नभएमा गुनासो सुन्ने अधिकारी आदिबारेमा स्पष्ट रूपमा लेखेर हरेक अदालतमा सबैले देख्ने गरी राखिएको हुन्छ। यसलाई सेवा प्रवाह बडापत्र भनिन्छ । अदालतमा लाग्ने अदालती शुल्कलगायत सबै खालका दस्तुर बापत रसिद पाइन्छ। कसैले तिरेको रकम बापत रसिद नदिएमा मागेर लिनुपर्छ र गुनासो सुन्ने अधिकारीसमक्ष उजुर गर्नुपर्छ। अदालतमा तोकिएको दस्तुर वा शुल्कभन्दा बढी रकम तिर्नु पर्दैन । कसैले तिरेको रकमबापत रसिद नदिएमा मागेर लिनुपर्छ । यस्तो कार्य गर्नेलाई कारबाही गरी दुरूत्साहित गर्न गुनासो सुन्ने अधिकारीसमक्ष उजुर गर्नु पर्छ । सर्वोच्च अदालतको वेबसाइट www.supremecourt.gov.np बाट पनि यससम्बन्धी जानकारी प्राप्त गर्न सकिन्छ ।

२५. अदालतको फैसलाबाट कैद जरिवाना लागेका व्यक्ति पक्राउ गरेमा के कस्तो प्रोत्साहन रकम दिइने गरिन्छ ?

कैद, जरिवाना वा सरकारी बाँकी तिर्न बुझाउन पर्ने व्यक्ति पक्राउ गरी ल्याउने वा जरिवाना असुल गरी ल्याउने व्यक्ति, कर्मचारी वा संस्थालाई प्रोत्साहन स्वरूप असुल गरी ल्याएको जरिवाना रकमको २५ प्रतिशत र प्रति एक महिना कैदबापत रू.१५०।- का दरले पुरस्कार दिने व्यवस्था छ। यस्तो काममा एकभन्दा बढी कर्मचारी, व्यक्ति वा संस्था संलग्न भएमा सो पुरस्कार बराबर बाँडेर लिन पाउँछन्। सजाय पाउने व्यक्ति आँफै फैसला भएको ६० दिनभित्र अदालतमा आएमा तोकिएको सजायमा २० प्रतिशत छुट दिइन्छ ।

२६. समुदायमा अदालत (judicial outreach) कार्यक्रम कस्तो कार्यक्रम हो ?

अदालतले दिने सेवा, मुद्दाको कारबाही प्रक्रिया लगायतका विषयमा समुदायका व्यक्तिलाई जानकारी गराउन तथा अदालतका बारेमा समुदायका व्यक्तिहरूको धारणा बुझ्न विद्यालय, सामाजिक संस्था वा समुदायका व्यक्तिहरूसँग अदालतले समय समयमा छलफल गर्ने गर्छ । यस अवसरमा त्यहाँका व्यक्तिहरूले अदालतबारेका आफ्ना विचारहरू खुलेर व्यक्त गर्न पाउँछन् । यसबाट अदालतको कामकारबाहीका बारेमा यथार्थ जानकारी पाउन सकिन्छ ।

२७. व्यक्तिका हक अधिकारको व्यवस्था कहाँ गरिएको हुन्छ?

कुनै व्यक्ति वा नागरिक वा वर्गको हक अधिकारको व्यवस्था संविधान एवं अन्य कानूनले गरेको हुन्छ। संविधानले प्रदान गरेका हकलाई मौलिक र संवैधानिक हक एवं कानूनले प्रदान गरेका हकलाई कानूनी हक भन्ने गरिन्छ। व्यक्ति वा नागरिक वा वर्गलाई हक अधिकार प्रदान गरेर मात्रै पुग्दैन। त्यस्तो हक अधिकारको उल्लङ्घन भएमा पुनस्स्थापना एवं प्रचलनको लागि उपचारको समेत व्यवस्था गरिएको हुनु पर्दछ । अधिकार अलंघन भएमा प्रचलनको लागि जानु पर्ने अदालत वा निकाय वा कार्यालय, सोको तरिका, उजूरी गर्ने समयावधि, अवलम्बन गर्नु पर्ने कार्यविधिसमेतको व्यवस्था कानूनमा गरिएको हुन्छ। सोही व्यवस्थाअनुसार अधिकार प्रचलन गराउन सकिन्छ ।

२८. व्यक्तिलाई अधिकार र न्यायिक उपचारको जानकारी किन आवश्यक पर्दछ ?

कुनै व्यक्ति वा समुदायले आफ्नो हक अधिकार र अधिकार प्रचलनको संयन्त्रको बारेमा जानकार हुनु पर्दछ । सोको जानकारी नभएमा त्यस्तो अधिकारले सार्थकता पाउन सक्दैनन् । "सूचना नै शक्ति" भएको कारण उपलब्ध भएका अधिकार एवं

अधिकारको प्रचलन गराउने संयन्त्रको जानकारी सम्बन्धित व्यक्ति वा नागरिक वा समुदायमा हुनु अत्यावश्यक हुन्छ ।

२९. न्यायमा पहुँच आयोगको सचिवालय कहाँ छ र के काम गर्छ ?

न्यायमा पहुँच आयोगका काम कारबाहीलाई व्यवस्थित गर्ने, कार्ययोजना बनाउन सहयोग गर्ने, आयोगमा निर्णयका लागि पेस गरिने बिषयहरू तयार गरी आयोगको बैठकमा पेस गर्ने, आयोगबाट भएका निर्णयहरूको कार्यान्वयन गर्ने तथा कार्यान्वयन अवस्थाको अनुगमन गर्नेसमेतको कार्यका लागि सर्वोच्च अदालतमा न्यायमा पहुँच आयोगको सचिवालयको स्थापना गरिएको छ। आयोगका कामकारबाही तथा सोसम्बन्धी कुनै विषयको जानकारी आवश्यक भएमा सचिवालयको फोन नम्बर ०१-४२००७५५ मा वा इमेल ठेगाना a2jc@supremecourt.gov.np मा सम्पर्क गर्न सकिन्छ ।

३०. न्यायमा पहुँचसँग सम्बन्धित जानकारी कहाँबाट प्राप्त गर्न सकिन्छ ?

न्यायमा पहुँचसम्बन्धी जानकारी सर्वोच्च अदालत परिसरमा रहेको न्यायमा पहुँच आयोगको सचिवालय एवं प्रत्येक अदालतको सोधपुछ कक्षबाट प्राप्त गर्न सकिन्छ। न्यायमा पहुँच आयोगको वेबसाइट www.supremecourt.gov.np/a2jc बाट समेत यससम्बन्धी जानकारी प्राप्त गर्न सकिन्छ ।

३१. न्यायमा पहुँच आयोगले कुन कुन विषयमा जानकारी पुस्तिका प्रकाशित गरेको छ ?

- अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी जानकारी पुस्तिका
- असमर्थ पक्ष तथा आर्थिक रूपले विपन्न नागरिकको अधिकार एवं उपचार सम्बन्धी जानकारी पुस्तिका
- आदिवासी / जनजातिको अधिकार एवं उपचार सम्बन्धी जानकारी पुस्तिका
- थुनुवा वा कैदीको अधिकार एवं उपचारसम्बन्धी जानकारी पुस्तिका
- छुवाछुत तथा भेदभाव विरूद्धको अधिकार एवं उपचारसम्बन्धी जानकारी पुस्तिका
- जेष्ठ नागरिकको अधिकार एवं न्यायिक उपचारसम्बन्धी जानकारी पुस्तिका
- महिलाको पारिवारिक तथा सम्पत्ति सम्बन्धी अधिकार एवं उपचारसम्बन्धी जानकारी पुस्तिका
- न्यायमा पहुँच अभिवृद्धिका लागि अदालतको क्रियाकलापसम्बन्धी संक्षिप्त जानकारी पुस्तिका

- फौज्दारी मुद्दामा महिलाको अधिकार एवं उपचार सम्बन्धी जानकारी पुस्तिका
- बालबालिकाको अधिकारसम्बन्धी जानकारी पुस्तिका

३२. न्यायमा पहुँच सम्बन्धी महत्त्वपूर्ण कानूनहरू कुन कुन छन?

- नेपालको संविधान
- मुलुकी देवानी संहिता, २०७४
- मुलुकी अपराध संहिता, २०७४
- लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०६३
- राष्ट्रिय महिला आयोग ऐन, २०६३
- कानूनी सहायता ऐन, २०५४
- मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ तथा नियमावली २०६५
- घरेलु हिंसा (कसूर तथा सजाय) ऐन, २०६६ र नियमावली, २०६७
- सर्वोच्च अदालत नियमावली, २०७४
- उच्च अदालत नियमावली, २०७३
- जिल्ला अदालत नियमावली, २०७५
- लैङ्गिक हिंसा निवारण कोष नियमावली, २०६७

सम्पर्क ठेगाना:

सर्वोच्च अदालत
न्यायमा पहुँच आयोग
रामशाहपथ, काठमाडौं नेपाल ।

फोन नं. : ०१-४२००७५५, ०१-४२००७२९
ईमेल : a2jc@supremecourt.gov.np
वेभसाइट : www.supremecourt.gov.np

फौजदारी कार्यविधिसम्बन्धी जानकारी पुस्तिका

१. कुनै कसूर भएको थाहा पाउने व्यक्तिले सोको जानकारी कहाँ कसरी दिनु पर्दछ ?

कुनै कसूरको सम्बन्धमा थाहा पाउने ब्यक्तिले सो घटनाको बारेमा नजिकको प्रहरी कार्यालयमा सोको सूचना मौखिक वा लिखित रुपमा दिनु पर्नेछ। **(मु.फौ.का.सं.दफा ४(१))**

२. अपराधका सम्बन्धमा हुलाक वा विद्युतीय माध्यमबाट जाहेरी दिन मिल्छ मिल्दैन?

हुलाक वा विद्युतीय माध्यमबाट जाहेरी दरखास्त वा सूचना दिन मिल्छ। यसरी दिएको जाहेरी दरखास्त वा सूचनाको विश्वसनीयता यकिनयकिन गर्नु परे सूचना दिने व्यक्तिलाई झिकाई सनाखत गराउन सकिन्छ। **(मु.फौ.का.सं.दफा ४(३))**

३. जाहेरी दरखास्त वा सूचनामा के के कुरा खुलाउनु पर्दछ ?

- जाहेरी दरखास्त पेश गरेको प्रहरी कार्यालयको नाम, ठेगाना दर्ता नं र दर्ता मिति,
- जाहेरी दरखास्त वा सूचना दिने व्यक्तिको नाम, थर, ठेगाना र फोन नम्बर,
- कुन कानून वा मुद्दाबारे दरखास्त वा सूचना गरेको हो सो कुरा,
- कसूर गर्ने व्यक्तिको नाम, थर र ठेगाना,
- कसूर गर्ने व्यक्तिको बाबु/आमाको नाम,
- कसूर गर्ने व्यक्तिको हुलिया र परिचय खुल्ने अन्य विवरण,
- कसूरसँग सम्बन्धित अन्य विवरणः

४. प्रहरी कार्यालयले जाहेरी दरखास्त वा सूचना दर्ता गर्न इन्कार गरेमा के गर्ने ?

जाहेरी दरखास्त वा सूचना दर्ता गर्न इन्कार गरेमा त्यस्तो व्यहोरा खुलाई सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालय वा त्यस्तो जाहेरी दरखास्त दर्ता गर्नु पर्ने प्रहरी

कार्यालयभन्दा माथिल्लो तहको प्रहरी कार्यालयमा उजुर गर्न सकिन्छ ।**(मु.फौ.का.सं. दफा ५)**

५. **मुद्दा अनुसन्धानको क्रममा प्रतिवादीलाई कति दिनसम्म हिरासतमा राख्न सकिन्छ** ?

मुलुकी अपराध संहिता अन्तर्गतका मुद्दामा एकै पटक वा पटकपटक गरी बढीमा पच्चीस दिनसम्म हिरासतमा राख्ने सक्ने कानूनी व्यवस्था छ।तर राष्ट्रपति उपरको आक्रमण, जासूसी, सैनिक भड्काउने, नेपाल राज्यविरुद्ध युद्ध गर्ने वा नेपालसँग युद्धमा संलग्न राज्यका सेनालाई सहयोग गर्ने वा विस्फोटक पदार्थ, अपहरण र शरीर बन्धकसम्बन्धी कसूरको हकमा भने एकै पटक वा पटकपटक गरी बढीमा थप पन्ध्र दिनसम्म मुद्दा अनुसन्धानको क्रममा हिरासतमा राख्न सक्ने कानूनी व्यवस्था रहेको छ। **(मु.फौ.का.सं. दफा १४(७)**

६. **मुद्दा अनुसन्धानको क्रममा हिरासतमा रहेको शंङ्कित व्यक्तिले कानून व्यवसायीसँग सल्लाह लिन पाउँछ कि पाउँदैन ?**

मुद्दा अनुसन्धानको क्रममा हिरासतमा रहेको व्यक्तिले कानून व्यवसायीसँग सल्लाह लिन चाहेमा अनुसन्धान अधिकारीले निजलाई त्यस्तो कानून व्यवसायीसँग सल्लाह लिन दिनु पर्नेछ। निजले अवस्था अनुसार जिल्ला कानूनी सहायता समितिबाट निशुल्क कानूनी सहायताको माग गरेमा निजलाई सो सेवा समेत अनुसन्धान अधिकारीले उपलब्ध गराउनु पर्दछ। **(मु.फौ.का.सं. दफा १३(६))**

७. **सरकारी वकिलबाट प्रतिवादीउपर मुद्दा नचलाउने निर्णय भएकोअवस्थाअवस्थामा पीडितले आफै मुद्दा दायर गर्न सक्छ सक्दैन** ?

कुनै कसूरका सम्बन्धमा कुनै ब्यक्तिका बिरुद्ध सरकारी वकिलले मुद्दा नचलाएमा र त्यस्तो कसूरबाट कसूरबाट पीडित ब्यक्तिले हानी नोक्सानी भएको निजि सम्पत्तिका सम्बन्धमा व्यक्तिवादी फौजदारी कसूर सरह मुद्दा दायर गर्न सक्छ। **(मु.फौ.का.सं. दफा ३४)**

८. **अनुसन्धान अधिकारीसमक्ष उपस्थित हुन नसक्ने व्यक्तिको बयान कसरी गराइन्छ** ?

बयान वा सोधपुछ गर्नु पर्ने कुनै ब्यक्ति शारीरिक अस्वस्थताको कारणले वा त्यस्तो व्यक्तिको सुरक्षाको कारणले अनुसन्धान अधिकारीसमक्ष उपस्थित हुन नसक्ने भएमा

अनुसन्धान अधिकारीले श्रव्य-दृष्य सम्वाद (भिडियोकन्फरेन्स) को माध्यमबाट त्यस्तो ब्यक्तिसँग बयान लिन वा सोधपुछ गर्न सकिन्छ । **(मु.फौ.का.सं. दफा १६(६)**

९. कुनै घर वा कुनै ठाउँको खानतलासी लिने अधिकारीलाई सो ठाउँमा प्रवेश गर्न नदिएमा के हुन्छ ?

त्यस्तो अवस्था आएमा खानतलासी लिने अधिकारीले सो घर वा ठाउँको झ्याल, ढोका, छाना, भित्ता इत्यादिमध्ये प्रवेश गर्न आवश्यक हुनेसम्म भत्काई वा फुटाई वा ताल्चा लगाएकोमा ताल्चा समेत फोडी प्रवेश गरी खानतलासी लिन सक्छ। **(मु.फौ.का.सं.दफा १८)**

१०. लाशजाँच कसले गर्छ र शव परीक्षण कसले गर्छ?

कुनै कसूरको सम्बन्धमा अनुसन्धान गर्न तोकिएको अनुसन्धान अधिकारीद्वारा लाशजाँच गरिन्छ भने शव परीक्षण सरकारी चिकित्सक वा त्यसका लागि इजाजातप्राप्त चिकित्सकले गर्नु पर्छ । शव परीक्षण गर्दा लाग्ने खर्च नेपाल सरकारले बेहोर्नु पर्छ। **(मु.फौ.का.सं.दफा २०)**

११. कस्तो अवस्थामा शव परीक्षण गर्न आवश्यक हुँदैन ?

कुनै मानिसको मृत्यु अपराधको परिणामस्वरुप भएको होइन भन्ने प्रत्यक्ष रुपमा देखिएमा शव परीक्षण गराई रहनु पर्दैन । **(मु.फौ.का.सं.दफा २०(६)**

१२. हिरासतमा रहेको ब्यक्तिको शारीरिक मानसिक यातनाविरुद्ध के कस्ता अधिकार प्राप्त छन्?

हिरासतमा लिइएको व्यक्तिलाई यातना दिएको देखिएमा निजको उपचार गराई अन्तरिम राहत उपलब्ध गराई यातना दिने व्यक्तिलाई विभागीय कारबाही गर्न अदालतले आदेश दिनु पर्नेछ । **(मु.फौ.का.सं.दफा २२(५)**

१३. अभियुक्तले अपराध अनुसन्धामा सहयोग पुऱ्याएबापत के कति सजायमा छुट पाउँछ ?

- अपराध गर्ने व्यक्तिले आफूले गरेको कसूर अनुसन्धान अधिकारी वा सरकारी वकिलसमक्ष पूर्ण रुपमा स्वीकार गरी साबिती भएमा निजलाई हुने सजायमा पच्चीसप्रतिशतसम्म छुट पाउँछ,

- आफू कसूरमा साबित भई सो कसूरमा संलग्न अन्य कसूरदार वा गिरोहमा संलग्न ब्यक्तिलाई पक्राउ गर्न वा कसूर गर्न प्रयोग हुने यन्त्र, उपकरण हातहतियार वा अन्य वस्तु वा बरामद गर्न वा जफत गर्न सघाउ पुऱ्याएको भए पचास प्रतिशतसम्म छुट पाउँछ। **(मु.फौ.का.सं.दफा ३३)**

१४. झुठ्ठा पोल उजुर गर्ने व्यक्तिलाई सजाय हुन्छ, हुदैन ?

कुनै सवूद प्रमाण देखाई उजुर गरेकोमा त्यस्तो प्रमाण झुठ्ठा भएको कुरा पुष्टि भएमा अदालतले सोही मिसिलबाट कारबाही उठाई त्यस्तो झुठ्ठा पोल उजुर गर्ने व्यक्तिलाई कैद जरिवाना गरी अर्को पक्षलाई मनासिव क्षतिपूर्ति भराई दिनु पर्छ । **(मु.फौ.का.सं.दफा ४४)**

१५. कुनै कसूरको सम्बन्धमा मुद्दा नचलाउने निर्णय भएमा जाहेरवाला वा पीडितले कसरी जानकारी पाउन सक्छ?

कुनै कसूरको सम्बन्धमा मुद्दा नचलाउने निर्णय भएमा अनुसन्धान अधिकारीमार्फत त्यसको कारणसहितको सूचना जाहेरवाला वा पीडितलाई दिनु पर्छ। **(मु.फौ.का.सं.दफा ४१)**

१६. अभियोग पत्र दायर भएपछि सामान्यतयाः कस्तो कारवाही हुन्छ ?

- अभियोग पत्र दायर भएपछि अभियोग पत्रसाथ अदालतमा उपस्थित गराइएका प्रतिवादीको बयान लिने कार्य अदालतले गर्दछ।
- बयान लिनुपूर्व प्रतिवादी उपर लगाइएको अभियोग र हुनसक्ने सजाय समेत निजलाई निजले बुझ्ने सरल भाषामा बुझाउनु पर्दछ।
- अभियोग लगाउन आधार लिइएका प्रमाणहरु निजलाई देखाउनु, सुनाउनु पर्दछ।
- निजले नेपाली भाषा नबुझ्ने भएमा दोभाषेको सुविधा उपलब्ध गराउनु पर्दछ।
- निजलाई आवश्यक भएमा निशुल्क कानून व्यवसायीको सुविधा उपलब्ध हुन्छ।

- निज विरूद्ध पेश भएको अभियोग र प्रमाणका सम्बन्धमा निजले आफ्नो स्वतन्त्र भनाई राख्न सक्दछ।
- निजले आफ्ना प्रमाण तथा साक्षी पेश गर्न सक्दछ।
- यो चरणमा आफू निर्दोष रहेको अनुमान गरिपाउने हक प्रतिवादीसँग रहेको हुन्छ ।

१७. कस्तो अवस्थामा प्रारम्भिक सुनुवाई गरेर मात्र मुद्दाको कारबाही अगाडि बढाउनु पर्छ ?

कुनै मुद्दाका सम्बन्धमा अभियुक्तले बयान गर्दा वा प्रतिवादीले प्रतिउत्तर पत्र पेश गर्दा अदालतलाई सो मुद्दा हेर्ने अधिकारक्षेत्र नभएको, वादीलाई मुद्दा दायर गर्ने हकदैया नभएको वा फिराद हदम्यादभित्र नभएको भन्ने विवाद उठाएमा अदालतले पहिले त्यस्तो विवादका सम्बन्धमा निर्णय गरेरमात्र मुद्दाको बाँकी कारबाही अगाडि बढाउनु पर्छ। यसरी सुनुवाई गर्दा आफ्नो अधिकारक्षेत्र भित्र नपर्ने देखिएमा त्यस्तो मुद्दा अधिकारक्षेत्र भएको अदालतमा पठाउनु पर्छ। **(मु.फौ.का.सं.दफा ५१)**

१८. कुन कुन कसूरको अभियोग लागेका व्यक्तिलाई थुनामा राखेर मुद्दा पुर्पक्ष गरिन्छ?

- जन्म कैदको सजाय हुन सक्ने कसूर,
- तीन वर्षभन्दा बढी कैदको सजाय हुन सक्ने कसूर,
- माथि उल्लिखित कसूरको उद्योग, दुरुत्साहन वा अपराधिक षडयन्त्र गरेको वा त्यस्तो कसूरमा मतियार भएको कसूर । **(मु.फौ.का.सं.दफा ६७)**

१९. आरोपित व्यक्तिलाई थुनामा राखेर मुद्दा पुर्पक्ष गर्न सकिने अवस्था कुन कुन हुन ?

- अभियुक्तले अदालतमा कसूर स्वीकार गरेको र मुद्दाको तथ्य र प्रमाणको मूल्याङ्कन गर्दा थुनामा राख्न मनासिब देखिएको,
- नेपालमा स्थायी बसोबास नभएको एक वर्ष वा सोभन्दा बढी सजाय हुन सक्ने अभियुक्त भएमा,
- पक्राउ पूर्जी बमोजिम म्यादभित्र हाजिर नभई पक्राउ भई आएको अभियुक्त भएमा,
- अभियोग लाग्नुभन्दा तीन वर्षअघिको अवधिभित्र अन्य कुनै कसूरको अभियोगमा निजले कैद सजाय पाउने ठहर भएकोमा । **(मु.फौ.का.सं.दफा ६७(२)**

२०. अदालतले अभियुक्तलाई धरौट जमानतमा छाड्न सक्ने अवस्था कुन कुन हुन ?

- अभियुक्त बालबालिका वा शारीरिक वा मानसिक रोग लागी अशक्त भएको वा सात महिनाभन्दा बढीकी गर्भवती महिला वा पचहत्तर वर्ष माथिको वृद्ध भएमा त्यस्तो अभियुक्तलाई अदालतले धरौटी वा जमानत लिई तारिखमा छोड्न सक्नेछ। तर दश वर्षभन्दा बढी कैद सजाय हुन सक्ने कसूरमा धरौट जमानतमा छाड्न मिल्दैन। **(मु.फौ.का.सं.दफा ६७(३))**

२१. थुनामा राख्ने वा धरौट, जमानतमा छाड्ने गरी भएको आदेशउपर चित्त नबुझेमा उजुरी दिन सकिन्छ?

कुनै ब्यक्तिलाई थुनामा राखिएकोमा वा मागिएको धरौट वा जमानतको रकम घटी वा बढीभई चित नबुझेमा एक तहसम्म पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सकिन्छ। यसरी परेको निवेदनउपर पुनरावेदन सुन्ने अदालतले सुनुवाई गरी तल्लो अदालतबाट भएको आदेश सदर वा परिवर्तन गर्न सक्छ ।तर जन्मकैद वा दशवर्ष वा सोभन्दा बढी कैद हुन सक्ने मुद्दा रहेछ भने एक तह भन्दा माथिको पुनरावेदन सुन्ने अदालतमासमेत निवेदन दिन सकिन्छ।

२२. मुद्दा पुर्पक्षका क्रममा राखेको धरौट रकम कुन अवस्थामा जफत हुन्छ ?

अदालतको आदेशानुसारको रकम धरौट राखी मुद्दा पुर्पक्ष गरेकोमा अदालतले तोकेको तारेखमा उपस्थित नभएमा निजले राखेको धरौट जफत हुनेछ ।**(मु.फौ.का.सं.दफा ७५)**

२३. पुर्पक्षको लागि थुनामा राखिएको अभियुक्तलाई अधिकतम कति अवधिसम्म थुनामा राख्न सकिन्छ ?

मुद्दा पुर्पक्षको लागि थुनामा राखिएको व्यक्तिलाई निज उपर लगाइएको अभियोग प्रमाणित भएमा हुन सक्ने अधिकतम कैद सजायभन्दा बढी अवधिसम्म थुनामा राख्न सकिने छैन। **(मु.फौ.का.सं.दफा ७८)**

२४. कुनै मुद्दामा अदालतबाट तोकिएको तारिख गुज्रिएमा कति दिनसम्म थामिन सक्छ ?

अदालतबाट तोकिएको तारिखमा उपस्थित हुन नसकि तारिख गुज्रिएमा अदालतले बढीमा दुई पटक गरी एक्काईस दिनसम्म गुज्रेको तारिख थामिन सक्छ। **(मु.फौ.का.सं.दफा ८५)**

२५. अदालतमा विचाराधिन मुद्दामा वारिस नियुक्त गर्न नसकिने अवस्था कुन कुन हुन ?

- गम्भीर प्रकृतिको कसूर सम्बन्धी मुद्दा भएमा,
- अभियुक्त अदालतमा आफै उपस्थित भै बयान दिनु पर्ने भएमा,
- पुर्पक्षका लागि थुनामा बस्नु पर्ने वा धरौटी वा जमानत दिन नसकी थुनामा वसेको व्यक्ति भएमा,
- अदालतले मुद्दाको पक्षलाई आफै उपस्थित हुन आदेश दिएमा,
- विदेशी नागरिक वा नागरिकताको ठेगाना नभएको व्यक्तिले आफूलाई हुन सक्ने सजाय बराबरको रकम धरौटी वा जमानत नराखेमा
- अदालतको आदेश बमोजिम लागेको दण्ड, जरिवाना, नतिरी बाँकी रहेको भएमा, वा
- अदालतले कुनै मनासिब कारण देखाई वारिस राख्न नपाउने भनी आदेश दिएकोमा **(मु.फौ.का.सं.दफा ८९)**

२६. कस्तो योग्यता पुगेको व्यक्ति वारेश नियुक्त हुन सक्छ ?

- प्रचलित कानूनबमोजिम करार गर्न अयोग्य हुन नहुने,
- किर्ते, जालसाजी, भ्रष्टाचार वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय नपाएको हुनु पर्ने,
- सरकारी बिगो, फैसला कार्यान्वयन गरे बापत अदालतलाईतिर्नु पर्ने कुनै दस्तूर, अदालती शुल्क वा कुनै दण्ड वा जरिबाना तिर्न बाँकी नरहेको,
- तर एकासगोलको व्यक्तिलाई वारिस नियुक्ति गर्न भने माथि उल्लेखित व्यवस्थाले कुनै बाधा पुऱ्याउँदैन। **(मु.फौ.का.सं.दफा ८९(३)**

२७. फौजदारी मुद्दामा वारिस नियुक्त गर्न सकिने विशेष अवस्था कुन कुन हुन ?

- तीन वर्ष वा तीन वर्षभन्दा घटीको कैद सजाय हुन सक्ने कसूरको अभियोगलागेको अभियुक्त थुनामा बसेको रहेनछ र काबू बाहिरको परिस्थितिले तोकिएको तारिखमा उपस्थित हुन नसक्ने अवस्था सृजना भएमा,
- पाँच वर्षसम्म कैदको सजाय हुन सक्ने कसूरको अभियोग लागेको महिला सुत्केरी भएको वा अन्य कुनै कारणले गर्दा तोकिएको तारिखमा अदालतमा उपस्थित हुन नसक्ने भएमा।

- प्रचलित कानूनी व्यवस्थाको अधीनमा रही अदालतले कारण खुलाई वारिस राख्न अनुमति दिएमा । **(मु.फौ.का.सं.दफा ९४)**

२८. कुनै मुद्दामा आफूले नियुक्त गरेको वारेस परिवर्तन गर्नु परेमा कसरी गर्न सकिन्छ ?

वारिस नियुक्त गर्ने पक्षले चाहेमा जुनसुकै बखत आफूले दिएको वारेसनामा बदर गरी आफैले मुद्दा सकार गर्न वा अर्को व्यक्तिलाई वारिस नियुक्त गर्न हुन्छ। यसरी वारिस बदल्नु परेमा अदालतलाई निवेदनसाथ त्यसको जानकारी दिनु पर्छ। **(मु.फौ.का.सं.दफा ९३)**

२९. मुद्दामा आफ्नो साक्षी प्रमाण कुन समयमा पेश गर्नु पर्छ ?

आफुसँग रहने वा आफुले प्राप्त गर्न सक्ने लिखत वा दसी प्रमाण वादीले उजुरीसाथ, अभियुक्तले बयानमा र प्रतिवादीले प्रतिउत्तर साथ पेस गर्नुपर्छ । **(मु.फौ.का.सं.दफा ९९)**

३०. मुद्दाका साक्षी कसले उपस्थित गराउनु पर्छ ?

अदालतमा दायरभएका मुद्दाका साक्षी अड्डाले तोकेको दिन सम्बन्धित पक्षले आफैले उपस्थित गराउनु पर्छ । तोकेको तारिखका दिन उपस्थित नभएका साक्षी अदालतले परीक्षण गर्दैन। **(मु.फौ.का.सं.दफा १०१)**

३१. कस्तो अवस्थामा साक्षी बुझ्न बन्दसवाल जारी हुन्छ?

- त्यस्तो साक्षी मुद्दा दायर रहेको अदालतको अधिकार क्षेत्र भएको इलाकाभन्दा बाहिर रहे बसेको भए,
- कुनै कारणले अदालतमा उपस्थित हुन नसक्ने तर नबुझी नहुने साक्षीलाई मुद्दाको अवस्था हेरी बन्दसवाल जारी गरी बुझ्नु पर्छ। **(मु.फौ.का.सं.दफा १०७)**

३२. कुनै साक्षी अदालतमा उपस्थित हुन नसक्ने भएमा त्यस्ता साक्षीको बकपत्र कसरी गराइन्छ? शारीरिक असमर्थताले गर्दा अदालतमा उपस्थित हुन नसक्ने साक्षीको बकपत्रबकपत्र गराउनु पर्दा त्यस्तो साक्षी रहे बसेको ठाउँमा न्यायाधीश आफैं गई वा आफ्नो मातहतको अधिकृत कर्मचारी खटाई बकपत्र गराउन सकिन्छ । यसरी

बकपत्र गराउँदा मुद्दाका सम्बन्धित पक्षहरुलाई त्यस्तो कुराको सूचना दिई उक्त साक्षी परीक्षण गर्ने मौका समेत दिनु पर्छ। **(मु.फौ.का.सं.दफा १०८)**

३३. कस्ता साक्षीलाई श्रव्य–दृश्य संवाद मार्फत परीक्षण गरी बुझ्न सकिन्छ? १०९

- मुद्दामा बुझ्नु पर्ने साक्षी शारीरिक रुपमा अशक्त वा बालबालिका भएमा
- सुरक्षाको कारणले गर्दा साक्षीलाई अदालतमा उपस्थित गराउन नसकिने अवस्था भएमा
- कुनै खास प्रकृतिको साक्षीको परीक्षण श्रव्य दृश्य सम्वाद मार्फत गराउन अदालतले आदेश गरेमा,

३४. नेपाल सरकारका तर्फबाट बकपत्र गर्न अदालतमा उपस्थित हुने साक्षीलाई कस्तो सुविधा उपलब्ध हुन्छ ?

नेपाल सरकारका तर्फबाट विशेषज्ञको रुपमा अदालतमा बकपत्रका लागि उपस्थित भएको साक्षीले राजपत्राङ्कित तृतीय श्रेणीको सरकारी कर्मचारीले पाए सरहको दैनिक तथा भ्रमण भत्ता पाउछ। अन्य साक्षी भए राजपत्र अनङ्कित प्रथम श्रेणीका सरकारी कर्मचारीले पाए सरहको दैनिक तथा भ्रमण भत्ताको सुविधा उपलब्ध हुन्छ । **(मु.फौ.का.सं.दफा ११३)**

३५. फौजदारी मुद्दा मिलापत्र हुन सक्छ ?

फौजदारी कार्यविधि संहिताको अनुसूची–३ र अनुसूची–४ अन्तर्गतका कसूरसम्बन्धी मुद्दा पक्षहरुको मन्जुरीले जुनसुकै अवस्थामा मिलापत्र गर्न सकिन्छ । सो बाहेक सर्वसाधारणको ठगी वा सर्वसाधारणको सम्पत्तिको हानि, नोक्सानी सम्बन्धी मुद्दा एवं वैदेशिक रोजगारी सम्बन्धी मुद्दामा प्रतिवादी र पीडित दुवैको मंजूरी भएमा भएमा महान्यायाधिवक्ताले मिलापत्र गराउन आदेश दिन सक्छ । **(मु.फौ.का.सं.दफा ११७)**

३६. कुनै कसूरको आरोप लागेको अभियुक्तले आफ्नो विरुद्दमा बयान दिन बाध्य हुन्छ हुँदैन?

कुनै कसूरको आरोप लागेको अभियुक्त आफ्नो विरुद्ध बयान दिन बाध्य हुँदैन। सो कुराको जानकारी अदालतले बयानको क्रममा आरोपित व्यक्तिलाई गराउनु पर्छ।

यसरी जानकारी गराई सकेपछि निजले बयान दिएमा उक्त बयान निजको विरुद्ध प्रमाण लाग्न सक्छ । **(मु.फौ.का.सं.दफा १२२)**

३७. पुर्वसुनुवाई छलफलको उदेश्य के हो?

अदालतमा विचाराधिन मुद्दामा ठहर गर्नु पर्ने कुरा यकिन गर्ने, कुन प्रमाण बुझ्ने, कुन बुझ्न नपर्ने भन्ने कुराको यकिन गर्ने, मेलमिलापको संभावनाको पहिचान गर्ने कार्यका साथै मुद्दा सुनुवाई लाई व्यवस्थापन गर्ने पुर्वसुनुवाई छलफलको मुख्य उद्देश्य रहेको छ।

३८. अभियुक्तले अदालतमा कसूर स्वीकार गरे तत्काल फैसला हुन सक्छ ?

कुनै अभियुक्तले निज उपर लागेको कसूरको आरोप स्वीकार गरी साविती बयान गरेमा अदालतले त्यस्तो बयानको सत्यता र विश्वसनीयतालाई समेत विचार गरी तत्काल उक्त मुद्दाको फैसला गर्न सकिन्छ। **(मु.फौ.का.सं.दफा १२३)**

३९. कैद वा थुनामा बसेको कुनै पक्ष वा साक्षी बुझ्नु परेमा कसरी वुझ्न सकिन्छ ?

- कैद वा थुनामा रहेको मुद्दाको कुनै पक्ष वा साक्षी बुझ्नु पर्नेमा भएमा अदालतको आदेशानुसार सम्बन्धित कार्यालयले त्यस्तो पक्ष वा साक्षीलाई अदालतमा उपस्थित गराउनु पर्छ ।
- सुरक्षाको कारणले वा शारीरिक अशक्तताको कारणले त्यस्ता व्यक्तिलाई अदालतमा उपस्थित गराउन नसकिने भए श्रव्य दृष्य सम्वाद मार्फत बुझ्न सकिन्छ। **(मु.फौ.का.सं.दफा १२६)**

४०. मुद्दा विचाराधिन रहेका अभियुक्तको होस ठेगानमा नरहेमा सुनुवाईको प्रक्रिया अघि बढ्छ बढ्दैन ?

कुनै अभियुक्तको होस ठेगानामा नरहेको कारणले आफ्नो प्रतिरक्षा गर्न असमर्थ देखिएमा निजको हकमा मुद्दा मुलतवीमा राखी निजलाई थुनामुक्त गर्न सकिन्छ। त्यस्तो अभियुक्त स्वस्थ भएपछि मुलतवीबाट जगाई मुद्दाको कारवाही अगाडि बढाउनु पर्छ। **(मु.फौ.का.सं.दफा १२८(३)**

४१. कस्ता प्रकृतिका मुद्दा बन्द इजलासबाट सुनुवाई गरिन्छ ?

जासुसी, मानव बेचबिखन तथा ओसार पसार, यौनजन्य कसूर, बालबालिका अभियुक्त वा पीडित भएको मुद्दा, महिला बिरुद्धको हिंसा, जवर्जस्ती करणी, हाडनाता करणी वा पति

पत्नीबीच चलेको मुद्दा वा अदालतले बन्द इजलासमा सुनुवाई गर्ने भनी आदेश दिएका अन्य मुद्दाको पुर्पक्ष बन्द इजलासबाट गरिन्छ ।

४२. आफ्नो तर्फबाट बहस पैरवी गर्न कानून व्यवसायी नियुक्त नगर्ने अभियुक्तको मुद्दामा कसले प्रतिरक्षा गरिदिन्छ ?

जन्म कैदको सजाय हुन सक्ने वा दश वर्ष वा दश वर्षभन्दा बढी कैदको सजाय हुन सक्ने कसूरको आरोप लागेको अभियुक्तले आफ्नो कानून व्यवसायी नियुक्त नगरेमा त्यस्तो अभियुक्तको हकमा अदालतको तर्फबाट नियुक्त वैतनिक कानून व्यवसायीबाट निजको प्रतिरक्षा गरी दिने व्यवस्था रहेको छ।(**मु.फौ.का.सं.दफा १३०)**

४३. कस्तो अवस्थाका अभियुक्तलाई अदालतबाट भएको फैसलाको जानकारी दिनु पर्छ ?

मुद्दाको कारबाहीमा शुरुदेखि नै संलग्न नरहेको अभियुक्त वा प्रतिवादी, थुना वा कैदमा रहेका अभियुक्त वा एउटा मात्र पक्ष भई एकतर्फी कारबाही भई फैसला भएमा त्यस्तो मुद्दाको अभियुक्तलाई सो फैसलाको सूचना एवं जानकारी उपलब्ध गराउनु पर्छ। **(मु.फौ.का.सं.दफा १३२)**

४४. कुनै मुद्दाका अभियुक्त वा प्रतिवादीको मृत्यु भएमा मुद्दाको खारेज हुन्छ हुँदैन ?

- कुनै मुद्दाको अभियुक्त वा प्रतिवादीको मृत्यु भएमा निजको हकमा त्यस्तो मुद्दा खारेज हुन्छ। तर एकभन्दा बढी अभियुक्त वा प्रतिवादी भएकोमा कुनै एक अभियुक्तको मृत्यु हुँदैमा मुद्दा खारेज हुँदैन ।
- बिगो वा क्षतिपूर्ति समावेश भएको मुद्दामा भने अभियुक्त वा प्रतिवादीको मृत्यु भएपनि मुद्दा खारेज हुँदैन ।
- पुनरावेदन, पुनरावलोकन वा मुद्दा दोहोऱ्याउन निवेदन दिने पक्षको वा त्यस्तो मुद्दामा पहिले कसूरदार ठहरिएको ब्यक्तिको मृत्यु भएमा त्यस्तो मुद्दा तामेलीमा राखिदिनु पर्छ।
- कसूर ठहर भईसकेको व्यक्तिको मृत्यु भए निजलाई भएको कैद जरिवाना मिनाहा हुन्छ। **(मु.फौ.का.सं.दफा १३३)**

४५. कुनै फैसलाउपर चित्त नबुझ्ने पक्षले कति अवधिभित्र पुनरावेदन गरिसक्नु पर्छ ?

फैसला वा अन्तिम आदेशमा चित्त नबुझ्ने पक्षले फैसला भएको थाहा पाएको मितिले नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको हकमा सत्तरी दिन र अन्यको हकमा तीस दिनभित्र पुनरावेदन गर्नु पर्छ। उक्त अवधिभित्र पुनरावेदन गर्न नसकेको अवस्थामा बढीमा तीस दिनसम्मको म्याद थाम्न सकिन्छ।(**मु.फौ.का.सं.दफा १३४)**

४६. कस्तो अवस्थामा मुद्दाको पक्षले फैसला भएको थाहा पाएको मानिन्छ ?

- अदालतबाट सुनुवाई हुँदाका बखत मुद्दाको पक्ष वा निजको वारिस उपस्थित भएको वा निजको कानून व्यवसायी उपस्थित भई बहस पैरवी गरेकोमा सोही दिन मुद्दा फैसला भएमा पक्षले त्यस्तो फैसला भएको थाहा पाएको मानिन्छ ।
- फैसला भएको मितिले एक वर्षको अवधि नाघेपछि पक्षले फैसला भएको स्वतः थाहा पाएको मानिनेछ ।

४७. थुनामा रहेको व्यक्तिले कारागार मार्फत पुनरावेदन दिन मिल्छ ?

कुनै कसुरको सिलसिलामा थुनामा रहेको व्यक्तिले पुनरावेदन गर्न चाहेमा फैसला गर्ने अदालतमार्फत वा आफू कैदमा रहेको कारागार मार्फत पनि पुनरावेदन दिन सकिन्छ। **(मु.फौ.का.सं.दफा १३५)**

४८. पुनरावेदनपत्र दर्ता गर्दा कुन कुन कुरा खुलाएको हुनु पर्छ ?

- पुनरावेदक र प्रत्यर्थीको पुरा नाम र ठेगाना,
- मुद्दाको संक्षिप्त विवरण,
- तल्लो अदालतको निर्णयमा चित्त नबुझेको कुरा र त्यसको आधार,
- पुनरावेदन सुन्ने अदालतबाट निर्णय हुनु पर्ने कुराहरु र सम्बन्धित कानून,
- जुन फैसलाउपर पुनरावेदन दिन खोजेको हो त्यस्तो फैसलाको प्रतिलिपि संलग्न हुनु पर्ने,
- फैसलाबाट पुनरावेदकलाई कुनै सजाय भएको रहेछ भने निजले त्यस्तो सजाय भोगेको वा बुझाएको वा त्यस बापत कैदमा रहेको वा जमानत दिएको वा धरौट राखेको निस्सा साथ राख्नु पर्छ। **(मु.फौ.का.सं.दफा १३६)**

४९. कस्तो व्यक्तिले कैदमा नै बसेर पुनरावेदन दिनु पर्नेछ ?

- जन्मकैदको सजाय भएको ब्यक्ति,
- दश वर्षभन्दा बढी कैद सजाय भएको ब्यक्ति,
- मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को अनुसूची–१ वा अनुसूची–२ अन्तर्गतको कसूरमा कसूरदार ठहरी तीन वर्षभन्दा बढी कैदको सजाय पाएको ब्यक्ति,
- पुर्पक्षको लागि थुनामा वसेकोमा कसूरदार ठहरी कैद सजाय पाएको ब्यक्ति,
- कैदको सजाय पाएको र नेपालभित्र स्थायी बसोबास नभएको ब्यक्ति

(मु.फौ.का.सं.दफा १३७

५०. कस्ता व्यक्तिले कसूर ठहर भए तापनि कैदमा नबसी पुनरावेदन गर्न सक्छन्?

- पचहत्तर वर्ष माथिको ब्यक्ति,
- निको नहुने वा कडा रोग लागी थुनामा बस्न नसक्ने भनी नेपाल सरकारले गठन गरेको मेडिकल बोर्डबाट सिफारिस भएको ब्यक्ति,
- पुर्पक्षको लागि थुनामा नबसेको अवस्थामा दश वर्षसम्म कैद सजाय भएको व्यक्तिले थुनामा नबसी पुनरावेदन गर्न सक्छ । **(मु.फौ.का.सं.दफा १३७)**

५१. पुनरावेदन तहको मुद्दामा तारेखमा बस्न अनिवार्य रहेको छ, छैन?

पुनरावेदन तहको मुद्दाको कारवाहीको सिलसिलामा पक्षले तारिखमा बस्न अनिवार्य हुने छैन।

५२. कस्ता कसूरमा भएको सजाय माफि मुलतवी हुन सक्दैन ?

- भ्रष्ट्राचार
- यातना
- जबरजस्ती करणी
- क्रुर तथा अमानवीय तरिकाले वा नियन्त्रणमा लिई ज्यान मारेको
- जाति हत्या
- विष्फोटक पदार्थ
- अपहरण शरिर बन्धक व्यक्ति बेपत्ता
- मानव बेचविखन तथा ओसारपसार
- सम्पत्ति शुद्धीकरण र
- तीन वर्षभन्दा बढी कैद सजाय हुने लागू औषधको ओसारपसार वा कारोवार । **(मु.फौ.का.सं.दफा १३७(४))**

५३. सरकारी बिगो तिर्नु पर्ने व्यक्तिबाट त्यस्तो रकम असुल हुन नसकेमा सो बापत कति सम्म कैदमा बस्नु पर्छ ?

- पाँच हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्मको विगो बापत एक महिना,
- दश हजार रुपैयाँभन्दा बढी पच्चीस हजार रुपैयाँसम्मको विगो बापत तीन महिना,
- पच्चीस हजार रुपैयाँभन्दा बढी पचास हजार रुपैयाँसम्मको विगो बापत छ महिना,
- पचास हजार रुपैयाँभन्दा बढी एक लाख रुपैयाँसम्मको विगो बापत एक वर्ष,

- एक लाख रुपैयाँभन्दा बढी प्रत्येक पचास हजार रुपैयाँसम्मको विगो बापत छ महिनाको दरले ।
- सरकारी बिगो बापतकैद गर्नु पर्दा सात वर्षभन्दा बढी हुने गरी कैद ठेक्न सकिने छैन।

५४. अदालतको फैसला बमोजिम निजी विगो वा क्षतिपूर्ति कसरी भराइन्छ ?

- व्यक्तिले तिर्नु पर्ने ठहरेको निजी विगो क्षतिपुर्ति वा अन्य रकम फैसला भएको छ महिनाभित्र बुझाउनु पर्छ ।
- सो अबधिभित्र नबुझाएमा दश हजार रुपैयाँसम्म जरिबाना हुन्छ ।
- प्रतिवादीले रकम नबुझाएमा विगो क्षतिपूर्ति भरी पाउने ब्यक्तिले अन्तिम फैसला भएको मितिले तीन वर्षभित्र प्रतिवादीको हकको सम्पत्ति देखाई निवेदन दिएमा।
- त्यस्तो सम्पत्ति लिलाम बिक्री गरी अदालतले बिगो, क्षतिपूर्ति रकम भराई दिनु पर्छ।
- कुनै रकम धरौट वा जमानत राखेको भए त्यसबाट क्षतिपूर्ति, बिगो वा त्यस्तो रकम असूल हुने भएमा सोही बमोजिम भराई दिनु पर्छ ।

५५ .फौजदारी मुद्दामा हदम्यादसम्बन्धी अवधिको गणना कसरी गरिन्छ ?

- हदम्यादको अवधि दिन गन्तीमा तोकिएको भए जति दिन तोकिएको छ त्यति नै दिन गन्तीको हिसाबले गणना गर्नु पर्नेछ ।
- दिन गन्ती गर्दा हदम्याद प्रारम्भ भएको भोलिपल्टदेखि गणना गरी हदम्यादको अवधि कायम गर्नु पर्नेछ ।
- हदम्यादको अवधि महिनामा तोकिएको भए जति दिनको महिना भएपनि संक्रान्तिको हिसाबले जति महिना तोकिएको हो त्यति नै महिनाको हिसाबले गणनागर्नु पर्नेछ ।
- हदम्यादको अवधि वर्षमा तोकिएको भए बाह्र महिनाको अवधिलाई एक वर्ष मानी जति वर्ष तोकिएको हो त्यति नै वर्षको हिसाबले गणना गर्नु पर्नेछ ।

५६. गुज्रेको म्याद वा तारिख थाम्ने प्रयोजनको लागि बाटाको म्यादको गणना कसरी गरिन्छ?

यातायातको नियमित सेवा चलेको ठाउँमा रेल वा बसबाट आउँदा वास्तविक लागेको दिनको दरले र रेल वा बस नचलेको ठाउँको लागि पन्ध्र किलोमिटर बराबर एक दिनको दरले बाटाको म्यादको हिसाब गर्नु पर्छ।यसरी बाटाको म्याद हिसाब गर्दा पन्ध्र किलोमिटरदेखि घटी दुरीलाई एक दिनको म्याद कायम गरिन्छ ।तर जम्मा पन्ध्र किलोमिटर भन्दा घटी दुरीको बाटोलाई बाटाको म्याद पाईदैन।

१. महिला विरूद्ध के कस्ता कसूरहरू हुन सक्दछन् ?

- बहुविवाह
- जबरजस्ती करणी
- यौन दुर्व्यवहार
- गर्भपतन
- घरेलु हिंसा
- मानव बेचबिखन तथा ओसार पसार
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार
- बोक्सीको आरोपसम्बन्धी कसूर
- महिलासँग सम्बन्धित चोटपटक अंगभंग
- सामाजिक सञ्जालमा महिलाका सम्बन्धमा सामग्री प्रकाशन वा प्रदर्शन आदि ।

२. कस्तो अवस्थामा बहुविवाह गरेको मानिन्छ ?

- लोग्ने र स्वास्नीबीच अंशवन्डा भई भिन्न बसेमा बाहेक कुनै लोग्ने मानिसले आफ्नी स्वास्नी जीवित छँदै वा कानूनबमोजिम लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद नहुँदै अर्की महिलासँग विवाह गरेमा वा अर्को पत्नी राखेमा बहुविवाह गरेको मानिन्छ ।

३. बहुविवाह गर्नेलाई के कस्तो सजाय हुन्छ ?

- बहुविवाह गर्नेलाई एक वर्षदेखि पाँच वर्षसम्म कैद र दश हजार रूपैयाँदेखि पचास हजार रूपैयाँसम्म जरिवाना हुन्छ । महिलाले जानी जानी बहुविवाह गरेको ठहरे निजलाई पनि सोहीबमोजिम सजाय हुन्छ । यस्तो विवाह स्वतः बदर हुन्छ ।

४. बहुविवाहसम्बन्धी कसूरमा कसले, कहाँ र कहिले उजुरी दिनुपर्छ?

- बहुविवाहसम्बन्धी कसूर भएमामा पीडितले वा अन्य जो कोहीले थाहा पाएको मितिले तीन महिनाभित्र सम्बन्धित प्रहरी कार्यालयमा उजुरी दिन सक्नेछ।

५. के कुन अवस्थामा जबरजस्ती करणी गरेको मानिन्छ ?

- कसैले कुनै महिलालाई निजको मन्जुरी नलिइ करणी गरेमा,
- अठार वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा,

- होस ठेगान नरहेको अवस्थामा लिएको मन्जुरीलाई मन्जुरी मानिने छैन्,
- गुद्वार वा मुखमा लिङ्ग पसाएमा वा गुद्वार वा मुख वा योनिमा केही मात्र प्रवेश गराएमा वा अन्य कुनै बस्तु योनिमा प्रवेश गराएमा,

६. कस्तो कार्य गरेमा वैवाहिक बलात्कार गरेको मानिन्छ ?

- पतिले पत्नीको सहमति बेगर करणी गरेमा वैवाहिक बलात्कार गरेको मानिन्छ। यसलाई जबर्जस्ती करणी मानिन्छ ।

७. वैवाहिक बलात्कार गरेको अवस्थामा कस्तो सजाय हुने व्यवस्था छ ?

- पत्नीको इच्छा बेगर पतिले जबर्जस्ती करणी गरेमा पाँच वर्षसम्म कैद हुने कानूनी व्यवस्था छ ।

८. जबरजस्ती करणी सम्बन्धी कसूर गरेमा के कति सजाय हुन्छ ?

- पीडितको उमेर अवस्था हेरेर सात वर्षदेखि बीस वर्षसम्म कैद हुन्छ ।
- सामुहिक रूपमा जबर्जस्ती करणी गरेमा वा छ महिनाभन्दा बढीको गर्भवती, अशक्त वा अपांग, शारीरिक वा मानसिकअस्वस्थ महिलालाई वा हतियार देखाई जबर्जस्ती करणी गरेमा थप पाँच वर्ष कैद हुन्छ ।
- अन्य सरूवा यौनरोग (सेक्सुअल ट्रान्समिटेड डिजिज) भएको थाहा पाउँदा पाउँदै जबरजस्ती करणी भएको भए थप तीन वर्ष कैद र तीस हजार रूपैयाँ जरिवाना हुन्छ ।
- आफुलाई मानव रोग प्रतिरोधक क्षमता नष्ट गर्ने जिवाणु (एच.आइ.भी. पोजेटिभ) को रोग लागेको थाहा पाउँदा पाउँदै जबर्जस्ती करणी गरेमा दश वर्षसम्म कैद र एकलाख रूपैयाँसम्म जरिवाना हुन्छ ।

९. जबरजस्ती करणीबाट पीडित महिलाले के कस्तो क्षतिपूर्ति तथा सुविधा पाउँछ ?

- जबरजस्ती करणी गरेको ठहरेमा अदालतले त्यस्ती पीडित महिलाको जीउ, ज्यान, सम्पत्ति वा इज्जतमा पुगेको क्षति विचार गरी मनासिब ठहराएबमोजिमको क्षतिपूर्ति कसूरदारबाट भराई दिनुपर्छ ।
- कसूरदारको कुनै सम्पत्ति नभएमा पीडित राहत कोषबाट क्षतिपूर्ति स्वरूप उचित रकम भराई दिने गरी अदालतले आदेश दिन सक्नेछ ।

१०. पतिले पत्नीलाई जबर्जस्ती करणी गरेमा पीडितको माग भएमा अदालतले पतिको नाममा के कस्तो आदेश जारी गर्नसक्छ ?

- ❖ पत्नीलाई निज बसी आएको घरमा नै बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न लगाउन,
- ❖ पत्नीलाई आवश्यक उपचार गराउन वा उपचारको लागि उपयुक्त रकम दिन लगाउन,
- ❖ दुवै जना एकै ठाउँमा बस्न दिन उचित नदेखिई अलग बसेको अवस्थामा स्वास्नीको भरण पोषणको लागि आवश्यक व्यवस्था गर्न लगाउन,
- ❖ पत्नीलाई दुःख दिने वा सताउने वा निजको अहित हुने कुनै काम नगर्न, नगराउन ।

११. जबरजस्ती करणीसम्बन्धी कसूरमा कसले, कहिले र कहाँ उजुरी दिनुपर्छ ?

जबरजस्ती करणीसम्बन्धी कसूरमा सो भए गरेको मितिले एकवर्षभित्र पीडित वा जो कोहिले सम्बन्धित प्रहरी कार्यालयमा उजुरी दिनु पर्दछ ।

१२. कसले अदालतमा दायर गर्छ ?

जबरजस्ती करणी मुद्दामा अनुसन्धान प्रहरीले गरी सरकारी वकिलले अभियोगपत्र जिल्ला अदालतमा दायर गर्छ ।

१३. जबरजस्ती करणीको मुद्दा कस्तो इजलासमा सुनुवाइ हुन्छ ?

जबरजस्ती करणीको मुद्दा बन्द इजलासमा सुनुवाइ हुन्छ। त्यस्तो इजलासमा पीडित, सम्बन्धित कानून व्यवसायी र अदालतका कर्मचारी उपस्थित हुन सक्छन् ।

- ❖ पीडितले अदालतमा आफ्नो कुरा राख्न पाउछन् ।

१४. कस्तो कार्य गरेमा यौन दुर्व्यवहार गरेको मानिन्छ ?

- ❖ पति वा पत्नीबाहेक अन्य व्यक्तिलाई निजको मन्जुरी बिना करणीको आसयले समातेमा,
- ❖ यौनजन्य आसयले महिलाको संवेदनशील अंग छोएमा वा छुने प्रयास गरेमा,
- ❖ निजको भित्री पोसाक खोलेमा वा खोल्ने प्रयास गरेमा,
- ❖ निजले लगाउने भित्री पोसाक लगाउन, फुकाल्न बाधा अवरोध गरेमा,

- ❖ अस्वभाविक रूपमा कुनै एकान्त ठाउँमा लगेमा,
- ❖ आफ्नो यौनसम्बन्धी अंग छुन, समाउन लगाएमा,
- ❖ अश्लिल वा अन्य यस्तै प्रकारको शब्द, संकेत प्रयोग गरेमा वा चित्र तस्विर देखाएमा,
- ❖ यौनका आसयले जिस्काएमा वा हैरानी दिएमा,
- ❖ कुनै किसिमले अस्वभाविक, अवाञ्छित वा अमर्यादित व्यवहार गरेमा,

१५. यौन दुर्व्यवहार गरेमा के कस्तो सजाय गरी क्षतिपूर्ति दिलाइन्छ?

- ❖ यौन दुर्व्यवहार गर्ने कसूरदारलाई तीन वर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जरिवाना हुने,
- ❖ पीडितले कसूरदारबाट मनासिव माफिकको क्षतिपूर्ति पाउने,

१६. यौन दुर्व्यवहारमा कहिले, कसले, कहाँ उजूरी दिनुपर्छ ?

- ❖ यौन दुर्व्यवहार भएको मितिले एक वर्षभित्र पीडितले सम्बन्धित जिल्ला अदालतमा उजूर गर्नुपर्छ ।

१७. कस्तो अवस्थामा गर्भपतन गराउन हुन्छ ?

- ❖ नेपाल सरकारले तोकेबमोजिमको प्रक्रिया अपनाई निर्धारित योग्यता पूरा गरेका इजाजतपत्र प्राप्त स्वास्थ्यकर्मीले गर्भपतन गराउन सक्ने,
- ❖ गर्भवती महिलाको मन्जुरीले बाह्र हप्तासम्मको गर्भ पतन गराउन हुने,
- ❖ गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्छ वा निजको स्वास्थ्य शारीरिक वा मानसिक रूपले खतरा हुन सक्दछ वा विकलाङ्ग बच्चा जन्मन्छ भन्ने इजाजत प्राप्त चिकित्सकको राय भई त्यस्तो महिलाको मन्जुरीबमोजिम अठ्ठाइस हप्तासम्मको गर्भपतन गराउन हुने,
- ❖ जबरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको गर्भ गर्भवती महिलाको मन्जुरीले अठ्ठाइस हप्तासम्मको गर्भ गर्भपतन गराउन हुने,
- ❖ रोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जिवाणु (एच.आई.भी) वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग शरीरमा भएकी महिलाको मञ्जुरीले अठ्ठाइस हप्तासम्मको गर्भ गर्भपतन गराउन हुने,
- ❖ भ्रुणमा कमीकमजोरी भएको कारणले गर्भमै नष्ट हुन सक्ने वा जन्मेर पनि बाँच्न नसक्ने गरी गर्भको भ्रुणमा खराबी रहेको, वंशानुगत (जेनेटिक) खराबी वा अन्य कुनै कारणले भ्रुणमा अशक्तता रहने अवस्था रहेको भन्ने उपचारमा

संलग्न स्वास्थ्यकर्मीको रायबमोजिम गर्भवती महिलाको मन्जुरीले अट्ठाइस हप्तासम्मको गर्भ गर्भपतन गराउन हुने ।

१८. कानूनले निषेध गरेको गर्भपतन गराउनेलाई के कस्तो सजाय हुन्छ ?

- ❖ गर्भवती महिलालाई करकाप, धम्की, ललाइफकाई वा प्रलोभनमा पारी गर्भपतन गराएमा देहायको सजाय हुन्छः
- ❖ बाह्र हप्तागसम्मको गर्भ भएमा एक वर्षसम्म कैद र दश हजार रूपैयाँसम्म जरिवाना ।
- ❖ बाह्र हप्ताभन्दा बढी पच्चिस हप्तासम्मको गर्भ भएमा तीन वर्ष कैद र तीस हजार रूपैयाँसम्म जरिवाना।
- ❖ पच्चिस हप्तासभन्दा बढीको गर्भ भएमा पाँच वर्षसम्म कैद र पचास हजार रूपैयाँसम्म जरिवाना ।
- ❖ गर्भपतन गराउने उद्देश्यले लिङ्ग पहिचान गर्ने गराउनेलाई तीन महिनादेखि छ महिनासम्म कैद ।
- ❖ लिङ्ग पहिचान गरी गर्भपतन गर्ने गराउनेलाई थप एकवर्षसम्म कैद ।

१९. गर्भपतन सम्बन्धी कसूरमा कसले, कहाँ र कहिले उजुरी दिनुपर्छ?

- ❖ गर्भपतन भएको थाहा पाएको मितिले छ महिनाभित्र सम्बन्धित प्रहरी कार्यालयमा उजुरी दिनुपर्छ ।

२०. गर्भपतनसम्बन्धी मुद्दाको अभियोगपत्र कसले कहाँ दर्ता गर्छ ?

- ❖ सरकारी वकिलले जिल्ला अदालतमा दर्ता गर्ने व्यवस्था छ ।

२१. कस्तो कार्यलाई घरेलु हिंसा भनिन्छ ?

- ❖ कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातनालाई घरेलु हिंसा भनिन्छ ।
- ❖ कुनै घरेलु सम्बन्ध भएको व्यक्तिले शारीरिक चोट पुऱ्याउने, गाली, गलौज गर्ने, झुट्टा वात लगाउने, घरबाट निकाला गर्ने, यौनजन्य दुर्व्यवहार गर्ने, दाइजो माग गर्ने, दाइजो ल्याउन दबाब दिने वा दाइजो नल्याएको कारणबाट हेला गर्ने आदि कार्यलाई महिला विरूद्धको घरेलु हिंसा मानिन्छ ।

२२. घरेलु हिंसाको उजुरी कसले कहाँ र कहिले दिनु पर्दछ ?

- ❖ घरेलु हिंसा सम्बन्धमा जुनसुकै व्यक्तिले प्रहरी कार्यालय वा राष्ट्रिय महिला आयोग वा स्थानीय तहसमक्ष लिखित वा मौखिक उजुरी दिन सक्नेछन ।
- ❖ पीडित व्यक्ति आफैंले चाहेमा अदालतमा सोझै उजुरी दिन सक्नेछ ।
- ❖ कसूर भए गरेका मितिले ९० दिनभित्र उजुरी दिनु पर्दछ ।
- ❖ यस्तो मुद्दामा नेपाल सरकार वादी हुन्छ ।
- ❖ मुद्दाको अनुसन्धान र तहकिकात नेपाल सरकारले गरी सम्बन्धित अदालतमा मुद्दा दायर गर्दछ ।

२३. घरेलु हिंसाबाट पीडित व्यक्तिले पाउने क्षतिपूर्ति तथा अन्य सुविधा सम्बन्धमा के कस्ता व्यवस्था रहेका छन् ?

- ❖ अदालतले पीडकबाट मनासिब माफिकको क्षतिपूर्ति भराइदिन सक्ने,
- ❖ पीडितलाई अस्पतालमा उपचार गराउँदा लागेको सम्पूर्ण खर्च पीडकबाट पीडितले भराई लिन पाउने,
- ❖ कुनै कारणबस पीडकबाट क्षतिपूर्ति भराई लिन नसक्ने अवस्था देखी अदालतले आदेश दिएमा महिला तथा बालबालिका कार्यालय वा सेवा केन्द्रबाट अदालतको आदेशअनुसारको क्षतिपूर्ति पाउने ।
- ❖ अदालतले आवश्यक देखेमा निम्नबमोजिमको अन्तरिम संरक्षणात्मक आदेश जारी गर्न सक्छः
  - ● पीडितलाई निज बसी आएको घरमा बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट व्यवहार गर्न,
  - ● पीडितलाई शारीरिक वा मानसिक चोट पुगेको भएमा उचित उपचार गराउन वा उपचारको लागि उपयुक्त रकम दिन,
  - ● आवश्यक परेमा पीडितलाई अलग बस्ने व्यवस्था गर्न र पीडितको भरणपोषणको आवश्यक व्यवस्था गर्न,
  - ● पीडित र निजसँग आश्रित व्यक्तिलाई तत्काल सुरक्षाको व्यवस्था मिलाउन,
- ❖ पीडितलाई तत्काल सुरक्षा दिन तथा उपचारको क्रममा अलग्गै बस्ने व्यवस्था गर्न सेवा केन्द्रको स्थापना गर्न सक्ने,
- ❖ पीडितले चाहेमा अन्य कानून व्यवसायी राख्ना सक्ने,
- ❖ पीडितले अनुरोध गरेमा मुद्दाको कारबाही र सुनुवाई बन्द इजलासमा गर्नुपर्ने,
- ❖ पीडित व्यक्तिले अनुरोध गरेमा जिल्ला कानूनी सहायता समितिमार्फत निःशुल्क कानूनी सहायता पाउने ।

२४. घरेलु हिंसाको कसूरदारलाई के कति दण्ड सजाय हुन्छ ?

- कसैले घरेलु हिंसा गरेमा त्यस्तो व्यक्तिलाई तीन हजार रूपैयाँ देखि पच्चिस हजार रूपैयाँसम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुने ।
- सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको व्यक्तिले कसुर गरेमा थप दश प्रतिशत सजाय हुने ।

२५. कस्तो अवस्थामा मानव बेचबिखन भएको मानिन्छ ?

- कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानूनबमोजिम बाहेक मानिसको अङ्ग झिक्ने,
- वेश्यागमन गर्ने ।

२६. कस्तो कार्यलाई मानव ओसारपसार भएको मानिन्छ ?

- किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने कार्य ।
- वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपन्च मिलाई, जबरजस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी वा शक्तिको दुरूपयोग गरी अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्नी वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने कार्य ।

२७. मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कसूरको उजुरी कसले, कहाँ र कहिले दिनुपर्छ ?

- मानव बेचविखन तथा ओसारपसारसम्बन्धी कसूरको बारेमा पीडित आफैँले वा अन्य जुनसुकै व्यक्तिले जहिले सुकै पनि नजिकको प्रहरी कार्यालयमा उजुरी दिन सक्छ। त्यस्तो कसूरमा प्रहरीले अनुसन्धान गरी सरकारी वकिलले अभियोगपत्र जिल्ला अदालतमा दायर गर्दछ ।

२८. मानव बेचविखन तथा ओसारपसारसम्बन्धी कसूरमा पीडितको के कस्ता अधिकार एवं सुविधा हुन्छन् ?

- पीडितले आफ्नो छुट्टै कानून व्यवसायी राख्न पाउने,
- पीडितले दोभाषे, साङ्केतिक भाषाविज्ञ वा अनुवादक निःशुल्क पाउन सक्ने ।
- मुद्दाको कारबाही गर्दा बन्द इजलासमा गर्नुपर्ने,
- पीडितको नाम गोप्य राखिने,
- पीडित वा उजुरकर्ताले सुरक्षाको माग गरेमा अदालतमा जाँदा आउँदा वा कुनै निश्चित अवधिसम्म प्रहरी सुरक्षामा राख्ने,
- उजुरीकर्ताले चाहेमा नाम गोप्य राख्नु पर्ने,
- कसूरदारलाई भएको जरिवानाको पचास प्रतिशत रकम बराबरको रकममा नघट्ने गरी क्षतिपूर्ति भराई दिनुपर्ने,
- पीडितलाई शारीरिक वा मानसिक उपचार गराउन सामाजिक रूपमा पुनस्थापना गर्न र पारिवारिक पुनर्मिलन गराउनका लागि पुनस्थापना केन्द्रको स्थापना गर्नु पर्ने,
- नेपाल सरकारका तर्फबाट अदालतमा उपस्थित भएका साक्षीलाई दैनिक तथा भ्रमण भत्ता उपलब्ध हुने ।

२९. मानव बेचविखन तथा ओसारपसार अपराधबाट आफू बच्न गरिएको प्रयासबाट सकैको ज्यान गएमा के हुन्छ ?

- आफूलाई किन्न वा बेच्न वा वेश्यावृत्तिमा लगाउन लागेको वा किनेको वा बेचेको वा वेश्यावृत्तिमा लगाएको थाहा पाई त्यहाँबाट भाग्न उम्कन लाग्दा कसैले बाधा विरोध गरेकोमा केही गर्दा त्यस्तो वाधा / विरोध गर्ने व्यक्तिको ज्यान गएमा वा कुनै चोट पटक लागेमा त्यस्तो पीडीत व्यक्तिलाई कुनै प्रकारको सजाय हुँदैन ।

३०. मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कसूर गरेमा के कस्तो दण्ड सजाय हुन्छ ?

- मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी अपराधमा कसूरको प्रकृति अनुसार बढीमा २० वर्षसम्म कैद र २ लाख रूपैयाँसम्म जरिवाना हुने व्यवस्था गरेको छ । साथै पीडितलाई क्षतिपूर्तिसमेत भराइदिनु पर्दछ ।

३१. कस्तो कार्यलाई कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार मानिन्छ ?

- ❖ कसैले आफ्नो पद, शक्ति वा अधिकारको दुरूपयोग गरी, कुनै किसिमको दवाव, प्रभाव वा प्रलोभनमा पारी वा हतोत्साहित गरी कुनै कर्मचारी वा सेवाग्राहीलाई कार्यस्थलमा देहायका कुनै कार्य गरे वा गराएमा यौनजन्य दुर्व्यवहार गरेको मानिनेछ ।
- ❖ यौनजन्य आशयले शरीरको कुनै अंगमा छोएमा वा छुने प्रयास गरेमा,
- ❖ अश्लिल तथा यौनजन्य क्रियाकलापसँग सम्बन्धित शब्द चित्र, पत्रपत्रिका, श्रव्य, दृश्य, अन्य सूचना प्रविधि, साधन, वस्तु वा सामाग्री प्रयोग वा प्रदर्शन गरेमा,
- ❖ लेखेर, बोलेर वा इसाराले अश्लिल तथा यौनजन्य आशय प्रदर्शन वा प्रकट गरेमा,
- ❖ यौनजन्य क्रियाकलापको लागि प्रस्ताव गरेमा,
- ❖ यौनजन्य आशयले जिस्काएमा वा हैरानी दिएमा,

३२. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार गरेमा कसले कहाँ र कहिले उजुरी दिनुपर्छ ?

- ❖ पीडित कर्मचारी, सेवाग्राही वा निजका तर्फबाट जोसुकैले यौनजन्य दुर्व्यवहार भए गरेको मितिले ९० दिनभित्र प्रामाणसहित उजुरी सुन्ने अधिकारी (सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी) समक्ष उजुरी दिनु पर्दछ ।

३३. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारसम्बन्धी कसूरमा के कति दण्ड सजाय हुन्छ ?

- ❖ कसूरको प्रकृति हेरी ६ महिनासम्म कैद वा ५० हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ ।
- ❖ पीडितलाई शारीरिक वा मानसिक रूपमा कुनै क्षति पुग्न गएको भए त्यस्तो क्षतिबापत मनासिब माफिकको क्षतिपूर्ति र उजुरी गर्दा वा उजुरीको प्रतिरक्षा गर्दा लागेको वास्तविक खर्च क्षतिपूर्तिबापत पीडकबाट पीडितलाई क्षतिपूर्ति रकम भराइ दिनुपर्छ ।

३४. कस्तो कार्य गरेमा बोक्सीको आरोपसम्बन्धी कसूर गरेको मानिन्छ ?

- ❖ बोक्सीको आरोप लगाउने, बोक्सीको आरोपमा गाली बेइज्जती गर्ने, सामाजिक बहिष्कार गर्ने, बसोबास गरेको ठाउँबाट निकाला गर्ने, कुटपिट, अंगभंगलगायत

क्रुर र अमानवीय वा अपमानजनक व्यवहार गर्ने, सम्पत्ति तोडफोड हानि नोक्सानी गर्ने ।

- ❖ बोक्सीको आरोप लागेको व्यक्तिको परिवारको कुनै सदस्यप्रति अपमानजनक व्यवहार गर्ने ।

३५. बोक्सीको आरोप लागेका पीडितले के कस्तो क्षतिपूर्ति तथा सुविधा पाउँछन ?

- ❖ पीडितलाई पुगेको क्षति तथा पीडकको आर्थिक हैसियतलाई समेत विचार गरी पीडितलाई मनासिब क्षतिपूर्ति भराइन्छ।
- ❖ पीडितको अस्पताल वा स्वास्थ्योपचार केन्द्रमा राखेर उपचार गराउँदा लागेको सम्पूर्ण खर्च पीडकबाट भराइन्छ।
- ❖ अदालतले आवश्यक देखेमा निम्नबमोजिमको अन्तरिम संरक्षणात्मक आदेश दिन सक्छः
  - पीडित बसी आएको घरमा बसोवास गर्न दिन,
  - खान लाउन दिन,
  - कुटपिट नगर्न,
  - शिष्ट व्यवहार गर्न,
  - पीडितलाई चोट पुगेको भए उपचार गराउन वा उपचारको लागि उचित रकम दिन,
  - पीडित बसेको ठाउँ वा बाटोघाटो वा कार्यालयमा गई दुःख नदिन वा नसताउन,
  - गाली बेइज्जती नगर्न,
  - पीडितको परिवारको सदस्यको सुरक्षा व्यवस्था मिलाउन,
- ❖ बोक्सीको आरोपसम्बन्धी कसूरमा पीडित वा जोसुकैले प्रहरीमा उजुर गर्न सक्ने।
- ❖ पीडितले अनुरोध गरेमा बन्द इजलासबाट मुद्दाको सुनुवाइ हुने ।

३६. महिलासँग सम्बन्धित कस्तो चोटपटक अंगभंग मानिन्छ ?

- ❖ महिलाको स्तन काटिदिएमा, महिलालाई बाँझोपन हुने गरी चोट पुऱ्याएमा अंगभंग गरेको मानिन्छ ।

३७. महिलासँग सम्बन्धित उल्लिखित कसुरको उजूर गर्ने हदम्याद कति रहेको छ?

- ❖ कसूर भएको मितिले तीन महिनासम्म उजूर गर्न सकिन्छ ।

३८. अंगभंग हुने गरी कुटपिट गरेमा के कस्तो सजाय हुन्छ ?

- ❖ महिलाको स्तन काटेको वा बाँझोपन हुने गरी चोट पुऱ्याएकोमा दश वर्षसम्म कैद र एक लाख रूपैयाँसम्म जरिवाना हुन्छ ।

- एउटै किसिमको काम दिने एक भन्दा बढी अंग हुनेमा त्यसमध्ये एउटा मात्र अंग अंगभंग भएमा पाँच वर्षसम्म कैद र पचास हजार रूपैयाँसम्म जरिवाना हुन्छ ।

३९. तेजाब वा अन्य रासायनिक, जैविक वा विषालु पदार्थ प्रयोग गरी अनुहार वा शरीरको कुनै अंग कुरूप पारेमा के कस्तो सजाय हुन्छ ?

- अनुहारमा कुरूप पारेमा पाँच वर्षदेखि आठ वर्षसम्म कैद र एक लाख रूपैयाँदेखि पाँच लाख रूपैयाँसम्म जरिवाना,
- शरीरको अन्य अङ्ग कुरूप पारेमा वा शरीरमा पीडा पुऱ्याएमा तीन वर्ष देखि पाँच वर्षसम्म कैद र पचास हजार रूपैयाँ देखि तीन लाख रूपैयाँसम्म जरिवाना,
- जरिवानाबापत प्राप्त पुरै रकम पीडितलाई क्षतिपूर्ति बापत भराइदिइने ।

४०. अंगभंग भएको अवस्थामा कति क्षतिपूर्ति पाइन्छ ?

- पीडाको मात्रालाई विचार गरी अदालतले कसूरदारबाट पीडितलाई मनासिव क्षतिपूर्ति भराइदिन सक्छ ।

४१. सामाजिक सञ्जालमा महिलाका सम्बन्धमा कस्ता सामग्री प्रकाशन वा प्रदर्शन गरेमा अपराध मानिन्छ ?

- महिलालाई जिस्क्याउने, हैरानी गर्ने, अपमान गर्ने वा यस्तै अन्य किसिमका कार्य गर्ने जस्ता सामाग्री फेसबुक, ट्वीटर वा अन्य सामाजिक सञ्जालमा प्रकाशन वा प्रदर्शन गरेमा कसूर मानिन्छ ।

४२. सामाजिक सञ्जालमा त्यस्ता सामग्री प्रकाशन गर्नेलाई के कस्तो सजाय हुन्छ ?

- यस्तो कसूर अपराध गर्ने व्यक्तिलाई १ लाख रूपैयाँसम्म जरिवाना वा ५ वर्षसम्म कैद वा दुवै सजाय हुन सक्दछ।
- कसूर अपराधको गाम्भीर्यता हेरी मनासिव माफिकको क्षतिपूर्ति भराइदिने व्यवस्था छ ।

४३. कस्तो कसूरमा पीडित महिलाको पहिचानमा गोपनीयता कायम गरिन्छ ?

- जबर्जस्ती करणी, मानव वेचविखन तथा ओसारपोसार लगायतका विशेष प्रकृतिका मुद्दामा पीडित महिलाको पहिचान गोप्य रहन्छ ।
- अनुसन्धानदेखि फैसला कार्यान्वयनको तहसम्म पनि गोपनियता कायम राख्नु पर्दछ ।

४४. फौजदारी मुद्दामा पीडितको अधिकार के के रहेका छन्?

- स्वच्छ व्यवहार पाउने अधिकार,
- भेदभाव विरूद्धको अधिकार,
- गोपनीयताको अधिकार,
- अनुसन्धानसम्बन्धी सूचनाको अधिकार,
- अभियोजनसम्बन्धी सूचनाको अधिकार,
- न्यायिक कारबाहीसम्बन्धी सूचनाको अधिकार,
- सुरक्षित हुन पाउने अधिकार
- धारणा व्यक्त गर्ने अधिकार,
- कानून व्यवसायी राख्न पाउने अधिकार,
- सुनुवाइमा उपस्थित र सहभागिताको अधिकार,
- सुनुवाइको सिलसिलामा छुट्टै कक्षमा रहन पाउने अधिकार,
- सम्पत्ति फिर्ता पाउने अधिकार,
- लिखित निवेदन दिनसक्ने अधिकार,
- क्षतिपूर्ति सम्बन्धमा जानकारी पाउने अधिकार,
- क्षतिपूर्ति तथा सामाजिक पुनर्स्थापनाको अधिकार,
- अदालतबाट भएको आदेश वा निर्णय सम्बन्धित पीडितलाई चित्त नबुझेमा सोको आधार र कारण खुलाई त्यस्तो आदेश वा निर्णय विरूद्ध प्रचलित कानून बमोजिम निवेदन दिन वा पुनरावेदन गर्न सक्ने अधिकार,
- साक्षी तथा पीडित सुरक्षाको अधिकार ।

४५. फौजदारी मुद्दामा पीडितको कर्तव्य के के रहेका छन्?

- प्रचलित कानूनबमोजिम समयमै अधिकारप्राप्त निकाय वा अधिकारीसमक्ष कसूरका सम्बन्धमा जाहेरी वा सूचना दिने,
- कसूरको अनुसन्धान र अभियोजनका सिलसिलामा अनुसन्धान वा अभियोजन गर्ने अधिकारीलाई सहयोग गर्ने,
- कसूरमा संलग्न व्यक्तिलाई बचाउने उद्देश्यले अनुसन्धान अधिकारी वा अदालतसमक्ष उपस्थित नहुने वा उपस्थित भएर पनि सो उद्देश्यले बयान दिने, बकपत्र गर्ने वा कुनै प्रमाण पेस गर्ने काय नगर्ने,
- आफ्नो वास्तविक नाम, थर, वतन, टेलिफोन नम्बर, इमेल ठेगाना उपलब्ध गराउने र त्यसमा कुनै परिवर्तन भए यथाशीघ्र जानकारी गराउने ।

४६. पीडित प्रभाव प्रतिवेदन सम्बन्धमा के व्यवस्था रहेको छ?

- पीडितले चाहेमा कसूरको कारणले आफूलाई प्रत्यक्ष रूपमा परेको क्षति वा प्रभावको उल्लेख गरी कसूरको अभियोगपत्र अदालतमा दायर हुनुभन्दा

अगावै अभियोजन गर्ने अधिकारीसमक्ष पीडित प्रभाव प्रतिवेदन पेस गर्न सक्ने,

- ❖ पीडितको काबू बाहिरको परिस्थितिले अभियोगपत्र दायर हुनु अगावै पीडित प्रभाव प्रतिवेदन पेस गर्न नसकेमा अभियोगपत्र दायर भएको एक महिनाभित्र अभियोगपत्र दायर गर्ने अधिकारीसमक्ष त्यस्तो प्रतिवेदन पेस गर्न बाधा नपर्ने र अभियोगपत्र दायर गर्ने अधिकारीले त्यस्तो प्रतिवेदन तीन दिनभित्र सम्बन्धित अदालतसमक्ष पेस गर्नु पर्ने।

४७. पीडितले पाउने अन्तरिम क्षतिपूर्ति सम्बन्धमा के व्यवस्था रहेको छ?

- ❖ पीडितलाई तत्काल उपचार गराउनु पर्ने भएमा वा क्षतिपूर्ति वा कुनै प्रकारको राहत रकम दिनु परेमा त्यस्तो व्यक्तिलाई औषधोपचार गराउन वा अन्तरिम रूपमा क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउन अदालतले आदेश दिन सक्ने।
- ❖ यसरी आदेश दिँदा पीडितलाई कोषबाट क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउनु पर्ने।
- ❖ यसरी उपलब्ध गराइएको क्षतिपूर्ति वा राहत रकम अदालतबाट फैसला हुँदा अभियोग लागेको व्यक्ति कसूरदार ठहर भएमा त्यस्तो कसूरदारलाई फैसला भएको पैंतीस दिनभित्र त्यस्तो रकम कोषमा जम्मा गर्न अदालतले आदेश दिने।
- ❖ अदालतले यस्तो आदेश दिएकोमा त्यस्तो कसूरदारले क्षतिपूर्ति वा राहतबापतको रकम कोषमा जम्मा गर्नु पर्नेछ र निजले सो अवधिमात्यस्तो रकम जम्मा नगरेमा फैसला भएको साठी दिनभित्र त्यस्तो कसूरदारको जुनसुकै जायजेथाबाट सरकारी बाँकी सरह असुल उपर गर्नु पर्ने।

४८. पीडितलाई क्षतिपूर्ति प्रदान गर्न के कस्तो ब्यवस्था रहेको छ ?

- ❖ कुनै कसूरको परिणामस्वरूप पीडितको जिउ, ज्यान, सम्पत्ति वा इज्जतमा कुनै क्षति पुगेमा त्यस्तो क्षति बापत अदालतले कसुरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराइदिने व्यवस्था रहेको छ।
- ❖ यसरी अदालतको आदेशबाट तिर्नु बुझाउनुपर्ने क्षतिपूर्तिको रकम कसुरदारले तत्काल बुझाउनुपर्नेछ।
- ❖ तत्काल बुझाउन नसकी त्यसबापत कुनै सम्पत्ति जमानत दिएमा अदालतले एकवर्षभित्र त्यस्तो रकम चुक्ता हुने गरी बढीमा तीन किस्तामा क्षतिपूर्ति बुझाउन आदेश दिन सक्नेछ।

- ❖ पीडित र कसुरदारका बिच क्षतिपूर्ति लिनेदिने सम्बन्धमा कुनै सहमति भएमा सहमति बमोजिम हुनेछ।
- ❖ क्षतिपूर्ति तिर्नुपर्ने कसुरदारले क्षतिपूर्ति तिर्नुपर्ने अवधिभित्र क्षतिपूर्तिको रकम नलिई आएमा त्यस्तो कसुरदारको सम्पत्ति जायजात गरी पीडितलाई क्षतिपूर्ति भराउने व्यवस्था रहेको छ ।

४९. पीडितले क्षतिपूर्ति भराई लिन के गर्नुपर्छ ?

- ❖ पीडितले क्षतिपूर्ति पाउने गरी फैसला भएकोमा फैसलाको जानकारी प्राप्तत भएपछि सम्बन्धित जिल्ला अदालतमा सम्पर्क राख्नुपर्छ ।
- ❖ जिल्ला अदालतले कानूनी प्रक्रिया पूरा गरी क्षतिपूर्ति भराई दिने व्यवस्था छ ।

५०. पीडितलाई राहत वा क्षतिपूर्ति प्रदान गर्न के कस्ता कोषहरूको व्यवस्था गरिएको छ ?

- ❖ लैगिंक हिंसाबाट पीडित महिलाहरूको लागि लैगिंक हिंसा निवारण कोषको स्थापना महिला तथा बालबालिका मन्त्रालयअन्तर्गत गरिएको छ ।
- ❖ त्यस्तो कोष स्थापना नभएसम्मको लागि नेपाल सरकारले नै पीडितलाइ क्षतिपूर्ति उपलब्ध गराई प्रतिवादीबाट सरकारी बाँकी सरह असुल उपर गर्नुहोला भन्ने आदेश भएको पाइन्छ ।
- ❖ सोका अलावा नेपाल सरकारले लैगिंक हिंसा निवारण कोष, बाल उद्धार कोष र मानव बेचविखन ऐनअन्तरगत पुनर्स्थापना कोषको व्यवस्था गरिएको छ ।
- ❖ फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ दफा ४८ मा पीडित राहत कोष खडा गरिने व्यवस्था गरिएको छ ।

५१. फौजदारी मुद्दाको कारबाहीमा शंकित वा प्रतिवादी महिलाका विशेष अधिकार के कस्ता छन् ?

- ❖ कुनै महिलालाई पक्राउ गर्नु परेमा यथासम्भव महिला प्रहरीद्वारा पक्रन लगाउनु पर्ने, तर पक्राउ गर्नुपर्ने अवस्थामा तत्काल महिला प्रहरी उपलब्ध नभएमा निजको इज्जत वा प्रतिष्ठामा आँच नआउने गरी महिलाको शारीरिक संवेदनशिलताको सम्मान गर्दै पुरूष प्रहरी कर्मचारीले पक्राउ गर्न बाधा नपर्ने,
- ❖ खानतलासी गर्दा महिला मात्र रहने वा बस्ने गरेको घर कोठाको खानतलासी लिनु परेमा सम्भव भएसम्म अन्य महिलालाई समेत साथमा लिई घरभित्र प्रवेश गरी खानतलासी लिनु पर्ने, तर कुनै महिलाको शरीरको तलासी लिनु पर्दा महिला प्रहरी वा त्यस्तो महिला प्रहरी तत्काल उपलब्ध नभएमा अन्य कुनै महिलाद्वारा तलासी लिन लगाउन सकिने,

- फौजदारी मुद्दाको पुर्पक्षको लागि प्रतिवादीलाई थुना, धरौट वा तारेखमा के कसरी राख्ने भन्ने सम्बन्धमा अन्यत्र जुनसुकै व्यवस्था गरिएको भएपनि प्रतिवादी सात महिनाभन्दा बढीको गर्भवती भएमा निजलाई धरौट वा जमानतमा छाड्न सकिने,
- थुनुवा वा कैदीलाई थुन्दा वा कैद गर्दा लोग्ने मानिस र स्वास्नी मानिस छुट्याई पाएसम्म छुट्टाछुट्टै घरमा र सो नभई एउटै घरमा राख्नु पर्ने भएमा परस्पर भेटघाट वा कुराकानी गर्न नपाउने गरी सो घरको भिन्दाभिन्दै भागमा राख्नुपर्ने ।
- थुनुवा वा कैदी एउटै कारागारमा राख्ने व्यवस्था भएकोमा माथि उल्लेख गरेबमोजिम थुनुवा वा कैदी छुट्याई यथासम्भव छुट्टाछुट्टै भागमा राख्नुपर्ने।

५२. महिला सँग सम्बन्धित फौजदारी मुद्दामा कुन कुन कानूनहरू रहेका छन ?

- नेपालको संविधान (२०७२)
- मुलुकी अपराध संहिता, २०७४
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४
- घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६
- मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (नियन्त्रण) ऐन, २०७१
- बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२
- विद्युतीय (इलेक्ट्रोनिक) कारोवार ऐन, २०६३
- अपराध पीडित संरक्षण ऐन, २०७५
- फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४
- कारागार ऐन, २०१९
- सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५

सम्पर्क ठेगाना:

सर्वोच्च अदालत
न्यायमा पहुँच आयोग
रामशाहपथ, काठमाडौं नेपाल ।

फोन नं. : ०१-४२००७५५, ०१-४२००७२९
ईमेल : a2jc@supremecourt.gov.np
वेभसाइट : www.supremecourt.gov.np

फौजदारी मुद्दामा महिलाको अधिकार एवं उपचारसम्बन्धी जानकारी पुस्तिका

सर्वोच्च अदालत
न्यायमा पहुँच आयोग
रामशाहपथ, काठमाडौं
२०७६

१. **बालअधिकार भनेको के हो ?**

❖ बालअधिकार भनेको बालबालिकाका लागि प्राप्त हुने विशेष अधिकार हो ।

❖ गर्भदेखि बालक रहुन्जेलसम्म उपभोग गर्न पाउने सबै अधिकारहरू बालअधिकारभित्र पर्दछन् ।

❖ बालअधिकारभित्र नाम र राष्ट्रियताको अधिकार, आमाबाबुसँग बसोबास गर्ने अधिकार, पारिवारिक पुनर्मिलनको अधिकार, बालबालिकाले विचार प्रकट गर्न पाउने अधिकार, शिक्षा, स्वास्थ्यको अधिकार आदि पर्दछन् ।

२. **बालबालिका भन्नाले कसलाई बुझाउँछ ?**

❖ बालबालिका भन्नाले १८ वर्ष उमेर नपुगेका व्यक्तिलाई बुझाउँछ ।

३. **कस्ता व्यक्तिलाई कानूनले असक्षम मानेको छ ?**

❖ दश वर्ष उमेर पूरा नभएको बालबालिका,

❖ कानून बमोजिम १८ वर्षको उमेर पुगेको भएपनि होस ठेगानामा नरहेको कारण आफ्नो हक हित संरक्षण गर्न नसक्ने व्यक्ति ।

४. **कस्ता व्यक्तिलाई कानूनले अर्द्धसक्षम मानेको छ?**

❖ दश वर्ष पूरा भई अठार वर्ष पूरा नभएको व्यक्ति,

❖ अर्द्धसक्षम व्यक्तिले कानूनको अधीनमा रही जुनसुकै अधिकारको प्रयोग गर्न, दायित्व निर्वाह गर्न तथा कर्तव्य पालना गर्न सक्ने,

❖ अर्द्धसक्षम व्यक्तिले अधिकारको प्रयोग गर्दा संरक्षक वा माथवरको मन्जुरी लिई वा निज मार्फत गराउनु पर्ने,

❖ अर्द्धसक्षम व्यक्तिले कुनै कार्य गराउँदा संरक्षक वा माथवरको रोहवरमा गराउनुपर्ने ।

५. **कस्तो अवस्थामा संरक्षक भएको मानिनेछ ?**

❖ असक्षम वा अर्द्धसक्षम व्यक्तिको हकहित वा संरक्षण गर्न कानूनबमोजिम नियुक्त वा दायित्व भएको व्यक्ति,

❖ संरक्षकले आफ्नो संरक्षणमा रहेको व्यक्तिको पालनपोषण, स्वास्थ्य, शिक्षा, मनोरञ्जन तथा हेरविचारको व्यवस्था निजको सम्पत्ति भए त्यस्तो सम्पत्तिबाट र त्यस्तो सम्पत्ति नभए आफ्नो सम्पत्तिबाट गर्नुपर्ने,

❖ संरक्षकले संरक्षकत्वमा रहेको व्यक्तिको सम्पत्तिको रेखदेख र संरक्षण गर्नुपर्ने,

❖ संरक्षकले आफ्नो संरक्षकत्वमा रहेको व्यक्तिको हक, हितको लागि कुनै व्यक्ति उपर कानूनी कारबाही चलाउन वा निजको प्रतिरक्षा गर्नुपर्ने ।

६. **कस्तो अवस्थामा अदालतले संरक्षकको नियुक्ति गर्न सक्नेछ ?**

❖ कुनै व्यक्ति नाबालकको संरक्षक हुन नचाहेको अवस्थामा संरक्षक नियुक्ति गर्न सम्बन्धित स्थानीय तहको वडा समिति वा सरोकारवालाले निवेदन दिएमा कारण खोली अदालतले संरक्षण नियुक्त गर्न सक्नेछ ।

७. **कस्तो नाबालकको माथवरको हैसियतले काम गर्न सक्नेछन् ?**

❖ कुनै नाबालकको संरक्षक नभएमा, निज अठार वर्ष पूरा नभएसम्म, निजको पालनपोषण, स्वास्थ्य, शिक्षा, हेरविचार तथा सम्पत्तिको संरक्षण गर्नका लागि कुनै व्यक्तिले त्यस्तो नाबालकको माथवरको हैसियतले काम गर्न सक्नेछन्।

८. **कस्तो अवस्थामा अदालतले माथवरको नियुक्ति गर्न सक्छ ?**

❖ संरक्षक नभएमा वा कुनै व्यक्तिले पनि निजको माथवरको रूपमा काम नगरेमा स्थानीय तहको वडा समितिले पेस गरेका व्यक्तिहरूमध्ये उपयुक्त कुनै एक व्यक्तिलाई माथवर नियुक्ति गर्न सक्छ ।

९. **बालबालिकासम्बन्धी छुट्टै कानूनी व्यवस्था किन आवश्यक हुन्छ ?**

❖ बालबालिकाहरू कलिलो उमेरका हुने हुँदा उनीहरूले आफ्नो हित र अहितको विषयमा आफैं निर्णय गर्न सक्तैनन् । निजहरूको हितको विषयमा निर्णय गर्न राज्य तथा अभिभावकको महत्वपूर्ण भूमिका हुन्छ । त्यसैले बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र आवश्यकता परिपूर्ति गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्न बालबालिकासम्बन्धी छुट्टै कानूनको आवश्यकता हुन्छ ।

१०. **नेपालको संविधानमा बालबालिकाका के कस्ता अधिकारहरू छन् ?**

❖ आफ्नो पहिचानसहित नामाकरण र जन्मदर्ताको हक हुने,

❖ परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गिण व्यक्तित्व विकासको हक हुने,

❖ प्रारम्भिक बालविकास तथा बालसहभागिताको हक हुने,

❖ कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन नपाइने,

❖ बालविवाह, गैरकानूनी ओसारपोसार र अपहरण गर्न वा बन्धक राख्ना नपाइने,

❖ सेना, प्रहरी वा शसस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा साँस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने,

- ❖ घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन नपाइने,
- ❖ बाल अनुकूल न्यायको हक हुने,
- ❖ असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने,
- ❖ बालबालिकाको हक अधिकार विपरीतका कार्य कानूनबमोजिम दण्डनीय हुने र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने,

११. कानूनले बालबालिकालाई के कस्ता अधिकार प्रदान गरेको छ ?

- ❖ प्रत्येक बालबालिकालाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार,
- ❖ प्रत्येक बालबालिकालाई नाम, राष्ट्रियता र पहिचानको अधिकार,
- ❖ कुनै पनि बालिकालाई कुनै पनि आधारमा भेदभाव नगरिने,
- ❖ कुनै पनि बालबालिकालाई निजको इच्छा विपरीत बाबु वा आमाबाट भिन्न वा अलग नगरिने,
- ❖ प्रत्येक बालबालिकालाई आफ्नो बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षणबाट उचित हेरचाह, संरक्षण, पालनपोषण र माया प्राप्त गर्ने अधिकार हुने,
- ❖ आफ्नो धारणा बनाउन सक्षम बालबालिकालाई आफूलाई असर पार्ने विषयमा गरिने निर्णयमा सहभागी हुने अधिकार हुने,
- ❖ प्रत्येक बालबालिकालाई कानूनबमोजिम स्वतन्त्र रूपमा कुरा राख्ने, आफ्नो हक, हित र सरोकारको विषयमा सूचना माग्ने र पाउने अधिकार हुने,
- ❖ प्रत्येक बालबालिकालाई बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनको लागि बाल क्लब वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकार हुने,
- ❖ प्रत्येक बालबालिकालाई गोपनीयताको अधिकार हुने,
- ❖ अपाङ्गता भएका बालबालिकालाई विशेष संरक्षणको अधिकार हुने,
- ❖ प्रत्येक बालबालिकालाई पोषण तथा स्वास्थ्यको अधिकार हुने,
- ❖ प्रत्येक बालबालिकालाई निजको उमेर र रूचिअनुसार खेलकुद, मनोरञ्जिन तथा सांस्कृतिक अधिकार हुने,
- ❖ प्रत्येक बालबालिकालाई योग्यताप्राप्त शिक्षकबाट गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकार हुने,
- ❖ प्रत्येक बालबालिकालाई गुणस्तरीय स्वास्थ्य सेवा पाउने अधिकार हुने ।

१२. बालबालिकाप्रति राज्य, सार्वजनिक अधिकारी, परिवार वा संरक्षक र सञ्चार क्षेत्रको दायित्वहरू के के रहेका छन् ?

क. बालबालिकाप्रति राज्यको दायित्वः

- ❖ विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पालनपोषण, संरक्षण, स्वास्थ्य र शिक्षा लगायतका आधारभूत आवश्यकताको व्यवस्था गर्न राज्यले स्रोत साधनको आधारमा आवश्यक व्यवस्था मिलाउनुपर्ने हुन्छ।

ख. बालबालिकाप्रति संस्था वा सार्वजनिक अधिकारीको दायित्वः

- ❖ बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकायका अधिकारीले हरेक काम कारबाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यक बालमैत्री प्रक्रिया अपनाउनुपर्ने,
- ❖ जीवनको जोखिममा भएका बालबालिकालाई तत्काल सहयोग गर्नु सबैको दायित्व हुने,
- ❖ बालबालिकाको वैकल्पिक हेरविचार गर्दा, बालबालिकाको बाबुआमा वा संरक्षकबाट अलग गर्नुपर्दा, बाबुआमाको सम्बन्ध बिच्छेद भई छोराछोरीको हरेचाह र पालनपोषण कसले गर्ने भन्ने निर्णय गर्दा बालबालिकाको उच्चतम् हित निर्धारण प्रक्रिया अवलम्बन गर्नुपर्ने ।
- ❖ बालबालिका रहने वा सेवा प्रदान गर्ने सांगठनिक र निजी सामाजिक संस्थाले भौतिक संरचना निर्माण वा मर्मत संभार गर्दा बालमैत्री हुने गरी आवश्यक व्यवस्था मिलाउनु पर्ने ।

ग. बालबालिकाप्रति परिवार वा संरक्षकको दायित्वः

- ❖ बालबालिकाको हेरचाह, पालनपोषण र वृत्ति विकासमा बाबु र आमा दुवैको समान दायित्व हुने,
- ❖ बालबालिकालाई हरेचाह, पालनपोषण र संरक्षण गर्नु, शिक्षा, स्वास्थ्य उपचार लगायत व्यक्तित्व विकासको अवसर उपलब्ध गराउनु पर्ने,
- ❖ बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले विद्यालय जाने उमेरका प्रत्येक बालबालिकालाई विद्यालयमा भर्ना गराई शिक्षा आर्जनको लागि समुचित वातावरण उपलब्ध गराउनु पर्ने,
- ❖ बाबु, आमा परिवारका अन्य सदस्य वा संरक्षकले बालबालिकाको शिक्षा, स्वास्थ्य तथा शारीरिक वा मानसिक विकासमा असर पर्ने गरी श्रममा लगाउन / गराउन हुँदैन,
- ❖ बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले छ वर्ष उमेर नपुगेका बालबालिकालाई निवास वा अन्य स्थानमा एक्लै छोड्न वा एक्लै अन्यत्र पठाउन हुँदैन ।

घ. बालबालिकाप्रति सञ्चार क्षेत्रको दायित्वः

❖ बाल अधिकारको उल्लङ्घन र बालबालिकाको हित प्रतिकूल नहुने गरी सूचना वा प्रसारण गर्नु सञ्चार क्षेत्रको दायित्व हुनेछ ।

१३. कानूनको विवादमा परेका बालबालिका भनेको के हो ?

कानूनको विवादमा परेका बालबालिका भन्नाले कसूरजन्य कार्यको आरोप लागेका बालबालिकालाई जनाउँछ । यो शब्दले बाल अदालतबाट कसूरजन्य कार्यमा दोषी ठहर भएका बालबालिका समेतलाई जनाउने छ भन्ने कानूनी व्यवस्था रहेको छ ।

१४. बाल न्यायसम्बन्धी के कस्ता कानूनी व्यवस्था छन् ?

❖ बालबालिकाले गरेको कसूरजन्य कार्यको सुरू कारबाही र किनारा गर्ने कार्य बाल अदालतले गर्नेछ ।

❖ बाल अदालतमा जिल्ला न्यायाधीश, समाजसेवी र बालमनोविज्ञ वा बाल विशेषज्ञ रहन्छन ।

❖ बाल अदालतले न्याय सम्पादन गर्ने सिलसिलामा कुनै निर्णय गर्नुअघि बालबालिकाको धारणा, निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकको भनाई राख्ने मौका दिनुपर्छ ।

❖ बालबालिकासँग संवाद गर्दा निजले चाहेको भाषामा गर्ने र आवश्यकता अनुसार दोभाषेको सहयोग लिनुपर्छ ।

❖ बन्द इजलासबाट मुद्दाको सुनुवाइ गरिनु पर्छ ।

❖ मुद्दाको कामकारबाहीको गोपनीयता राख्नुछ पर्छ ।

❖ बालबालिकाको प्रतिरक्षा गर्ने कानून व्यवसायी नियुक्त नभएसम्म मुद्दाको कारबाही र किनारा गर्न हुँदैन ।

❖ बालमैत्री वातावरणमा मुद्दाको सुनुवाइ गरिनुपर्छ ।

❖ बालबालिका भएको मुद्दा निरन्तर सुनुवाइको आधारमा गरिनुपर्छ ।

❖ मुद्दा दायर भएको मितिले १२० दिनभित्र मुद्दाको कारबाही र किनारा गर्नुपर्छ।

१५. बालबालिकाले कसूरजन्य कार्य गरेको अवस्थामा प्रहरीले नियन्त्रणमा लिँदा के कस्तो कार्यविधि पूरा गर्नुपर्छ ?

❖ कसूरजन्य कार्यको सूचना प्राप्त भएमा बालन्यायसम्बन्धी तालिम प्राप्त अनुसन्धान अधिकारीले यथाशीघ्र अनुसन्धान प्रारम्भ गर्नुपर्ने,

❖ त्यस्तो बालबालिकालाई नियन्त्रणमा नलिई नहुने देखेमा नियन्त्रणमा लिने,

❖ नियन्त्रणमा लिएको बालबालिकालाई नियन्त्रणमा लिनु नपर्ने देखेमा निजको परिवारको सदस्य, संरक्षक वा नातेदारको जिम्मामा लगाउनुपर्ने,

❖ बालबालिकालाई नियन्त्रणमा लिएमा सोको जानकारी निजको परिवारको सदस्य, संरक्षक वा निजको नातेदारलाई दिनुपर्ने,

❖ बालबालिकालाई नियन्त्रणमा लिँदा बल प्रयोग गर्न नपाइने,

❖ नियन्त्रणमा लिएको बालबालिकालाई सम्भव भएसम्म बालमनोविज्ञ वा बालहितसम्बन्धी काम गर्ने व्यक्तिसँग सम्पर्क गराई परामर्श सेवा लिन पाउने,

❖ बालबालिकासँग बयान लिने,

❖ अदालतको अनुमतिले एक पटकमा पाँच दिनमा नबढ्ने गरी एक्काइस दिनसम्म निगरानी कक्षमा राख्ने सकिने,

❖ निगरानी कक्षमा राख्न, अदालतलाई उचित नलागेमा खोजेको बखत उपस्थित गराउने शर्तमा त्यस्तो बालबालिकालाई निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकको जिम्मा लगाई मुद्दाको अनुसन्धान गर्ने आदेश दिन सक्ने ।

१६. बालबालिका भएको मुद्दाको पुर्पक्ष गर्ने सम्बन्धमा के व्यवस्था रहेको छ ?

बालबालिकालाई पुर्पक्षको सिलसिलामा थुनामा राखिने छैन । निजसँग धरौटी वा जमानत पनि मागिँदैन । तर निम्न अवस्थामा कसूरजन्य कार्यको अभियोग लागेको बालबालिकालाई कारण खुलाई पुर्पक्षको लागि बाल सुधार गृहमा राख्ना सकिने व्यवस्था रहेको छः-

❖ बालबालिकाको जिउज्यान जोखिममा पर्ने, निजद्वारा कसैलाई हानी नोक्सानी पुर्यायउने, त्यस्तो बालबालिका भागी जाने वा अन्य कारणले अन्यत्र राख्न उपयुक्त नहुने पर्याप्त आधार भएमा,

❖ तीन वर्ष वा सोभन्दा बढी कैद सजाय गर्नुपर्ने कसूरजन्य कार्यको अभियोग लागेको बालबालिकालाई तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिने भएमा वा कसूरदार हो भन्नेक विश्वास गर्ने मनासिब आधार भएमा,

❖ माथिका अवस्थामा बाहेक कसूरजन्य कार्यको अभियोग लागेका बालबालिकालाई चाहिएको बखत उपस्थित गराउने सर्तमा बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षक वा निजहरू नभए बालबालिकाको हकहितको संरक्षण गर्ने संस्था वा व्यक्तिको जिम्मा लगाउन सकिने व्यवस्था छ । तर बालबालिकाको शारीरिक तथा मानसिक अवस्था, उमेर, परिस्थिति समेतलाई ध्यानमा राख्दा निजलाई सुधार गृहमा राख्नर उपयुक्त नहुने भन्ने कुरा

अदालतलाई लागेमा शर्त तोकी निजको बाबु, आमा, परिवारको अन्य सदस्य वा संरक्षक समेतका जिम्मामा लगाउन सकिनेछ ।

❖ बालबालिकालाई नेल, हतकडी लगाउनु हुँदैन ।

❖ बालबालिकालाई एकान्तवास वा थुना वा कैदमा राख्नु हुँदैन ।

१७. पीडित बालबालिकाहरुलाई न्यायिक प्रक्रियामा के के अधिकारहरू रहेका छन् ?

❖ आफूले बुझ्ने भाषामा जानकारी पाउने,

❖ सहभागी वा संलग्न हुने,

❖ व्यक्तिगत परिचयात्मक र विवरण गोप्य राख्न पाउने,

❖ पीडितबाट मनासिब माफिकको क्षतिपूर्ति भराई पाउने,

❖ निःशुल्क कानूनी सहायता पाउने,

❖ निःशुल्क दोभाषे, साङ्केतिक भाषाविज्ञ वा अनुवादकको सुविधा पाउने,

❖ निर्णय तथा आदेश लगायतका कागजातहरूको प्रतिलिपि निःशुल्क पाउने,

❖ पीडितबाट हुन सक्ने हानिबाट सुरक्षित हुन प्रहरीको संरक्षण पाउने,

❖ बन्द इजलासबाट मुद्दाको सुनुवाइ हुने,

❖ कारबाहीका बखत आवश्यकता अनुसार प्रतिवादीको उपस्थितिलाई अप्रत्यक्ष तुल्याउन पाउने ।

१८. मुद्दाको अनुसन्धान तथा सुनुवाइको सिलसिलामा बालबालिकालाई के के अधिकार प्राप्त हुन्छन् ?

❖ आफू विरूद्ध लागेको आरोप, सो आरोपको कारबाही, त्यसमा भएको आदेश वा निर्णयको जानकारी पाउने,

❖ प्रतिरक्षाको लागि तत्काल निःशुल्क कानूनी सहायता पाउने,

❖ सक्षम न्यायिक निकायबाट मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्ने,

❖ बाल न्याय सम्पादनको सबै प्रक्रियामा आवश्यकता अनुसार परिवार वा संरक्षकको उपस्थिति माग गर्ने,

❖ बाल अदालतबाट छिटो र स्वच्छ न्याय प्राप्त गर्ने,

❖ बाल न्याय सम्पादन प्रक्रियाको गोपनीयता प्राप्त गर्ने,

❖ संवैधानिक वा कानूनी हकको बारेमा जानकारी प्राप्त गर्ने,

❖ बालमैत्री वातावरणमा अनुसन्धान, अभियोजन तथा सुनुवाई हुने,

❖ न्यायिक प्रक्रियाका हरेक चरणमा सहभागी हुने र आफ्नो भनाइ स्वतन्त्र रूपमा व्यक्त गर्ने अवसर प्राप्त गर्ने,

❖ मुद्दाको सुनुवाइमा बालबालिकाले चाहेमा आफूसँगै निजका बाबु, आमा, संरक्षकलाई सहभागी गराउने,

❖ पीडित बालबालिकाको बाबु, आमा, अभिभावक वा संरक्षक नै पीडक भएमा र बालबालिकाले चाहेमा पीडकबाट अलग रहन पाउने ।

१९. बालबालिकाका कर्तव्य के के हुन्छन् ?

❖ बाबु, आमा, संरक्षक, परिवारका अन्य सदस्य, शिक्षक तथा समाजसेवीले बालबालिकाको सर्वोत्तम हितलाई विचार गरी दिएको सल्लाह, सुझाव, मार्गदर्शन र निर्देशन पालना गर्नु, सबैलाई सम्मान र आदर गर्नुपर्ने,

❖ नाबालकले आमा बाबुले कानून सम्मत दिएको आज्ञा, आदेश वा निर्देशनको पालना गर्नुपर्ने ।

२०. बालबालिका विरुद्धको कसूर अन्तर्गत के कस्ता कार्य पर्दछन् ?

❖ धूमपान, मद्यपान वा जुवा, तास जस्ता कुलतमा संलग्न गराउने,

❖ बालिगहरूका लागि खोलिएका डान्स बार, क्यासिनो जस्ता मनोरञ्जानस्थलमा प्रवेश वा प्रयोग गराउने,

❖ बालिगहरूका लागि मात्र भनी तोकिएका चलचित्र, अन्य श्रव्य दृश्य जस्ता सामग्री देखाउने,

❖ घर, विद्यालय वा जुनसुकै स्थानमा शारीरिक वा मानसिक दण्ड दिने वा अमर्यादित व्यवहार गर्ने,

❖ शारीरिक चोट पटक वा असर पुयाऱ्उने, आतङ्कित पार्ने वा धम्क्याउने, तिरस्कार, उपेक्षा, भेदभाव, बहिष्कार वा घृणा गर्ने, एक्ल्याउने वा मानसिक पीडा दिने,

❖ विद्युतीय वा अन्य माध्यम प्रयोग गरी सताउने, कष्ट दिने,

❖ राजनीतिक प्रयोजनका लागि संगठित गर्ने वा हड्ताल, बन्द, चक्काजाम, धर्ना वा जुलुसमा प्रयोग गर्ने,

❖ गैरकानूनी थुना, कैद, कारावास वा नजरबन्दमा राख्नेर, नेल, हतकडी लगाउने,

❖ क्रुर, अमानवीय व्यवहार गर्ने वा यातना दिने,

❖ सनातन, परम्परा वा कुनै धार्मिक वा सांस्कृतिक कार्यको लागिबाहेक भिक्षा माग्न लगाउने वा सन्यासी, भिक्षु, फकीर वा अन्य कुनै भेष धारण गर्न लगाउने,

❖ जबरजस्ती अनाथ घोषणा गर्ने वा अनाथको रूपमा दर्ता गराउने,

❖ भाकल, धार्मिक वा अन्य कुनै अभिप्रायले कसैको नाउँमा चढाउने वा समर्पण

गर्ने वा परम्परा, संस्कृति, रितिरिवाजको नाममा कुनै प्रकारको हिंसा, विभेद, हेला वा बहिष्कार गर्ने वा उपहासको पात्र बनाउने,

- ❖ जादु वा सर्कसमा लगाउने,
- ❖ कसूरजन्य कार्य गर्न सिकाउने, तालिम दिने वा त्यस्तो कार्यमा लगाउने,
- ❖ बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने,
- ❖ प्रचलित कानूनविपरीत बालबालिकाको अंग झिक्ने,
- ❖ औषधि वा अन्य कुनै परीक्षणको लागि बालबालिकालाई प्रयोग गर्ने,
- ❖ कानूनबमोजिम बाहेक बाल गृहमा राख्ने,
- ❖ बालबालिकालाई विद्यालय भर्ना गर्न इन्कार गर्ने ।

२१. के कस्ता कार्यहरू बाल यौन दुर्व्यवहार अन्तर्गत पर्दछन् ?

- ❖ अश्लील चित्र, श्रव्यदृश्य वा यस्तै किसिमका अन्य सामाग्री देखाउने वा देखाउन लगाउने वा अश्लील तथा यौनजन्य आचरण वा व्यवहार झल्कने अभिव्यक्ति वा हाउभाउ प्रदर्शन गर्ने वा बाल अश्लीलता प्रदर्शन गर्ने वा गराउने,
- ❖ बालबालिकाको वास्तविक वा काल्पनिक अश्लील चित्र वा श्रव्यदृश्य सामग्री वितरण गर्ने,
- ❖ यौनजन्य क्रियाकलापका लागि प्रस्ताव गर्ने, फकाउने, दबाब दिने वा धम्क्याउने,
- ❖ अश्लील कार्य तथा सामग्री निर्माणमा प्रयोग गर्ने,
- ❖ यौनजन्य मनसायले शरीरको संवेदनशील अंगमा स्पर्श गर्ने, चुम्बन गर्ने, समाउने, अंकमाल गर्ने वा आफ्नो वा अरू कसैको शरीरको संवेदनशील अंग छुन वा समाउन लगाउने वा यौनजन्य मनसायले बेहोस पार्ने वा यौनजन्य अंग प्रदर्शन गर्ने वा गर्न लगाउने,
- ❖ कामवासना वा यौन उत्तेजना उत्पन्न गर्न बालबालिकालाई प्रयोग गर्ने वा गराउने,
- ❖ यौन सन्तुष्टि प्राप्त गर्ने उद्देश्यले बालबालिकाको प्रयोग गर्ने वा गराउने,
- ❖ बाल यौन शोषण गर्ने वा गराउने,
- ❖ यौनजन्य सेवा उपलब्ध गराउने उद्देश्यले बालबालिकाको प्रयोग गर्ने वा गराउने,
- ❖ यौन दुर्व्यवहार गर्ने उद्देश्यले बालबालिकाको प्रयोग गर्ने वा गराउने,
- ❖ वेश्यावृत्ति वा अन्य यौनजन्य कार्यमा प्रयोग गर्ने।

२२. के कस्ता बालबालिकालाई विशेष संरक्षण आवश्यक हुन्छ ?

- ❖ अनाथ बालबालिका,
- ❖ अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिसे भएका बालबालिका,
- ❖ बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका,
- ❖ कानूनी विवादमा परेका बालबालिकामध्ये दिशान्तर प्रक्रिया अन्तर्गत वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका,
- ❖ थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका,
- ❖ जबरजस्ती करणी वा कानूनबमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनी बाल कल्याण अधिकारीसमक्ष निवेदन परेका बालबालिका,
- ❖ बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका,
- ❖ जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानून विपरीत श्रममा संलग्न भई जीवनयापन गरिरहेका, धूमपान, मद्यपान एवं अन्य लागुऔषधको कुलतमा फसेका, एच.आई.भी. सङ्क्रमित बालबालिका,
- ❖ गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्या वा गम्भीर अपाङ्गता भएको कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवनयापन गर्न कठिनाई भएका बालबालिका,
- ❖ बालबालिका विरूद्धको कसूरबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका,
- ❖ विपद् वा सशस्त्र द्वन्द्वका कारणले बाबुआमा दुवै वा आमा बाबुमध्ये एक गुमाएका, बेपत्ता भएका वा आफू नै शारीरिक वा मानसिक रूपमा घाइते भएका वा अपाङ्गता भएका बालबालिका,
- ❖ विपन्ना दलित समुदायका बालबालिका,
- ❖ बालबालिका मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विशेष संरक्षणको आवश्यकता भएका बालबालिका भनी तोकेका अन्य बालबालिका ।

२३. बालबालिकाको अधिकारको प्रचलन गराउन स्थानीय तहको दायित्व के रहेको छ ?

- ❖ कसैले बालबालिकाका अधिकार उल्लङ्घन गरेमा वा बालबालिकाप्रतिको दायित्व पूरा नगरेमा सो अधिकार वा दायित्व पूरा गराउन सम्बन्धित बालबालिका वा सरोकारवालाले बालबालिका रहे बसेको स्थानीय तहको न्यायिक समितिमा निवेदन दिन सक्ने ।
- ❖ स्थानीय तहले बाटोको म्यादबाहेक २४ घण्टाभित्र सम्बन्धित व्यक्तिलाई झिकाई आवश्यक जाँचबुझ गर्नुपर्ने,
- ❖ स्थानीय तहले जाँचबुझ गर्दा सम्बन्धित व्यक्तिले बालबालिकाको अधिकार उल्लङ्घन गरेको दायित्व पूरा गरेको नदेखिएमा निवेदन परेको ३० दिनभित्र बालबालिकाको अधिकार प्रचलन गराउन वा बालबालिकाप्रतिको दायित्व पूरा गर्न स्थानीय तहका सम्बन्धित व्यक्ति, संस्था वा निकायलाई आदेश दिने,
- ❖ बालबालिकाको अधिकारको प्रचलन वा बालबालिकाप्रतिको दायित्व पूरा गराउनुपर्ने विषय आफ्नो अधिकार क्षेत्रभित्र पर्ने नदेखिएको अवस्थामा न्यायिक समितिले बालअधिकारको प्रचलन वा बालबालिका प्रतिको दायित्व पूरा गराउनको लागि सम्बन्धित अन्य स्थानीय तहको न्यायिक समितिलाई लेखी पठाउनुपर्ने,
- ❖ लेखिएबमोजिम सम्बन्धित स्थानीय तहको न्यायिक समितिले पनि माथि उल्लिखित प्रक्रियाबमोजिम बालबालिकाको अधिकारको प्रचलन वा बालबालिकाप्रतिको दायित्व पूरा गराउने व्यवस्था मिलाउनुपर्ने,
- ❖ बालबालिकाको अधिकारको प्रचलन वा बालबालिकाप्रतिको दायित्व पूरा गराउँदा न्यायिक समितिले आवश्यक सुझाव दिन वा संरक्षक वा परिवारका व्यक्तिलाई सचेत गराउन सक्नेछ,
- ❖ अभिभावकको पहिचान नभएका वा पत्ता नलागेका बालबालिकाको आधारभूत तहसम्मको शिक्षा उपलब्ध गराउने, पठनपाठन तथा त्यससँग सम्बन्धित अन्य कुराको व्यवस्था गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुने,
- ❖ बालबालिकालाई विद्यालयमा भर्ना इन्कार गरेमा न्यायिक समितिले सम्बन्धित प्रधानाध्यापकलाई पाँच हजार रूपैयाँसम्म जरिवाना गर्न सक्ने,
- ❖ बालश्रम (निषेध र नियमित गर्ने) ऐनले कसैले बालबालिकालाई उक्त ऐन विपरित हुने कुनै कार्य गरे गराएमा बढीमा एक वर्षसम्म कैद वा पचास हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- ❖ पुनः सोही काम गर्नेलाई दोब्बर सजाय हुने ।

२४. बालबालिकाको अधिकारको प्रचलन गराउने सम्बन्धमा कानूनमा के कस्ता व्यवस्था रहेका छन् ?

- ❖ कसैले बालबालिकाको अधिकार उल्लङ्घन गरेमा वा बालबालिका प्रतिको दायित्व पूरा नगरेमा सो को लागि सम्बन्धित बालबालिका वा सरोकारवालाले सम्बन्धित उच्च अदालतमा सोझै निवेदन दिन सक्ने,
- ❖ उच्च अदालतले आवश्यक जाँचबुझ गरी बालबालिकाको अधिकार प्रचलन गराउन वा दायित्व पूरा गराउने सम्बन्धित व्यक्ति, संस्था वा निकायका नाउँमा उपयुक्त आदेश जारी गर्न सक्ने,
- ❖ उच्च अदालतले जाँचबुझ गर्दा संरक्षक वा परिवारका कुनै सदस्यले बालबालिकाको अधिकार वा निजप्रतिको दायित्व पूरा गरेको नदेखिएमा त्यस्तो संरक्षक वा परिवारका सदस्यलाई बालबालिकाको अधिकारको विषयमा आवश्यक जानकारी गराई पुनः बालबालिकाको अधिकार उल्लङ्घन नहुने वा निजप्रतिको दायित्व पूरा गर्ने प्रतिबद्धता प्रकट गर्न लगाउनुपर्ने,
- ❖ उच्च अदालतले बालबालिकाको अधिकार उल्लङ्घन गर्ने वा निजप्रतिको दायित्व पूरा नगर्ने व्यक्ति, संस्था वा निकायका प्रमुखलाई सचेत गराउन वा कानूनबमोजिम सजाय गर्न र निजबाट क्षतिपूर्ति गराउने आदेश गर्न सक्नेछ ।

२५. बालबालिकाको उमेरमा विवाद भएमा उमेर यकिन गर्ने आधारहरू के के हुन्छन् ?

- ❖ अस्पतालबाट जारी भएको बालबालिकाको जन्मदर्ता प्रमाणपत्र,
- ❖ अस्पतालको जन्मदर्तामा जन्म मिति उल्लेख नभएको अवस्थामा स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति,
- ❖ अस्पताल र पञ्जिकाधिकारीबाट जारी भएको प्रमाणपत्रमा जन्ममिति नभएमा विद्यालयको चारित्रिक प्रमाणपत्रमा उल्लिखित जन्म मिति वा विद्यालयमा भर्ना हुँदाका बखत उल्लेख गरेको जन्ममिति,
- ❖ अस्पताल, पञ्जिकाधिकारी वा विद्यालयको अभिलेखबाट जन्ममिति नखुलेमा अस्पतालबाट प्रमाणित उमेरसम्बन्धी प्रमाणपत्रमा उल्लिखित मिति,
- ❖ माथि उल्लिखित प्रमाणपत्र नभएमा जन्मकुण्डली, चिना, टिपोट, बालबालिकाको बाबु आमा, संरक्षक वा परिवारका अन्य सदस्यले खुलाइदिएको उमेर वा यस्तै अन्य सम्बद्ध प्रमाण ।

२६. बाल अदालतले गरेको फैसला उपर पुनरावेदन कहाँ लाग्छ ?

❖ बाल अदालत तथा बालबालिका मन्त्रालयले गरेको निर्णयमा चित्त नबुझेमा चित्त नबुझ्ने पक्षले त्यस्तो निर्णय भएको मितिले ३५ दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्ने,

❖ स्थानीय तहले गरेको निर्णय उपर जिल्ला अदालतमा पुनरावेदन लाग्छ ।

२७. कस्तो अवस्थामा बालबालिकाले सफाइ पाउने गरी भएको फैसला उपर पुनरावेदन लाग्छ ?

सामान्यतया बालबालिकाले सफाइ पाउने गरी भएको फैसलाउपर पुनरावेदन लाग्दैन । तर निम्न अवस्थामा भने पुनरावेदन लाग्छः

❖ कानूनको व्याख्यासम्बन्धी त्रुटि भएको,

❖ नजिरको गलत प्रयोग भएको वा

❖ बुझ्नु पर्ने प्रमाण नबुझेको वा बुझ्न नहुने प्रमाण बुझेको कारणबाट इन्साफमा फरक परेको अवस्थामा ।

२८. सरकारी स्तरमा बालबालिकाको हित तथा कल्याणको लागि कुन कुन निकाय वा संस्था कार्यरत रहेका छन् ?

❖ महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय,

❖ उच्च अदालत,

❖ राष्ट्रिय बालअधिकार परिषद,

❖ केन्द्रीय बालन्याय समिति,

❖ प्रदेश र स्थानीय तहको बालअधिकार समिति,

❖ बाल अदालत/जिल्ला अदालत

❖ बालकल्याण अधिकारी,

❖ बालसुधार गृह/बालकल्याण गृह,

❖ स्थानीय तह,

❖ बालगृह,

❖ अनाथालय वा बालमन्दिर ।

२९. कसूरजन्य कार्यको आरोप लागेको बालबालिकालाई कस्तो अवस्थामा दिशान्तर गर्ने गरिन्छ ?

❖ पाँच हजार रूपैयाँसम्म बिगो भएको वा दुई हजार रूपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद हुन सक्नेमा अनुसन्धान अधिकारीले दिशान्तर गर्न सक्ने,

❖ दश हजार रूपैयाँसम्म बिगो भएको वा पाँच हजार रूपैयाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद हुन सक्नेमा सरकारी वकिलले दिशान्तर गर्न सक्ने,

❖ जतिसुकै बिगो भएको वा जतिसुकै जरिवाना वा कैद हुन सक्नेमा बाल अदालतले दिशान्तर गर्न सक्ने ।

३०. बालबालिकालाई दिशान्तर गर्दा विचार गर्नुपर्ने कुराहरू के के हुन् ?

❖ बालबालिकाले कसूरजन्य कार्य गरेको स्वीकार गरेको,

❖ सम्बन्धित बालबालिका, निजको बाबु, आमा र बाबु आमा नभए परिवारका अन्य सदस्य वा संरक्षकको सहमति,

❖ पीडित पक्षको यथासम्भव पुनर्स्थापना हुने गरी निजको सहमति प्राप्त भएको,

❖ कसूरजन्य कार्यको प्रकृति र सो कार्य गर्दाको परिस्थिति, घटनाको गाम्भीर्यता बालबालिकाको उमेर, परिपक्वता र बौद्धिक स्तर, पारिवारिक वातावरण तथा पीडितलाई पुगेको क्षति र निजको पुनर्स्थापनालाई आधार लिनुपर्ने ।

३१. बालबालिकालाई दिशान्तर गर्दा अवलम्बन गरिने प्रक्रिया के कस्ता रहेका छन् ?

❖ बालबालिकालाई पीडितसँग मेलमिलाप वा समझदारी कायम गराउने,

❖ बालबालिकालाई गल्ती महसुस गर्न लगाउने,

❖ बालबालिका र निजको परिवारलाई आवश्यक परामर्श दिने,

❖ बालबालिकालाई हेरचाह र संरक्षण गर्न कुनै संस्थामा पठाउने,

❖ बाल कल्याण अधिकारीको सुपरिवेक्षण र निर्देशनमा रहने गरी बालबालिकालाई छाड्ने,

❖ बालबालिकालाई बाबु, आमा, परिवारको अन्य सदस्य वा संरक्षकको जिम्मा लगाउने,

❖ बालबालिकालाई कुनै तालिम वा शैक्षिक कार्यक्रममा सहभागी गराउने ।

३२. के कस्तो उमेरका बालबालिकाले कानून विपरीतको कार्य गरेमा कस्तो सजाय हुन सक्छ ?

❖ १० वर्षभन्दा मुनिको बालबालिकाउपर कुनै मुद्दा चलाइने र सजाय नहुने,

❖ १० वर्ष वा सोभन्दा माथि र १४ वर्षभन्दा कम उमेरको रहेछ भने निजलाई कानूनबमोजिम जरिवाना हुने कुनै अपराध गरेकोमा सम्झाई बुझाई छाडिनेछ र कैद हुने कसूरजन्य कार्य गरेमा कसूर हेरी ६ महिनासम्म कैद सजाय गर्न वा कैद नगरी बढीमा एक वर्षसम्म बालसुधार गृहमा राखिने,

❖ १४ वर्ष वा सोभन्दा माथि र १६ वर्षभन्दा मुनिको रहेछ भने उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा सजाय हुने,
❖ १६ वर्ष वा सोभन्दा माथि र १८ वर्ष वा सोभन्दा कम रहेछ भने उमेर पुगेका व्यक्तिलाई हुने सजायको दुई तिहाई सजाय हुने,
❖ बालकलाई सिकाइ कसैले कुनै अपराध गर्न लगाएको रहेछ भने सो सिकाउनेलाई निज आफैँले अपराध गरेसरह पूरा सजाय हुने,
❖ १६ वर्ष उमेर पूरा नभएका बालबालिकालाई सजाय गर्दा जघन्य कसूर, गम्भिर कसूर वा पटके कसूर गरेमा बाहेक कैदको सजाय गरिने छैन ।

३३. बालबालिकालाई कस्तो सजाय दिदा निषेध गरिएको कार्य के हुन ?

❖ प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि बालकलाई नेल, हत्कडी लगाउन, एकान्त कारावासमा राख्ना वा कुनै अपराध गरे वापत कैदको सजाय पाएमा अन्य उमेर पुगेका कैदीको साथमा राख्नै नहुने गरी कानूनले नै रोक लगाएको छ ।

३४. बालबालिकाको अधिकारको उल्लघन गर्नेलाई वा बालबालिकाप्रतिको दायित्व पूरा नगर्ने व्यक्ति वा निकायलाई के कस्तो सजाय हुन्छ ?

❖ कुनै व्यक्ति, संस्था वा निकायले बालबालिकाको अधिकार उल्लंघन गरेमा वा बालबालिका प्रतिको दायित्व पूरा नगरेमा त्यस्तो व्यक्ति वा संस्था वा निकायको प्रमुखलाई पचास हजार रूपैयाँसम्म जरिवाना हुने,
❖ संरक्षक वा परिवारको कुनै सदस्यले आफ्नो दायित्व पूरा नगरेमा वा आमा, बाबु वा संरक्षकले अनुचित लाभ लिने मनसायले बालबालिकाको पहिचान लुकाउने गरी नाम, थर परिवर्तन गरेमा वा बालबालिकाको सम्पत्तिको दुरूपयोग गरेमा एक लाख रूपैयाँसम्म जरिवाना हुने,
❖ कसैले बालबालिकाका अन्य अधिकारको विरूद्धको कार्य गरेमा कसूरको मात्रा अनुसार पचास हजार रूपैयाँदेखि एक लाख पचास हजार रूपैयाँसम्म जरिवाना र एक वर्षदेखि पन्ध्र वर्षसम्म कैद हुने,
❖ बालबालिका विरूद्धका कार्य गर्न दुरूत्साहित गर्ने, उद्योग गर्ने वा मतियार हुने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने जरिवाना र कैदको आधा सजाय हुने,
❖ एकपटक सजाय पाएको व्यक्तिले पुनः त्यस्तो कार्य गरेमा निजलाई २५% थप सजाय समेत हुने,
❖ स्वीकृति नलिई बाल गृह, बाल सुधार गृह, निगरानी कक्ष, पुनर्स्थापना

केन्द्र वा अस्थायी संरक्षण सेवा केन्द्रको स्थापना वा सञ्चालन गरेमा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले त्यस्तो संस्थालाई बन्द गरी त्यस्तो व्यक्ति वा संस्थालाई एकलाख रूपैयाँसम्म जरिवाना हुने,
❖ बालबालिका विरूद्धको कसूरको कसूरदारलाई भएको जरिवानाको रकमभन्दा कम नहुने गरी कसूरदारबाट मनासिव क्षतिपूर्ति भराई लिन पाउने ।

३५. बालबालिकाको हक प्रचलन गर्न कसले, कहिले र कहाँ उजुरी गर्नुपर्छ ?

❖ बालबालिकाकोहकको प्रचलनको लागि निजको तर्फबाट जो सुकैले पनि बालबालिका रहे बसेको इलाकाको जिल्ला अदालत / बाल अदालतमा निवेदन दिन सक्ने,
❖ कसूर भए गरेका मितिले एक वर्षभित्र मुद्दा दायर गर्नुपर्ने ।

३६. बालश्रम निषेध र नियमित गर्न के कस्ता व्यवस्थाहरू गरिएका छन् ?

❖ कसैले पनि १४ वर्ष उमेर पूरा नगरेका बालकलाई श्रमिकको रूपमा काममा लगाउन नहुने,
❖ बालकलाई खासखास प्रकृतिका जोखिमपूर्ण व्यवसाय वा काममा लगाउन नहुने,
❖ कसैले पनि बालकलाई ललाई, फकाई वा झुक्याएर वा कुनै प्रलोभनमा वा डर, त्रास वा दबाबमा पारी वा अन्य कुनै तरिकाले निजको इच्छा विरूद्ध श्रमिकको रूपमा काममा लगाउन नहुने,
❖ कुनै प्रतिष्ठानले बालकलाई काममा लगाउनु परेमा सम्बन्धित श्रम कार्यालय वा सो कार्यालयले तोकेको अन्य कुनै निकाय वा अधिकारी र बालकको बाबु, आमा वा संरक्षकको स्वीकृति लिनु पर्ने,
❖ प्रतिष्ठानले श्रमिकको रूपमा काम गर्ने बालकलाई लिङ्ग, वर्ण वा जात जातिको आधारमा कुनै भेदभाव नगरी समान कामको लागि समान पारिश्रमिक र सुविधा दिनुपर्ने,
❖ बालकलाई बेलुका ६ बजेदेखि बिहान ६ बजेसम्मको अवधिभर काममा लगाउन नहुने,
❖ बालकलाई काममा लगाउँदा दिनमा ६ घण्टा र एक सप्ताहमा ३६ घण्टाभन्दा बढी अतिरिक्त पारिश्रमिक दिई वा नदिई काममा लगाउन नहुने,
❖ बालबालिकालाई प्रत्येक तीन घण्टा काम गरेपछि आधा घण्टा आराम गर्ने समय र प्रत्येक सप्ताहमा एक दिनको विदा दिनुपर्ने,
❖ बालबालिका विरूद्ध हुने कसूरको सम्बन्धमा प्रतिष्ठानको कर्मचारी, सम्बन्धित

इलाकाको प्रहरी, सम्बन्धित बालक वा निजको बाबु, आमा वा संरक्षक, सम्बन्धित गाउँपालिका वा नगरपालिका, प्रतिष्ठान स्तरको ट्रेड युनियन वा बालकको हक हितको संरक्षणको निमित्त कार्यरत प्रचलित कानून बमोजिम स्थापित निकाय वा गैरसरकारी संस्थाले सो कार्य भए गरेको मितिले एक वर्षभित्र उजुरी दिनुपर्ने,

❖ प्रतिष्ठानमा काम गर्ने बालकलाई कुनै पनि आधारमा भेदभाव नगरी समान कामका लागि समान पारिश्रमिक र सुविधा दिनु पर्ने,

❖ बालबालिका विरूद्ध कसूर गर्नेलाई कसूरको प्रकृति हेरी सबैभन्दा बढी एक वर्षसम्म कैद वा पचास हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,

❖ यस्ता प्रकृतिका अपराध भएमा श्रम कार्यालयमा उजुर दिनुपर्ने ।

३७. आपतकालीन बालउद्धार कोषको उद्देश्य के हो ?

❖ जोखिमपूर्ण श्रममा संलग्न रहेको, हराएको वा वेवारिस अवस्थामा फेला परेको, ऋणको कारणले बन्धकमा रहेको वा जबरजस्ती श्रमबाट पीडित भएको, शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित भएको, दुर्घटना भएको, प्राकृतिक वा दैवी प्रकोपमा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसूरसँग सम्बन्धित रहेको कारणले वेवारिसे भएको, यौनशोषण, यौन दुर्व्यवहार, बेचबिखन वा ओसारपसारमा परेको, हिंसाबाट प्रभावित भएको, बाबुआमा वा संरक्षकबाट बन्चित भएको, अपाङ्गता भएको, सुस्तमनस्थिति भएको, अपहरण वा शरीर बन्धकमा परेको, सडक बालबालिका, एच.आई.भी. एड्स संक्रमित भएको बालबालिकालाई उद्धार गर्न, राहत दिन तथा पुनर्स्थापना लगायतका काम गर्न बालबालिका उद्धार कोषको स्थापना हुने व्यवस्था छ।

❖ माथि उल्लिखित अवस्थाका बालबालिकालाई आपतकालीन बाल उद्धार कोषबाट राहत एवम् पुनर्स्थापना गराउन सकिन्छ ।

३८. बालबालिकाका हक अधिकारहरू हनन् भएमा के गर्नु पर्दछ ?

❖ सम्बन्धित जिल्ला अदालतरबाल अदालतमा मुद्दा दायर गरी उपचारको खोजी गर्नु पर्दछ ।

❖ प्रचलित कानूनमा उपचारको व्यवस्था नभए रिटको माध्यमबाट उपचार खोज्नु पर्दछ ।

❖ बाल श्रमसँग सम्बन्धित विवादमा श्रम कार्यालयमा उजुरी दिनु पर्दछ ।

३९. निःशुल्क कानूनी सहायता कसरी प्राप्त गर्न सकिन्छ?

❖ बालबालिका संलग्न भएको फौजदारी मुद्दामा बालबालिकाको तर्फबाट कानून व्यवसायीको प्रतिनिधित्व नभई मुद्दाको सुनुवाई हुनसक्दैन ।

❖ कानून व्यवसायी राख्नद नसकेको अवस्थामा अदालतले वैतनिक कानून व्यवसायी नियुक्त गरिदिन्छ ।

❖ निम्नानुसार निःशुल्क कानूनी सेवा पनि प्राप्त गर्न सकिन्छः

- सम्बन्धित जिल्ला कानूनी सहायता समितिबाट,
- सम्बन्धित जिल्ला अदालतमा सम्पर्क गरी वैतनिक कानून व्यवसायीबाट ।

४०. कुनै कसूरमा बालबालिकालाई प्रहरीले पक्राउ गरेमा के गर्ने?

❖ कुनै बालबालिकालाई प्रहरीले पक्राउ गरेमानिजका बाबुआमा, संरक्षक वा माथवर भएको व्यक्तिले तुरून्त प्रहरी कार्यालयमा गई पक्राउको कारण सोध्ने,

❖ कानून व्यवसायीबाट आवश्यक सरसल्लाह लिने,

❖ समयसमयमा गई बालबालिकासँग भेटघाट गर्ने र सान्त्वना दिने,

❖ कानून व्यवसायी राख्न नसक्नेले सम्बन्धित जिल्ला कानूनी सहायता समिति वा जिल्ला अदालतमा सम्पर्क गरी निःशुल्क कानूनी सहायता माग गर्ने,

❖ गैरकानूनी रूपमा थुनामा राखेको भए सम्बन्धित जिल्ला अदालतमा बन्दी प्रत्यक्षीकरणको निवेदन दिने

४१. बालबालिकाको विरुद्ध बाल अदालतमा मुद्दा दायर भएमा के गर्ने?

❖ कानून व्यवसायीसँग सम्पर्क गरी कानूनी राय सल्लाह लिने,

❖ कानून व्यवसायी राख्न नसक्ने भए वैतनिक कानून व्यवसायी राखिपाउन निवेदन दिने

❖ सम्बन्धित बालबालिकालाई अदालतको बालमैत्री कक्षमा रहेर मात्र बयान दिन माग गर्ने,

❖ बालबालिकालाई प्रहरीले अन्य थुनुवाबाट अलग गरी राखेको छ, छैन अदालतलाई जानकारी गराउने,

❖ सो बालबालिकाले कुन परिस्थितिमा किन त्यस्तो बिझ्याँई गरेको हो, अदालतलाई जानकारी गराउने,

❖ सो बालबालिकालाई आफ्नो जिम्मामा लिई सुधार गराउन सक्ने नसक्ने बारेमा अदालतलाई जानकारी गराउने।

४२. बालबालिका उपर यौन हिंसा वा बलात्कार वा कुनै कसूर भएमा के गर्ने?

❖ घटनाको बारेमा स्थानीय व्यक्तिहरूलाई तुरून्त जानकारी गराई सहयोग माग गर्ने,

❖ पीडित बालबालिकालाई तुरून्तै नजिकको स्वास्थ्य संस्थामा लगी स्वास्थ्य परीक्षण गराई हाल्ने

- पीडित बालबालिकाको शरीरमा भएको लुगा कपडालाई जस्ताको तस्तै सुरक्षित राख्ने,
- पीडित बालबालिकाको स्वास्थ्य जाँच नगराएसम्म निजलाई नुहाउने वा यौनाङ्ग धुने, पखाल्ने काम नगर्ने,
- कसूर हुनासाथ नजिकको प्रहरी कार्यालयमा लिखित वा मौखिक सूचना वा जाहेरी दिने,
- कसूरदारले घटनास्थलमा कुनै दशी छोडेको भएमा त्यसलाई घटनास्थलमा नै सुरक्षित राख्नी नजिकका भद्रभलादमीलाई खबर गर्ने,
- घटनापछि कसूरदारको तर्फबाट पीडित वा निजको परिवारलाई कुनै प्रलोभन वा धम्की आएमा सो कुरा प्रहरीलाई जानकारी गराई सुरक्षा माग गर्ने,
- त्यस्तो प्रलोभन वा धम्कीलाई नमानी कसूरदारलाई न्यायको दायरमा ल्याउन सहयोग गर्ने,
- कसूरको बारेमा अनुसन्धान गर्न प्रहरीलाई सहयोग गर्ने,
- घटनाबाट पीडित बालबालिकाको उपचारमा विशेष ध्यान दिई निजलाई संरक्षण दिने,
- मुद्दा दर्ता भएपछि अदालतमा बकपत्र गर्न प्रहरीले सूचना दिएपछि पीडित बालबालिका र अन्य साक्षीहरू अदालतमा उपस्थित भई घटनाको बारेमा सत्यतथ्य कुरा खुलाई बकपत्र गर्ने,
- मुद्दाको पुर्पक्षको क्रममा कसूरदारबाट कुनै धम्की आएमा सुरक्षाको लागि प्रहरी र अदालतमा निवेदन दिने,
- पीडित बालबालिका वा निजको परिवारलाई स्थानीय तवरबाट सुरक्षा वा पुनर्स्थापनाको आवश्यकता भए नजिकको प्रहरी कार्यालयमा तुरून्त निवेदन दिने ।

४३. बालबालिका अधिकारसँग सम्बन्धित कानूनहरू कुन कुन हुन ?

- नेपालको संविधान
- बालबालिका सम्बन्धी ऐन, २०७५
- बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६
- बालबालिका सम्बन्धी नियमावली, २०५१
- बालन्याय कार्यविधि नियमावली, २०६३
- बाल उद्धार कोष (सञ्चालन) नियमावली, २०६७

सम्पर्क ठेगाना:

सर्वोच्च अदालत
न्यायमा पहुँच आयोग
रामशाहपथ, काठमाडौं नेपाल ।

फोन नं. : ०१-४२००७५५, ०१-४२००७२९
ईमेल : a2jc@supremecourt.gov.np
वेभसाइट : www.supremecourt.gov.np

खण्ड क
विवाह

१. के कस्तो अवस्थामा पुरुष र महिलाबिच विवाह भएको मानिन्छ ?

- कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कुनै कार्यबाट एक अर्कालाई पति पत्नीको रूपमा स्वीकार गरेमा विवाह भएको मानिन्छ ।
- पुरूषसँगको शारीरिक सम्पर्कबाट महिलाले गर्भधारण गरी शिशु जन्मिएमा त्यस्तो पुरूष र महिलाबिच स्वतः विवाह भएको मानिन्छ। (तर जबरजस्ती तथा हाडनाता करणीबाट, बहुविवाह कायम हुने, बिस वर्ष उमेर पूरा नभएकोबाट शिशु जन्मिएमा भने स्वतः विवाह भएको मानिँदैन ।)
- नेपालभित्र भए जिल्ला अदालत र नेपालबाहिर भए नेपालको राजदूतावास वा महावाणिज्य दूतावासमा गएर दर्ता गरेर पनि विवाह गर्न सकिन्छ ।
- कानूनी मान्यताका लागि विवाह सार्वजनिक गर्नु वा गराउनु पर्दछ ।

२. के कस्तो अवस्थामा पुरुष र महिलाबिच विवाह हुन सक्छ ?

- एक अर्कालाई पतिपत्नीको रूपमा स्वीकार गर्न मन्जुर गरेको,
- हाडनाता करणीमा सजाय हुने नाताको नभएको, (तर, आफ्नो जातीय समुदाय वा कूलमा चली आएको चलनअनुसार विवाह गर्न हुने नाता सम्बन्धमा विवाह गर्न वा गराउन कुनै बाधा पर्ने छैन ।)
- दुवैको वैवाहिक सम्बन्ध कायम रहेको अवस्था नरहेको,
- दुवैको बिस वर्ष उमेर पूरा भएको ।

३. के कस्तो कुरा झुक्याई विवाह गरेमा विवाह बदर गराउन सक्छ?

- शरीरमा मानव रोग प्रतिरोधक क्षमता नष्ट गर्ने जीवाणु (एच.आई.भी) वा हेपाटाइटिस बी रहेको वा यस्तै प्रकृतिका निको नहुने कडा रोग लागेको,
- यौनाङ्ग नभएको, नपुङ्सक भएको वा सन्तान उत्पादन गर्ने क्षमता नभएको प्रमाणित भैसकेको,
- पूर्ण रूपमा बोल्न वा सुन्न नसक्ने, पूर्ण रूपमा दृष्टिविहीन रहेको,
- कुष्ठ रोगी भएको,
- होस ठेगानमा नरहेको,
- विवाह भैसकेको,
- गर्भवती भएको,
- नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरी अदालतबाट सजाय पाएको ।

तर, महिला गर्भवती भएमा वा निजबाट शिशु जन्मिएमा निजको मन्जुरी भएमा मात्र विवाह बदर हुन सक्नेछ ।

४. कस्तो विवाह भएको प्रारम्भदेखि नै अमान्य र स्वतः बदर हुने हुन्छ ?

- मन्जुरी नभई भएको विवाह,
- हाडनाता करणीमा सजाय हुने नाताका व्यक्तिहरूबिच भएको विवाह। (तर, आफ्नो जातीय समुदाय वा कुलमा चली आएको चलन अनुसार विवाह गर्न हुने नाता सम्बन्धमा भएको विवाह अमान्य र बदर हुदैन)
- बिस वर्ष उमेर पूरा नभई गरेको विवाह ।
- कानूनबमोजिम अंशवन्डा गरी भिन्न भएको अवस्थामा बाहेक विवाहित पुरूष वा महिलाले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा गरेको अर्को विवाह ।

५. विवाह भई सकेका दम्पतिले विवाह दर्ता गर्नु पर्छ कि पर्दैन र कहाँ गर्ने ?

- विवाह भई सकेको छ भने पति तथा पत्नीले गाउँपालिका वा नगरपालिकाका प्रत्येक वडामा रहने स्थानीय पंजिकाधिकारी समक्ष निवेदन दिई आफ्नो विवाह दर्ता गराउनु पर्दछ ।
- नेपाल बाहिर बसोबास गरेका पति तथा पत्नीले नेपालको राजदूतवास वा महावाणिज्य दूतावासमा विवाह दर्ता गराउन सक्दछन् ।
- कुनै पुरूषसँगको शारीरिक सम्पर्कबाट महिलाले गर्भधारण गरी शिशु जन्मिएमा त्यस्तो पुरूष र महिलाबिच स्वतः विवाह भएको अवस्थामा पति र पत्नी दुवैले वा कुनै एक जनाले विवाह दर्ता गराउन निवेदन दिन सक्दछन् ।

६. विवाहित महिलाले कुन थर प्रयोग गर्न पाउँछ ?

- विवाहिता महिलाले विवाहपछि बाबु वा आमाले प्रयोग गरेको थर वा निजको पतिको थर वा दुवै थर प्रयोग गर्न सक्दछिन्।
- पतिको थर प्रयोग गरेकी महिलाको सम्बन्ध विच्छेद भएमा निजले चाहेमा निजको बाबु वा आमाले प्रयोग गरेको थर प्रयोग गर्न सक्दछिन् ।

७. कस्तो अवस्थामा पति पत्नी बिचको वैवाहिक सम्बन्ध अन्त्य भएको मानिन्छ ?

- विवाह बदर भएमा,
- पति पत्नीको सम्बन्ध विच्छेद भएमा,
- पत्नीले कानूनबमोजिम सम्बन्ध विच्छेद नहुँदै अर्को विवाह गरेमा।

८. पुरुष वा महिलाले कस्तो अवस्थामा पुनः विवाह गर्न सक्दछन् ?

- वैवाहिक सम्बन्ध अन्त्य भएमा,

- पति वा पत्नीको मृत्यु भएमा,
- पति वा पत्नीले कानूनबमोजिम अंशबन्डा गरी भिन्न भएमा ।

९. पुरुष र महिलाबिच विवाह भएपछि त्यसको परिणाम के हुन्छ ?

- पति र पत्नीको रूपमा रहेको मानिन्छ ।
- आपसी प्रेम र सद्भाव हुनु पर्दछ ।
- सँगै बसी पारिवारिक जीवन स्थापना गरी जीवनयापन गर्नु पर्दछ ।
- एक अर्कोलाई सहयोग, संरक्षण र सम्मान गर्नु पर्दछ ।
- समझदारीमा छुट्टै वासस्थान निर्धारण गरेकोमा बाहेक पत्नीको वासस्थान पतिको घरमा कायम भएको मानिन्छ ।
- सामान्य घर व्यवहारको काममा एक अर्काको प्रतिनिधि रहेको मानिन्छ ।
- एक अर्कालाई आफ्नो इज्जत र क्षमता अनुसार खान लगाउन तथा स्वास्थ्योपचारको व्यवस्था गर्नु वा गराउनु पर्दछ ।
- सम्पत्ति, आम्दानी तथा हैसियत अनुरूप आपसी सहमतिको आधारमा घर व्यवहार चलाउनु पर्दछ ।
- आफ्नो नाममा रहेको सम्पत्ति बिक्री वा अन्य तवरले हस्तान्तरण गर्दा एक अर्कोको मन्जुरी लिनु पर्दछ ।
- एक अर्कालाई निजको सीप, योग्यता वा क्षमताअनुसारको पेशा, व्यवसाय वा काम गर्न रोक्न हुँदैन ।

१०. विवाह सम्बन्धी कुरामा कहिले र कहाँ नालिस दिन सक्छ ?

- कुनै काम कारबाहीबाट मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए गरेको मितिले तीन महिनाभित्र जिल्ला अदालतमा नालिस गर्न सक्दछन् ।

खण्ड ख
सम्बन्ध विच्छेद

१. के कस्तो अवस्थामा पत्नीको मन्जुरी नभए पनि पतिले सम्बन्ध विच्छेद गर्न पाउँछ ?

- कानूनबमोजिम अंश लिई वा मानो छुट्टिई पति पत्नी भिन्न बसेको अवस्थामा बाहेक पत्नीले पतिको मन्जुरी नलिई लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा,
- पत्नीले पतिलाई खान लगाउन नदिएमा,
- पत्नीले पतिलाई घरबाट निकाला गरिदिएमा,
- पत्नीले पतिको अङ्गभङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल प्रपञ्च गरेमा,
- पत्नीले अन्य पुरूषसँग यौन सम्बन्ध राखेको ठहरेमा ।

२. के कस्तो अवस्थामा पतिको मन्जुरी नभए पनि पत्नीले सम्बन्ध विच्छेद गर्न पाउँछ ?

- कानून बमोजिम अंश लिई वा मानो छुट्टिई पति पत्नी भिन्न बसेको अवस्थामा बाहेक पतिले पत्नीको मन्जुरी नलिई लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा,
- पतिले पत्नीलाई खान लगाउन नदिएमा,
- पतिले पत्नीलाई घरबाट निकाला गरिदिएमा,
- पतिले पत्नीको अङ्ग भङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल प्रपञ्च गरेमा,
- पतिले अर्को विवाह गरेमा,
- पतिले अन्य महिलासँग यौन सम्बन्ध राखेको ठहरेमा,
- पतिले पत्नीलाई जबरजस्ती करणी गरेको ठहरेमा ।

३. कहिले र कसले पति र पत्नीको सम्बन्ध विच्छेद गरी दिन सक्छ?

- सम्बन्ध विच्छेद गर्न चाहने पति वा पत्नीले जिल्ला अदालतमा निवेदन दिनु पर्दछ ।

- पति पत्नी दुवैले चाहेमा जहिलेसुकै पनि सम्बन्ध विच्छेद गर्न सक्दछन् ।
- मेलमिलाप नभएमा निवेदन परेको एक वर्षपछि जिल्ला अदालतले सम्बन्ध विच्छेद गराइदिन सक्दछ ।

४. पति र पत्नीको सम्बन्ध विच्छेद भएमा अंश पाउँछन्, पाउँदैनन् ?

- पतिको कारणबाट पति पत्नी बिच सम्बन्ध विच्छेद हुने अवस्थामा पत्नीले माग गरेमा अंश पाउँछिन् ।
- अंशवन्डा नहुँदै महिलाले अर्को विवाह गरेमा अंश पाउँदिनन् ।
- सम्बन्ध विच्छेद हुने पत्नीले अंश नलिई एकमुष्ठ रकम वा वार्षिक वा मासिक रकम भराई लिन पाउँछिन् ।
- पतिको भन्दा पत्नीको आम्दानी बढी भएमा खाने लाउने खर्च दिनु पर्दैन ।

५. कानूनबमोजिम पति पत्नीको वैवाहिक सम्बन्ध अन्त्य भएकोमा निजहरूबाट जन्मिएको नाबालक (१८ बर्ष नपुगेका) कसको जिम्मामा रहन्छ ?

- सहमति भए सोहीबमोजिम,
- पाँच वर्ष उमेर पूरा नभएको नाबालक भए आमाले चाहेमा आमाको जिम्मा,
- पाँच वर्षभन्दा माथिको नाबालक भए आमाले अर्को विवाह गरेकोमा बाहेक निजले चाहेमा निजको जिम्मा,
- दश वर्ष उमेर पूरा गरिसकेको नाबालक भए नाबालकको रायबमोजिम,
- अन्य अवस्थामा बाबुको जिम्मा,
- हेरचाह र स्याहार सम्भार गर्दा आमाबाबुले आफ्नो आर्थिक

हैसियत र क्षमताअनुसार पालनपोषण, स्वास्थ्योपचार, शिक्षा, दीक्षा, खेलकुद, मनोरञ्जन तथा अन्य आवश्यक व्यवस्था गर्नु पर्दछ ।

६. सम्बन्ध विच्छेदका लागि कहिले र कहाँ नालिस दिन सक्दछन् ?

- कुनै काम कारबाहीबाट मर्का पर्ने व्यक्तिले मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएको मितिले वा थाहा पाएको मितिले तीन महिनाभित्र जिल्ला अदालतमा नालिस गर्न सक्दछन् ।

खण्ड ग
अंशबन्डा

१. अंशबन्डा गर्नुपर्ने व्यक्ति को को हुन् ?

- पति, पत्नी, बाबु, आमा, छोरा, छोरीले मात्र समान हिस्सामा बराबर अंश पाउँछन् ।
- अंशबन्डा गर्दाका बखत महिला अंशियार गर्भवती भएको र जन्मने शिशु अंशियार हुने भएमा त्यसरी जन्मने गर्भमा रहेको शिशुले समेत अंश पाउछ। जिउँदो शिशु नजन्मिएमा अन्य अंशियारले बराबरी बाँडी लिन पाउँछन् ।
- बाबुको पहिचान नभएका छोरा छोरीले आमाको सम्पत्तिबाट मात्र अंश पाउँछन् ।
- प्रकाश नगरी बाहिर राखेका पत्नीले वा निजबाट जन्मेका छोरा छोरीले पति वा बाबु मरेपछि अंशमा दाबी गर्न पाउँदैनन् ।
- सगोलमा बसेका दाजुभाइका छोरा छोरी वा पत्नीले आफ्ना बाबु वा पतिको भागबाट मात्र अंश पाउँछन् ।
- अंश नहुँदै पति वा बाबुआमा मरेमा निजले पाउने अंश निजका पत्नी वा छोरा, छोरीले पाउँछन् ।
- कुनै व्यक्तिको एकभन्दा बढी पत्नीहरू भएमा निजहरूले पतिको भागबाट मात्र अंश पाउँछन् ।

२. अंश लिई भिन्न हुन पाउँने अवस्था के के हुन् ?

- सगोलको सम्पत्ति भएका पति, पत्नी, बाबु, आमा, छोरा, छोरीले पत्नी, पति, छोरा, छोरी, बाबु र आमालाई आफ्नो इज्जत आमदअनुसार खान लाउन दिन र आर्थिक हैसियत अनुसार शिक्षा र स्वास्थ्य उपचारको व्यवस्था गर्नु पर्दछ । सो दायित्व भएका व्यक्तिले त्यस्तो दायित्व पूरा नगरेमा अंशियारले आफ्नो अंश लिई भिन्न हुन सक्दछन्।
- विधवाले जहिलेसुकै आफ्नो अंश लिई भिन्न हुन सक्दछिन् । विधवाले अर्को विवाह गरेमा निजले अंशबापत पाएको सम्पत्ति अघिल्लो पतितर्फ छोरा छोरी भएमा त्यस्ता छोरा छोरीले र नभएमा निज आफैले लिन पाउँछिन् ।
- पति वा पत्नीले एक अर्कालाई घरबाट निकाला गरिदिएमा, शारीरिक वा मानसिक यातना दिएमा आफ्नो अंश लिई भिन्न हुन सक्दछन् ।

३. अंश छोडपत्र कसरी गर्न सक्छ ?

- कुनै अंशियारले आफ्नो अंश आंशिक रूपमा लिई वा नलिई वा अंश बापत केही नगदी वा जिन्सी मात्र लिई अंश छोडपत्र गर्न सक्दछन् ।
- अंश छोडपत्र गर्दा कुनै अंशियारको पति, पत्नी वा उमेर पुगेका छोरा, छोरी भएमा त्यस्ता पति, पत्नी वा छोरा, छोरीको मन्जुरी लिएर मात्र अंश छोडपत्र गर्न सक्दछन् ।
- नावालक अंशियारको अंश हक छोडपत्र गर्न सकिँदैन ।
- अंश छोडपत्र भएकोमा निजको अंशबन्डा भएसरह मानिन्छ ।
- अंश छोडपत्र गर्दा वा अंश बुझिलिनु पर्दा अंशियार आफैँ उपस्थित हुनु पर्दछ वा उपस्थित हुन नसके अधिकृत वारेस नियुक्ति गर्नु पर्दछ ।

४. कस्तो सम्पत्ति अंशबन्डा हुन्छ ?

- ❖ सगोलको सम्पत्ति र सगोलको ऋण मात्र अंशवन्डा हुन्छ ।
- ❖ निजी सम्पत्ति आफूखुसी गर्न पाउँछन् र बन्डा लाग्दैन ।
- ❖ अंशबन्डा र अंश छोडपत्र गर्दा त्यस्तो लिखत मालपोत कार्यालयबाट पारित गर्नु पर्छ ।

५. कस्तो सम्पत्तिलाई सगोलको सम्पत्ति मानिन्छ ?

- ❖ पुर्ख्यौलीबाट प्राप्त सम्पत्ति,
- ❖ निजी सम्पत्तिबाहेक अंशियारको नाममा रहेको अन्य सम्पत्ति,
- ❖ अंशियारले सगोलको खेती, उद्योग, व्यापार, व्यवसायबाट आर्जन गरेको वा सोबाट बढे बढाएको सम्पत्ति,
- ❖ कानूनबमोजिम भिन्न भएकोमा बाहेक पति वा पत्नीले कमाएको वा त्यसबाट बढे बढाएको सम्पत्ति पति वा पत्नीको सगोलको सम्पत्ति हुन्छ,
- ❖ बाबु आमा र छोरा छोरीबिच अंशवन्डा गर्ने प्रयोजनको लागि बाबुआमाले आर्जन गरेको सम्पत्ति ।

६. कस्तो सम्पत्तिलाई निजी सम्पत्ति मानिन्छ ?

- ❖ आफ्नो ज्ञान, सीप वा प्रयासबाट आर्जन गरेको सम्पत्ति,
- ❖ दान, बकस वा अपुताली स्वरूप प्राप्त गरेको सम्पत्ति,
- ❖ चिठ्ठा वा उपहार स्वरूप प्राप्त गरेको सम्पत्ति,
- ❖ पारिश्रमिक, उपदान, निवृत्तभरण, उपचार खर्च, सञ्चय कोष, बीमा वा अन्य सामाजिक सुरक्षणबापत प्राप्त गरेको सम्पत्ति,
- ❖ बौद्धिक सम्पत्ति वा रोयल्टी स्वरूप प्राप्त गरेको सम्पत्ति,
- ❖ कानूनबमोजिम मानो छुट्टिई भिन्न बसेको अवस्थामा वा त्यसरी मानो नछुट्टिए पनि खति उपति आफ्नो आफ्नो गरी खानु बस्नु गरेको अवस्थामा जुनसुकै तवरले प्राप्त गरेको सम्पत्ति,
- ❖ महिलाले विवाह पूर्व आर्जन गरेको, प्राप्त गरेको वा विवाह

हुँदाका बखत माइतीबाट प्राप्त गरेको सम्पत्ति वा त्यसबाट बढे बढाएको सम्पत्ति,

- ❖ महिलालाई पति वा पतितर्फका सबै अंशियारहरूको मन्जुरीले निजको एकलौटी हक हुने गरी लिखत गरी दिएको वा पति तर्फका नातेदार वा इष्टमित्रबाट प्राप्त चल वा अचल सम्पत्ति र त्यसबाट बढे बढाएको सम्पत्ति,

खण्ड घ
अपुताली

१. अपुताली भनेको के हो ?

- ❖ कुनै व्यक्तिको मृत्यु भएमा निजको ऋण, धन र सम्पत्तिसम्बन्धी दायित्व र अधिकार कानूनबमोजिम हकवालामा सर्ने कार्यलाई अपुताली भनिन्छ ।

२. अपुताली कहिलेबाट खुला हुन्छ ?

- ❖ कुनै व्यक्तिको मृत्यु भएमा निजको अपुताली खुला भएको मानिन्छ ।

३. अपुताली कसले पाउँछ ?

- ❖ कुनै व्यक्तिको अपुताली खुला भएमा निजको नजिकको देहायको प्राथमिकताक्रमको हकवालाले त्यस्तो अपुताली पाउनेछ। एउटै प्राथमिकताक्रमका एकभन्दा बढी हकवाला भएमा निजहरू सबैले समानरूपमा अपुताली पाउँछन् ।

  क. सगोलको पति वा पत्नी,

  ख. सगोलको छोरा, छोरी, विधवा बुहारी,

  ग. सगोलका बाबु, आमा, सौतेनी आमा, छोरा छोरीतर्फका नाति, नातिनी, नातिनी बुहारी,

  घ. भिन्न भएका पति, पत्नी, छोरा, छोरी, बाबु, आमा, सौतेनी आमा,

ङ. भिन्न भएका छोरातर्फका नाति, नातिनी,
च. भिन्न भएका बाजे, बज्यै,
छ. सगोलका जिजुबाजे, जिजुबज्यै, दाजु, भाइ, दिदी, बहिनी, विधवा भाउजू वा भाइ बुहारी
ज. सगोलका काका, काकी, भतिजा, भतिजी,
झ. भिन्न भएका दाजु, भाइ, दिदी, बहिनी, विधवा भाउजू वा भाइ बुहारी ।

- आफ्नो अंश लिई टाढाको कुनै हकवालासँग बसेको अवस्थामा सँगै बस्ने हकवालाले अपुताली पाउँछन् ।
- स्याहार सम्भार टाढाको हकवाला वा अन्य व्यक्तिले गरेको भए त्यस्तो अपुताली त्यसरी स्याहार सम्भार गर्नेले पाउँछन् ।

४. अपुताली सम्बन्धमा कहिले र कहाँ नालिस दिन सकिन्छ ?

- अपुताली खुला भएको मितिले तीन वर्षभित्र जिल्ला अदालतमा नालिस गर्न सकिन्छ ।

५. महिलाको पारिवारिक तथा सम्पत्ति सम्बन्धित अधिकार कुन कुन कानूनमा उल्लेख छ ?

- नेपालको संविधान
- मुलुकी देवानी संहिता, २०७४

सम्पर्क ठेगाना:

सर्वोच्च अदालत
न्यायमा पहुँच आयोग
रामशाहपथ, काठमाडौं नेपाल ।

फोन नं. : ०१-४२००७५५, ०१-४२००७२९
ईमेल : a2jc@supremecourt.gov.np
वेभसाइट : www.supremecourt.gov.np

महिलाको पारिवारिक तथा सम्पत्तिसम्बन्धी अधिकारको जानकारी पुस्तिका

सर्वोच्च अदालत
न्यायमा पहुँच आयोग
रामशाहपथ, काठमाडौं
२०७६